लाहुरे पेन्सनको अनुत्पादक लगानी | सय वर्ष नाघेका ज्येष्ठ नागरिक

आइतबार • ७ माघ २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय साप्ताहिक

अदालतमा आमने सामने

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
OYSTER
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
झंडु बाम,
अब ROLL ON मा पनि
New Improved No.1
ZANDU
Balm
Fast Action
Fast Absorption
ZANDU
ZANDU
ROLL-ON
अब नयाँ झंडु रोल-अन
पनि बजारमा
उपलब्ध
छ
New Improved No.1
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
Balm
FAST ACTION
FAST ABSORPTION
अधिक दुखाईको लागि
सामान्य दुखाईको लागि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
ULTRA POWER
Balm
For Strong Headache, Bodyache & Cold

आवरण २४

१६ समाज
शताब्दी नाघेका जीवित सम्पदा

२० सरोकार
लाचार सरकार, जन्ड व्यवसायी

३२ वैदेशिक कमाइ
लाहुरेको आम्दानी ८० अर्ब, लगानी न्यून

४० ललितकला
चित्रमान्डू

५४ झल्याकझुलुक

४२ नागरिक उड्डयन
कहिले उड्ने, कहिले नउड्ने

बंगलादेशमा नेपाली १४
विमर्श : अच्युत वाग्ले २२

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ३० पुस २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

आखिर यस्तो कहिलेसम्म !

पहुँचको भरमा ढुकुटीमा हात

पहुँचवाल र सम्पत्तिवालले नै राज्यकोषमा मनपरी र बहमलुट मच्चाउन्जेल निमुखा जनताले लोककल्याणका नाममा छुट्याइएको आर्थिक सहयोग र औषधोपचारको रकम नपाउने निश्चित छ *(पहुँचका भरमा ढुकुटीमा हात, ३० पुस)*। केपी शर्मा ओली, रामवरण यादव, तुलसी गिरी, खुमबहादुर खड्का, गोविन्दराज जोशी, परमानन्द झा, सुजाता कोइराला, मोहम्मद आलम र भरतमोहन अधिकारीजस्ता व्यक्तिले सरकारी सुविधा र औषधोपचारका नाममा सरकारी ढुकुटीमा हात लामो पार्नु भनेको हदैसम्मको बेइमानी हो । पहुँच छ भनेर जे पनि गर्ने हो भने विधिको शासनको राग किन जप्नू ? आसेपासे र पहुँचवालले राहत र राज्यकोषको रकम कुम्ल्याउने हो भने किन चाहियो लोकतन्त्र ? विधिको शासनमा पनि निमुखा जनताले राहत नपाउने हो भने कहिले पाउने त ? भएजतिको जग्गाजमिन सिरिखुरी बेचबिखन गर्दा पनि औषधोपचार गर्न नसकेर मृत्युको सिकार भइरहेका जनताका सामु यस्ता राजनीतिकर्मी र पेसा-व्यवसायमा लागेका व्यक्तिले सहुलियत रकममा हात फैलाएको देख्दा लाजै लागेर आयो । यस्तो बेथिति रोक्न कडाभन्दा कडा कानुन बनाएर निश्चित आय र सम्पत्ति भएकालाई यस्तो सेवा-सुविधा दिन बन्देज नलगाएसम्म बेथिति अनि बहुमलुट रोकिनेवाला छैन ।

● **एलिसा भट्टराई**
गौशाला, काठमाडौं

– अझ पनि एक प्याकेट जीवनजल र सिटामोल नपाएर सयौं नागरिक मर्ने देश हो नेपाल । र, यही देशमा राज्यकोषको ढुकुटीबाट अर्बौं रकम हुनेखानेलाई बाँडिन्छ । कस्तो विडम्बना ! एकातिर लोकतन्त्र आयो, राज्यको स्रोतसाधनमा सबैको समान पहुँच हुन्छ भनेर हामी दंग पर्‍यौं । नेताहरूले हरक्षण यस्तै वाचा-कसम खान्छन् तर व्यवहारतः ठ्याक्कै उल्टो छ । जोसँग केही छैन, राज्यबाट फुटेको कौडी र साथ पाउँदैन । जोसँग सबथोक छ, उसले भने राज्यकोषमा रजाइ गरिरहेको हुन्छ, त्यो पनि सेटिङ मिलाएर । तर, यसमा दोष नेताको मात्र होइन, स्थायी सरकार मानिने कर्मचारीतन्त्रभित्रको फोहोरी खेल पनि उत्तिकै जिम्मेवार छ । लोककल्याणको विकृत प्रयोगबारे पूर्वअर्थसचिव रामेश्वर खनालको टिप्पणी दमदार लाग्यो ।

नेताहरूले त निर्देशन मात्र दिने हुन्, त्यसलाई कार्यान्वयन गरेर पैसा उपलब्ध गराउने खेलाडीचाहिँ कर्मचारी हुन् । कम्तीमा गलत काम भइरहँदा कर्मचारीले विरोध गर्ने आँट देखाउने हो भने यो कुसंस्कार धेरै हदसम्म कम हुन्थ्यो । कतिपय अवस्थामा उनीहरूको मिलेमतोसम्म देखिन्छ । निमुखा र गरिबको राज्यका निकायसम्म पहुँच हुन्न अनि जो शक्तिशाली छ, त्यसैले अनैतिक तवरबाट सार्वजजिक सम्पत्ति दोहन गरिरहेको छ । यसलाई हटाउन नागरिक स्तरबाट पनि पहल हुनैपर्छ तर मुख्य भूमिकाचाहिँ कर्मचारीतन्त्रले यस्ता प्रवृत्तिलाई साथ नदिने नै हो । नत्र त उही लुटको धन फुपुको श्राद्ध भन्ने कथन दोहोरिरहन्छ ।

● **सगुन चौलागाईं**
बनेपा, काभ्रे

निर्वाचन परिणाम नै बाधक

माओवादी केन्द्र र नेकपा एमालेबीच पार्टी एकीकरण नहुनुको मुख्य कारण निर्वाचन परिणाम नै देखियो *(अनिश्चयमा वाम सरकार, ३० पुस)*। किनभने, पद भागबन्डा र बाँडफाँट गर्दा निर्वाचनअघिको ६०/४० अनुसार गर्ने कि निर्वाचन परिणामपछिको ७०/३० अनुसार गर्ने भन्ने नै दुई पार्टीबीचमा मुख्य समस्या रहेको छ। पद बाँडफाँटको यो समस्या टुंगोमा पुऱ्याउनासाथ केपी शर्मा ओली प्रधानमन्त्री र पुष्पकमल दाहाल 'प्रचण्ड' एमाले अध्यक्षका रूपमा उदाउने निश्चित छ।

● **कपुर लामिछाने**
बाणगंगा, कपिलवस्तु

शिक्षा सेनानीको वास्तविक तस्बिर

मुलुकको शिक्षा क्षेत्रमै हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सक्ने खुबी भएका प्रख्यात शिक्षाविद् हुन्, सुरेशराज शर्मा *(शिक्षा सेनानी, ३० पुस)*। त्रिभुवन विश्वविद्यालयमा भन्डै २७ वर्ष बिताएका यी रसायनशास्त्रका अध्यापक जहाँ-जहाँ पुगेका छन्, आफ्नो गहिरो छाप छोड्न सफल देखिन्छन्। काठमाडौं विश्वविद्यालय त यिनको सुन्दर बगैंचा हो। जहाँ यिनले फुल्ने र सुवास छर्ने काम गरिरहेका छन्। काठमाडौं विश्वविद्यालयमा २१ वर्ष उपकुलपति भएका शर्माको वास्तविक तस्बिर व्यक्तिचित्रमा पढ्न पाइयो। क्याबात् शर्मा !

● **मिराकल तिवारी**
पुल्चोक, ललितपुर

दह्रो सुरक्षा नीतिको आवश्यकता

● **कृष्णकुमार तामाङ**
सुरक्षाविद् एवं पूर्वसशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक

शान्तिकामी नेपाली जनताको मनोकांक्षाले साकार रूप लिनै लाग्दा अप्रत्यासित र अप्रिय घटना हुनु दुर्भाग्यपूर्ण हो *(अबको राजनीति झन् जटिल, १६ पुस)*। मुलुकको दिगो विकास र समृद्धिमा अवरोध उत्पन्न हुने किसिमले यस किसिमका गतिविधि हुनु सुहाउने कुरा होइन। अझ यसभित्र लुकेको कुत्सित मनसाय त झन् डरलाग्दो छ। आमजनताको ऐक्यबद्धता एवं राष्ट्रप्रेम प्रदर्शन हुँदै गर्दा पर्दापछाडिका खलनायकको कर्तुत निष्प्रभावी हुनु जरुरी छ।

नेपाल र नेपालीको भविष्य निर्धारण गर्ने भावी पुस्ताका लागि मार्ग प्रशस्त गर्ने गणतन्त्रको महान् उपलब्धि तथा संघीयताको आधारशीला स्थापना गर्ने निर्वाचनको संवेदनशील घडीमा अवाञ्छित तत्त्वहरूप्रति राज्यबाट उम्मेदवार तथा मतदाताको जीउ-ज्यानको सुरक्षामा 'चलिहाल्छ' को अति आत्मविश्वासले धोका खाएको थियो। वास्तवमा

राज्य सञ्चालन प्रक्रिया जटिल र संवेदनशील रहेको विषय कसैबाट लुकेको छैन। राजनीतिक स्वार्थ र व्यक्तिगत लालसाले गृह मन्त्रालयको जिम्मेवारीसमेत प्रधानमन्त्री स्वयंले नचाहेर पनि आफैंमा निहित गर्नुपर्ने विवशता सार्वजनिक तथ्य हो।

दलगत निर्वाचनको प्रचार-प्रसारलगायत आफ्नो निर्वाचन क्षेत्रमा कस्तो तयारी र प्रगति भयो भन्नेतर्फ समय खर्चिनुभन्दा राष्ट्रको सिंगो शान्ति-सुरक्षाले प्राथमिकता नपाएजस्तो परिदृश्य देखा पऱ्यो। एक्लो प्रधानमन्त्री कति ठाउँमा पुग्ने, के गर्ने र के नगर्ने भन्ने अलमलमा पर्नुभन्दा 'चलिहाल्छ'को भरमा ढुक्क हुन पुगेको अवस्था राम्रो संकेत थिएन। सामाजिक सञ्जाल तथा आमनागरिकबाट आएका सुझाव र गुनासा, गृहमन्त्रीको पद रिक्ततजस्ता धेरै कुराले निर्वाचनमा असर गरेको थियो। यसरी कहींकतै हताहत हुँदाहुँदै निर्वाचन सम्पन्न भएकामा गृहमन्त्री पदको दरकारै नपर्ने भ्रान्ति कदाचित कसैमा नपलाओस्। उपद्रवी समूहबाट भए/गरेका विस्फोटका घटना गम्भीर प्रकृतिका थिए। तिनको क्रियाकलाप जसरी पनि विध्वंसात्मक गतिविधि गर्नु थियो, जसलाई सुरक्षाकर्मीको बाक्लो उपस्थितिले निस्तेज पारेको कसैबाट लुकेको छैन।

निर्वाचनपश्चात् राजनीतिमा देखिने समस्या र त्यस्तै अन्य क्लेशहरू शान्त भएर सेलाएर गए भन्ठान्नु आत्मरति हुनेछ। सरकारको गठन, समीकरण र परिवेशजस्तै होस्, राष्ट्रिय सुरक्षा नीति प्रभावकारी बनाइनु अनिवार्य छ। अन्यथा जुनै जोगी आए पनि काने चिरेका भन्ने उखान चरितार्थ हुनेछ।

विदेशबाट

घट्दै छ पुड्कोपन

वीरमाया तामाङकी चौथो सन्तान सानुमाया विसं ०७२ को भूकम्पपछि जन्मेकी थिइन् । काठमाडौंबाट ४० किलोमिटर दक्षिण पश्चिममा पर्ने सिस्नेरीमा तामाङ र उनका श्रीमान्ले आफ्नो परिवारको गुजारा मकै, कोदो र मुलाको खेतीबाट चलाइरहेका थिए । भूकम्पले विस्थापित भएपछि अस्थायी टहरामा सानुमाया जन्मिन् । सानुमाया सात महिना पुग्दा नियमित स्वास्थ्य जाँचका लागि स्थानीय स्वास्थ्य स्वयंसेविकाहरू उनको परिवारसम्म पुगेका थिए । त्यतिखेर जम्मा ४.४ किलो मात्र तौल भएकी उनमा कुपोषण देखियो । स्वयंसेविकाहरूले उनलाई पोषणयुक्त तयारी खाना मात्र दिएनन्, नियमित हेरविचार गरिरहे, दुई वर्षमा सानुमायाको तौल १०.४ किलो पुग्यो । समयमै निगरानी नपुगेको भए उनमा पुड्कोपनको समस्या देखिन सक्थ्यो ।

सानुमायाको कथा पछिल्ला दशकमा कुपोषणविरुद्धको सरकारी हस्तक्षेपको एउटा सफल उदाहरण हो । सरकारी आँकडा अनुसार पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपनको दर सन् '७० मा सबैभन्दा उच्च ७० प्रतिशतबाट सन् २०१६ मा ३६ प्रतिशतमा झरेको छ । विश्वभर यो दर सन् २०२५ भित्र १५ करोडबाट १० करोडमा झार्ने योजना छ । यसमा देखिएको उच्च प्रगतिका कारण सन् २०३० सम्म विश्वभरका बालबालिकाहरूलाई सबै खाले कुपोषणबाट मुक्त गराउने लक्ष्य छ । अमेरिकी अनलाइन *न्युज डिप्लीले* लेखेको छ, 'कुपोषणलाई स्वास्थ्यको दृष्टिबाट मात्र नहेरीकन नेपाल सरकारको ६ मन्त्रालयहरूको एकीकृत रणनीतिले यो सफलता दिएको हो ।' ◆

सुर-बेसुर

"मैले पहिलेदेखि भन्दै आएको थिएँ, संघीय व्यवस्था धेरै नै महँगो हुन्छ । यसलाई रोगको अचूक औषधिको निदान भनियो । संघीयतामा मुलुकलाई लैजाने प्रतिबद्धता भइसक्यो । तर, यो श्रेष्ठतम प्रणाली होइन, निकै कठिन प्रणाली हो । प्रतिबद्धता फिर्ता लिन पनि नमिल्ने अवस्था छ । थाम्न सक्ने संघीयता बनाउनु भनेको त्यो पनि भएन । संघीयतामा धेरै संरचना नबनाए हुन्छ । यसबारे धेरै नबोलौं, संघीयताविरोधी भन्छन् ।"

रामशरण महत
नेता, नेपाली कांग्रेस
देश सञ्चार

तस्बिरमा इतिहास

हुम्ला नाच : ३३ वर्षअघि परम्परागत नृत्य गर्दै हुम्ला, लिमताङका स्थानीय बासिन्दा ।

सोझै



सातका चर्चित

लक्ष्मीसुन्दर गाइजु
सामाजिक अभियन्ता

श्रीलंकाको 'नागरिक वीरता स्वर्णपदक' प्राप्त गरेकाले । विसं ०७२ मा नेपालमा आएको भूकम्पका कारण क्षतिग्रस्त घरले पुरिएका मानिसहरूको उद्धारमा बहादुरी देखाएकाले गाइजुलाई श्रीलंकाको 'नागरिक वीरता संस्था' ले उक्त पदक प्रदान गरेको हो । विश्वका विभिन्न देशमा बेलाबखत आइपर्ने विपत्को समयमा स्वयंसेवाको भावनाले उत्प्रेरित हुने असल नागरिकको सम्मान गर्ने परम्परा बसाउन पाँच वर्षदेखि उक्त पुरस्कार प्रदान गर्न थालिएको हो । भूकम्पले भत्काएका घरभित्र पुरिएका आठ परिवारका २४ जनाको उनले उद्धार गरेका थिए । तीमध्ये २१ जनाले अहिले दोस्रो जीवन पाएका छन् ।

‘ज्ञानेन्द्र आऊ, ठाउँ देखाऊ’

पुसको सिरेटोमा पनि 'एक्स किङ' ज्ञानेन्द्र शाहलाई राष्ट्रिय एकता मक्किँदै गएकामा चिन्ता लागेको थाहा पाइयो । होइन, यी पूर्वराजा देशमा भइरहेका घटनाक्रमबारे जानकार रहेनछन् क्या ! अहिले देश एकताबारे जति गम्भीर छ, त्यस्तो त महेन्द्रकालीन नेपालमा पनि थिएन ।

जस्तो : एमाले र माओवादीबीच एकताबारे उच्च तहको कुराकानी आदानप्रदान भइरहेको छ । एमाले मुखिया केपी ओलीले अब आधा महिनाभित्र एकताले सार्थकता पाउने बोलिसकेका छन् । पूर्वराजाको आर्थिक लगानी रहेको भनिएको कमल थापा नेतृत्वको राप्रपा पनि एकताबारे गम्भीर देखिएको छ । थापाले राप्रपासँग कट्टी गरेका पशुपतिशमशेर र प्रकाशचन्द्र लोहनीलाई एकताका लागि फुस्लाउन सुरु गरिसकेका छन् ।

थापाकाजीको मात्र के कुरा ! मधेसका दर्जनौं दलले एकता गरेर एकजुटको सन्देश दिएकोबारे पनि यी पूर्वराजा अनभिज्ञ रहेछन् । अझ कांग्रेसले पनि एकताको अभ्यास सुरु गरिसकेकोबारे पनि शाह जानकार रहेनछन् । जस्तो : आफ्नो गुटमा नरहेका विश्वप्रकाश शर्माले पार्टीभित्र गुटको अन्त्य मात्र गरेका छैनन्, एकताको दह्रो सन्देश पनि दिएका छन् । देश अहिले एकतामय छ ।

जताततै एकता नै एकताको प्रक्रिया चलिरहेको छ । टाढा किन जाने ? स्वयं शाह परिवारभित्र पनि छोरा पारस र बुहारी हिमानीबीच एकता प्रगाढ हुँदै गइरहेको समाचार आएको पनि धेरै भइसक्यो । यस्तो स्थितिमा पनि ज्ञानेन्द्र एकता मक्किँदै गएको मात्र देख्छन् । एकता चम्किएको देख्दैनन् । उनलाई चुनौती छ, 'ज्ञानेन्द्र आऊ, देशमा एकता नभएको ठाउँ देखाऊ ।'

■ वाटरगेट उपाध्याय

एक महान् व्यक्तिको आत्मालाप

हरे ! कस्तो मान्छेको फन्दामा परिएछ । मेडिकल कलेजको सम्बन्धन र सिट संख्याबारे उहिल्यै गरेको फैसला जम्मैले बिर्सिसकेका थिए । आज सबै पल्टिए । हुँदाहुँदा निर्मम नियतिका कारण पटक–पटक विवाह गर्न बाध्य भएको मेरो पीडा पनि अहिले हाँसोको विषय बन्यो । मानवीयताको मूल्य पनि हरायो दैव ! तीन–तीनवटी श्रीमतीको मृत्युमा यस्तो हाँसो हुँदा पत्नीहरूको मृतात्माले समेत सराप्यो होला । जुगौंअघि शैक्षिक प्रमाणपत्रमा जन्ममिति सच्याएको पनि आजैको जस्तो गरी उचालियो । हिजोसम्म भ्रष्टाचारी, दुराचारी भनेको मात्रै सुनेको थिएँ । आज त आफ्नै आँगनमा आएर औंलो ताकेर भ्रष्ट भन्छ । बल्लबल्ल मानिसले मेरो विगत बिर्सिएका थिए, यसलाई पक्रिएपछि सबै छताछुल्ल भयो । अब जेल हालौं, उतै अनशन बस्छु भन्छ । बाहिर पनि अनशन नै बस्ने हो । जे गरे नि सुख नहुने । हे भगवान् ! यो भालुको कम्पटलाई कुन दिनमा पक्रन गइएछ !

■ लुकुवा बाजे

बहुविकल्प चाहियो

कमरेड प्रचण्डले ओली कमरेडलाई प्रधानमन्त्री र पार्टी अध्यक्षमध्ये कुनै एक रोज्ने विकल्प दिएछन् । बहुमत प्राप्त पार्टीका लोकप्रिय नेताका लागि बहुविकल्प हुनुपर्दैन ? औपचारिक बैठक बस्नुअघि कानेखुसीमा प्रचण्डलाई भर्जिन ब्वाय भन्न चाहन्छ– चुनाव चरणबद्ध गर्न मिल्ने, विकल्पचाहिँ एकपटकमा एउटा मात्र रोज्ने पनि कहीं हुन्छ ?

कम्तीमा दुई चरणीय विकल्प दिनूस् । पहिलो चरण : १. प्रधानमन्त्री, २. उपप्रधानमन्त्री, ३. दुवै होइन । दोस्रो चरण : १. पार्टी अध्यक्ष, २. सहअध्यक्ष, ३. दुवै होइन । जनमतप्राप्त पहिलो पार्टी–प्रमुख ओली कमरेडले निःसन्देह एक नम्बरी विकल्पमा रेजा लाउनुहुन्छ ।

■ भर्जिन ब्वाय

जाडो भगाउने आइडिया

जाडोले देशैभर जनजीवन कष्टकर भएको तथा नागरिकको ज्यानै गएको खबरप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । राहतमा सरकारले बेवास्ता एवं ढिलासुस्ती गरेको आरोपतिर त अझ गम्भीर ध्यानाकर्षण भएको छ । त्यस्ता आधारहीन लाञ्छना लगाउनेहरूलाई मेरो सुझाव छ, आफ्नो आङ तताउने साधन र उपाय यहाँहरूकै आसपास छन्, बेकार सरकार किन गुहार्नू ?

भो, चाहिएन नयाँ

भत्केका संरचना पुरानै शैलीमा पुनःनिर्माण गर्ने अभियान चलेको छ, देशमा । यो सराहनीय छ । तर, भौतिक संरचना मात्रै पुरानो शैलीमा निर्माण गरेर हाम्रो सम्पदाको संरक्षण हुने छैन । हाम्रा आनीबानी, व्यवहार पनि हाम्रा सम्पत्ति हुन् । शासन-प्रशासनको शैली संसारमै उदाहरणीय छन् । त्यसैले ती सबै पुरानै तरिकाले चलाऔं । नयाँ निर्वाचन गरौं, सरकार पुरानैबाट चलाऔं । कागजमा संघीयता कोरौं, शासन पुरानै संरचनामा चलाऔं । अधिकार स्थानीय सरकारलाई दिऔं, काम पुरानै कर्मचारीतन्त्रबाट चलाऔं । भाइ-भारदारलाई पोस्ने चलन जोगाई जहाँनियाँ शैली पुनःस्थापित गरौं । उस्तै परे प्रधानमन्त्री कार्यालय नै पुरातत्त्व विभागलाई जिम्मा लगाऔं । र, देशै पुरानो शैलीमा काम चलाऔं । भो, चाहिएन नयाँ नेपाल !

■ **रुन्चे राईंलो**

अघिपछि झिनामसिना कारणहरू देखाएर बन्द-हड्ताल गरिन्छन्, टायर बालिन्छन्, पुतला दहन गरिन्छन्, सवारी साधन जलाइन्छन् । यस्ता कुरा अहिले किन याद नभएको होला ? यसो चोक-चोकमा टायर बाल्नु, ताप्नु, गफगाफ गर्नु । फेरि देशमा खत्राखत्रा राजनीतिक घटनाक्रम चलिरहेका छन्, चोरलाई चौतारो साधुलाई शूली शीर्षकमा रगत उम्लने खबरहरू छापिइरहेको छन् । तिनलाई पढ्नु, दोहोर्‍याइ तेहर्‍याइ पढ्नु, ज्यानको रगत उमाल्नु । अनि, नाथे शीतलहरले छुने हिम्मत गर्छ ? खै बुझेको ? घरेलु उपाय तथा स्रोतसाधनको सही समयमा प्रयोग गर्न किन बिर्सेको ?

■ **छुल्याहा गुरु**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

दरिद्रलाई दान

जाँदो सरकारले राष्ट्रिय ढुकुटीबाट आफ्ना दीनदुःखी कार्यकर्तालाई आर्थिक सहायता बाँडेकामा केही मान्छेले मसिनु स्वरमा असन्तुष्टि जनाएको सुनियो । खासमा यो असन्तुष्टि जनाउने होइन, बरू खुसी मनाउने विषय हो । पहिला-पहिलाका सरकारहरूले जस्तै वर्तमान सरकारले पनि जाँदाजाँदै आफ्ना गरिब कार्यकर्ताको गरिबी निवारणका लागि हृदय खोलेको कुरालाई विरोध गर्नु मूर्खताबाहेक केही होइन ।

छोटो आयु भएकाले गरिबी निवारणका लागि आर्थिक रूपले विपन्न सर्वसाधारणको तथ्यांक खोज्ने समय सरकारसँग छैन । त्यसैले हाललाई प्रधानमन्त्री, मन्त्री, नेताज्यू र आर्थिक सहायता बाँड्ने डाडुपुन्यु हातमा भएका भान्सेहरूले आ-आफ्ना वरिपरिका गरिब, दुःखी, मगन्ते, रुन्चे, नांगा, भोका कार्यकर्तालाई लाखौंदेखि करोडौंसम्म आर्थिक सहायता बाँडेर केही मात्रामा भए पनि मुलुकबाट गरिबी उन्मूलन गर्न लागेका हुन् । यसलाई नकारात्मक रूपमा लिनु जरुरी छैन ।

रोचक र दुःखद कुरा त के छ भने सबैभन्दा धेरै गरिबी प्रधानमन्त्री शेरबहादुरजीको जिल्ला डडेलधुरा र आसपासमा रहेछ । त्यस्तो गरिबीको अवस्थामा पनि आफूलाई पटकैपिच्छे चुनाव जिताइदिएर आफ्नो इज्जत जोगाइदिएको खुसीयालीमा प्रधानमन्त्रीले आफ्नो क्षेत्रका केही हरितन्नम कार्यकर्ताका लागि राष्ट्रिय ढुकुटीको ढोका खोलेका हुन् । वर्तमान प्रधानमन्त्रीले सबै पूर्वप्रधानमन्त्रीहरूले जस्तै आफ्नो अधिकार प्रयोग गरेका हुन् । हामीले बुझ्नुपर्छ, प्रधानमन्त्रीकै क्षेत्रका कार्यकर्ता गरिब भए भने देशले कसरी समृद्धि प्राप्त गर्छ ?



आलोचकहरूले भनेजस्तो जाँदो सरकारले हतारपतार गरेर ढुकुटी सिध्याउन जो पायो उसैलाई यो रकम बाँडेको होइन । त्यस्तो पैसा सत्ताधारीहरूको निरन्तर परिक्रमा गरिरहने गरिबलाई मात्रै दान गर्ने गरिएको छ । जसको आफ्नै निजी सवारी साधन छैन, जसको काठमाडौंमा एउटाभन्दा बढी घर छैन, जसले दिल्ली, थाइल्यान्ड, सिंगापुर वा अमेरिकासम्म पुगेर आफ्नो वा परिवारका सदस्यको उपचार गर्न नसकेर दुःख पाएको छ, जसलाई जग्गा किनबेचको व्यवसाय गर्दा ऋण लागेको छ, ठेक्कापट्टामा नोक्सान भएको छ, चुनाव लड्दा खर्च भएको छ, बैंकको ब्याज तिर्न गाह्रो परेको छ, जो कुनै बेला पदमा हुँदा ठूलठूला भ्रष्टाचारमा परेर धरौटी र जरिवानाहरू बुझाएर गरिब भएको छ, त्यस्ता दरिद्रलाई क्षतिपूर्तिबापत सरकारले दान रकम उपलब्ध गराएको हो ।

राष्ट्रिय ढुकुटीबाट बाँडिने दान, चन्दा वा पुरस्कार आर्थिकभन्दा पनि मानसिक रूपले जति बढी दरिद्र देखिन्छ, उसलाई उति नै बढी दिइएको छ । सरकारी ढुकुटीको दुरुपयोग नहोस् भनेर जाबो पाँच-दस हजारको खाँचो पर्ने निम्नकोटिका सर्वसाधारणलाई यस्तो सहायता रकम बाँडिएको छैन । तिनीहरूलाई त सबै राजनीतिक दलहरूले निर्वाचनका घोषणपत्रहरूमा समेटिसकेकै छन् । त्यसैले साँच्चिकै गरिबले सहायता पाएनन् भनेर आक्रोश पोख्नु व्यर्थ छ ।

राष्ट्रिय ढुकुटीबाट दान लिने पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वसभामुख, पूर्वभ्रष्टाचारी, पूर्वमहापञ्च आदि इत्यादि दुःखी प्राणीहरूको नामावली प्रकाशन गरेर दाह्रा किट्नु भनेको आफ्नै दाह्रा दुखाउनु मात्र हो । किनभने, यो कानुनै बनाएर सबैले पालैपालो बाँडी खान खडा गरिएको कोष हो । प्रतिस्पर्धात्मक रूपमा सकेसम्म सबैले खाने भएकाले यो न्यायिक र सन्तुलित वितरण प्रणाली पनि हो । त्यसैले मुलुकका सुकिला-मुकिला दरिद्रीहरूले मिलीजुली बाँडी खानेकुरा भएकाले सरकारले वितरण गर्ने दान-दातव्यको आलोचना गर्नुभन्दा आफूले पनि पाउने कोसिस गर्नु बुद्धिमानी हुनेछ । बरू, लाइनमा पो बसिहाल्ने हो कि !

kathmandupost.ekantipur.com
HUMAN RESOURCE
MANAGEMENT
KMG
KANTIPUR MEDIA GROUP
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
It takes exceptional talent to see the potential of others. But, is it nature or nurture? What factors are to be considered before employing someone?
Find all you need to know about Human Resource Management.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

रत्नशमशेर थापा ॥



मन्त्री निवासमा नोकझोंक

राजनीतिक दलका नेताहरू आममानिसलाई गुमराहमा पार्न ज्यादै खप्पिस हुँदा रहेछन् । सामान्य अवसर र लाभका कुनै पद दिनुपर्‍यो भने उनीहरू दल निकटका व्यक्तिबाहेकलाई हेर्दै हेर्दैनन् । तर, मुखले भने 'योग्य र सक्षम व्यक्तिलाई अवसर दिने कुरामा कन्ज्युस्याइँ गर्नु हुँदैन' भनेर बोलेर थाक्दैनन् । योग्य भए पनि कुनै दल र दल निकटको व्यक्तिसँग नजिक भएन भने त्यसले अवसर तथा लाभको पद कमै पाउँदो रहेछ ।

विसं २०२८ को कुरा हो । ज्ञानेन्द्रबहादुर कार्कीले शिक्षामन्त्रीका साथै भूमिसुधार, कृषि तथा खाद्यमन्त्रीको पनि जिम्मेवारी निर्वाह गरिरहेका थिए । उनैको विशेष निम्तो पाएर राजधानीमा उपलब्ध हामी केही कवि, कलाकार र संगीत क्षेत्रका व्यक्ति मन्त्री निवास पुल्चोक पुगेका थियौं ।

कवि/कलाकारसँग भलाकुसारी गरौं र आफ्ना केही कुरा राखौं भनेर उनले हामीलाई आमन्त्रण गरेका रहेछन् । पुस महिनाजस्तो लाग्छ । दिउँसो यस्तै २ बजे हामी उनको निवासमा पुग्यौं । पुष्कर लोहनी, भीमनिधि तिवारी, उपेन्द्र श्रेष्ठलगायतका झन्डै १०-१२ जना कवि/कलाकार थियौं । मन्त्री कार्कीले विषयवस्तुमा प्रवेश गर्नुपूर्व आमन्त्रित व्यक्तिलाई चिया-खाजाको प्रस्ताव गरे । एउटा थर्मसमा चिया र अर्को थर्मसमा ममचा (म:म) ल्याइएको थियो । जाडो महिना ! सबैले खुबै मीठो मानेर खाजा खायौं । मन्त्री कार्की विषयवस्तुमा प्रवेश गर्ने लागेका थिए, पुष्कर लोहनीले खाजाका रूपमा खाएको म:मका बारेमा कुरा निकाल्यो । उसले भीमनिधि तिवारीलाई 'कविजी ! यो त राँगाको मासुको म:म हो ! तपाईंले पनि खाइदिनुभयो ?' भन्यो । कविजीको होसहवास नै उड्यो । आत्तिँदै मनिर आएर 'के हो रत्नजी ! हामीले खाएको त राँगोको म:म भन्छ त पुष्कर ! साँच्चै हो र ?' भनेर सोधे । मैले भनें, 'हेर्नूस् कविजी ! राँगाको म:म त म पनि खान्नँ । तर, यहाँ दुई-चार डल्ला त मैले पनि खाइसकें । ठूलाबडाको घर, ठूला कवि/साहित्यकारको जमघट तसर्थ सत्कार पनि ठूलै खसीबाट गरेका होलान् !' मेरो कुरा सकिन पाएकै थिएन, त्यहाँ खुब हाँसो भयो । कविजी पनि मुस्कुराए ।



त्यसपछि मन्त्री कार्कीले आफ्ना कुरा राख्न थाले । दार्जीलिङ/आसाममतिर कवि/कलाकारलाई घुम्न पठाउने र त्यहाँको कला-संस्कृतिका साथै साहित्यिक महत्त्व आदान-प्रदान गर्ने हेतुले हामी केही व्यक्तिलाई त्यसतर्फ पठाउने आफ्नो सोच भएको कुरा उनले गरे । यत्तिकैमा उनले 'अहिले मलाई तुरुन्तै जर्मनी जानुपर्ने भएकाले यस कामलाई तुरुन्त कार्यान्वयन गर्न सकिनँ, पछि यहाँहरूलाई त्यो अवसर अवश्य जुटाउनेछु' भनेर आफ्नो भनाइ टुंग्याए । मलाई झनक्क रिस उठ्यो । मैले भनें, 'मन्त्रीज्यू ! तपाईंले भन्नुभएको कुरामा मलाई विश्वास लागेन ।' उपस्थित कवि/कलाकार मेरो कुराले स्तब्ध भए । यत्तिकैमा मन्त्रीले प्रतिप्रश्न गरे, 'तपाईंलाई मेरो के कुरामा विश्वास लागेन ?' मैले भनें, 'सित्तैँमा आएका कोटामा त विदेश नपठाउने तपाईंहरूले श्री ५ को सरकारले खर्च बेहोर्ने गरी हामीलाई दार्जीलिङ/आसाम घुम्न पठाउनुहोला भनेर कसरी विश्वास गर्ने ?'

त्यतिबेला रुस र चीनबाट कला र संस्कृतिको आदान-प्रदान गर्ने भनेर ती देशको भ्रमणका निम्ति खुबै निमन्त्रणा पठाइन्थ्यो । त्यस्ता कोटामा हाम्रा मन्त्री र सरोकारवाला निकायका व्यक्ति पञ्चायत नजिक र मन्त्रीका आसेपासेहरूलाई त्यता पठाउने काम गर्थे । मैले त्यही कुरा उठाउँदै हामी साहित्य र कला क्षेत्रका मानिसहरूलाई यसअघि आएका कुनै पनि 'कल्चरल डेलिगेसन'मा विदेश पठाउने काम भएको छैन तसर्थ अब पनि होला भनेर विश्वास गर्ने आधार नभएको कुरा दोहोर्‍याएँ । मेरा कुनै पनि प्रश्नको जवाफ नदिएपछि म अलिक आवेशमा आएर 'संस्कृति भनेको के हो ? नृत्य मात्रै संस्कृति हो र ?' भन्दै अलिक चर्को स्वरमा भनें, 'तपाईंहरू पदमा बसेर देश सेवा गर्नुहुन्छ, हामी पदमै नबसेर पनि देश सेवा गरिरहेका छौं ।' यति भन्न मात्र के पाएको थिएँ, भीमनिधि तिवारीले 'हेरौं, जर्मनीको भ्रमणबाट फर्केर आएपछि के गर्नुहुँदो रहेछ, त्यतिन्जेल आश गरौं !' भनेर मलाई रोक्न खोज्नुभयो । त्यत्तिकैमा मैले थपें, 'हामीकहाँ त एउटा सोर्स र अर्को फोर्स भएपछि मात्र कोर्स बन्छ । अहिलेसम्म उहाँहरूले गरेको यत्ति हो ।'

यसरी जुन उत्साह र उमंग लिएर हामी त्यहाँ भेला भएका थियौं, मन्त्रीसँगको त्यो नोकझोंकले जमघट अलिक खल्लो बनायो । त्यसपछि साँझ नपर्दै हामी त्यहाँबाट फर्कियौं ।

मन्त्री कार्की जर्मनीको साताव्यापी भ्रमण गरी फर्किए । तर, हामी कवि/कलाकारलाई दार्जीलिङ/आसाम पठाउने भन्ने उनको वचन भने वचनमै सीमित रह्यो । उनको निमन्त्रणा आउला र दार्जीलिङ/आसाम घुमेर त्यहाँको कला-संस्कृतिबारे ज्ञान हासिल गरौंला भन्ने कवि/कलाकार आशैआशमा रहे । उनको कार्यकालमा त्यस्तो आश कहिल्यै पूरा भएन ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

तस्बिर : पर्वत पोर्तेल

ढाकास्थित नेपाली दूतावासमा कार्यरत रीया क्षत्री

प्रवास

नेपालीको 'अमार सोनार बांग्ला'

बंगलादेशमा एक लाख नेपाली

पर्वत पोर्तेल/ढाका (बंगलादेश)

बंगलादेशको राजधानी ढाकास्थित बारीधारामा कार्यरत एक कर्मचारी बंगाली लबजमा कनिकुथी नेपाली बोल्दै थिइन्। "तपाईं नेपाली ?" गर्वका साथ उनको जवाफ आयो, "नो आई एम अ बांग्लादेशी ।" पछि थाहा भो कनिकुथी नेपाली बोल्ने ती युवती नेपाली मूलकी बंगलादेशी रीया क्षत्री, २७, रहिछिन् ।

उनीहरू आफूलाई बंगलादेशी भन्नुमा र 'अमार सोनार बांग्ला' भन्दै राष्ट्रगान गाउन गर्व गर्छन् । विगत पाँच वर्षदेखि बंगलादेशको नेपाली दूतावासमा कार्यरत छिन्, रीया । उनी राजदूत चोपलाल भुसालकी निजी सचिव हुन् । रीयाले नेपाली बोल्न सिकेकै राजदूतावासको जागिरे भएपछि हो । "नेपाली दूतावासमा आएपछि नै मैले नेपाली बोल्न सिकेकी हुँ," रीयाले सुनाइन्, "पाँच वर्षमा बल्ल अलिअलि बोल्छु, बोलेको बुझ्न थालेकी छु ।" रीया उत्तरी बंगलादेशको पार्वतीपुरमा जन्मिएकी हुन् । उनको मूल बसोवास अहिले पनि त्यहीँ छ । जागिरका कारण अहिले ढाका बस्छिन् । पार्वतीपुरमा केही घर नेपाली मूलका बंगलादेशीको छ ।

दूतावासमा अर्का पनि नेपाली छन् शमशेर थापा, जो विगत १५ वर्षदेखि दूतावासको सवारी चालक हुन् । शमशेरको पुर्ख्यौली घर पाल्पाको तानसेन हो । तर, उनी त्यहाँ कहिल्यै पुग्न पाएका छैनन् । दूतावासमा प्रायः बंगलादेशी र भारतीय कर्मचारी छन् । नेपाली मूलका कर्मचारी रीया र शमशेर मात्रै हुन् । करिब १७ करोड जनसंख्या रहेको बंगलादेशमा २५ प्रतिशत हिन्दु रहेको अनुमान छ । त्यसमा नेपाली मूलका बंगलादेशी पनि पर्छन् । मुस्लिम बहुल बंगलादेशमा रीया र शमशेरजस्तै नेपालीहरूको चौथो पुस्ता चलिरहेको छ । नेपाली मूलका बंगलादेशीको जनसंख्या कति होला भन्ने यकिन तथ्यांक ढाकास्थित नेपाली दूतावाससँग पनि छैन । करिब एक लाख हाराहारीमा नेपाली मूलका मान्छेहरू हुन सक्ने दूतावासको अनुमान मात्रै हो ।

खासगरी चितागोङ नजिकको पहाडी इलाका रांगामाटी, राजधानी ढाकाको नखलापाढा, सिलेट, पाब्नालगायत क्षेत्रमा नेपाली मूलको बढी बसोवास छ । "रांगामाटी क्षेत्रमा नेपाली मूलका २ सय परिवार छन् भन्ने सुनेको छु," बंगलादेशस्थित नेपाली राजदूतावासका नियोग उपप्रमुख धनकुमार ओली भन्छन्, "नेपाली मूलका बंगलादेशीहरू यहाँका विभिन्न सहर र ग्रामीण क्षेत्रमा छरिएर बसेको पाइन्छ, अलग्गै क्लस्टरमा छैनन् ।"

नेपालबारे बेखबर

रीयाले आफ्ना पिता-पुर्खा नेपालका हुन् भन्ने कथा सुने पनि नेपालबारे उनी बेखबर छिन् । दूतावासका नियोग उपप्रमुख ओलीका अनुसार दोस्रो विश्वयुद्धताका आएका नेपालीका पुस्ता अहिले बंगलादेशमा छन् । कतिपय सैनिकको रूपमा आएको पाइन्छ । अधिकांशचाहिँ सस्तो श्रमका लागि आएका भेटिन्छन् ।

रीयाका हजुरबुबा सात महिनाको काखे बालक च्यापेर काभ्रेको बनेपाबाट कामका सिलसिलामा भारत पुगेका थिए, जतिबेला भारतमा ब्रिटिस साम्राज्य थियो । इस्ट इन्डिया कम्पनीको राजधानी कोलकातामा काम गर्थे उनी । अहिले बंगलादेशमा रहेका धेरैजसो नेपाली कालान्तरमा भारत, पाकिस्तान हुँदै बंगलादेश प्रवेश गरेका हुन् ।

सन् १९४७ पछि जब भारत स्वतन्त्र भयो, भारतबाट अलग्गिएर पाकिस्तान बन्यो । हालको बंगलादेश तत्कालीन पूर्वी पाकिस्तान थियो । सन् १९७१ मा पाकिस्तानबाट अलग भएपछि रीयाको पुस्ता निरन्तर बंगलादेशमा छन् । उनका पिता कृष्णबहादुर भुसाल क्षत्रीले बंगलादेश क्रान्तिको दुई वर्षपछि नेपाली मूलकै दुर्गादेवी अधिकारीसँग बिहे गरेका थिए । "पहिला भारत, पछि पूर्वी पाकिस्तान र अहिले बंगलादेश बन्यो," बंगलादेशको पाब्ना जिल्लामा बसोवास गर्ने शमशेर थापा भन्छन्, "अब त हामीले नेपाल जाने रुट नै बिर्सिसक्यौं ।" बंगलादेशका नेपालीहरूबीच त्यो बेलादेखि नै आफ्नै समुदायबीच मात्रै बिहेबारी गर्ने चलन थियो । तर, पछिल्लो समय भने नेपालीहरूले रैथाने बंगलादेशीसँग पनि सम्बन्ध जोड्न थालेका छन् । जसका कारण नेपाली भाषा क्रमशः बिर्सिंदै गएका छन् । "बंगलादेशमा नेपाली भाषा बोल्ने चलन छैन," रीया भन्छिन्, "सबैले बिर्सिसके ।" दसैं, तिहार, तीज, आमाको मुख हेर्ने पर्वहरू चाडका रूपमा मनाउने चलन पनि क्रमशः कम हुँदै आएको छ ।

पेसा : मजदुरीदेखि चौकीदारी

बंगलादेशका नेपालीहरूको नाम ठूला व्यापारी, उद्योगपति वा प्रतिष्ठित व्यक्तिका रूपमा चर्चित छैन । उनीहरूको मुख्य पेसा मजदुरी या त चौकीदारी नै हो । धेरै गाडी चालक पनि छन् । उद्योगधन्दामा काम गर्ने श्रमिकको संख्या ज्यादा छ । महिलाहरू श्रमिकका रूपमा र पुरुषहरू चालक र चौकीदारका रूपमा कार्यरत छन् ।

पछिल्लो पुस्ताले भने अलि सम्मानित पेसा अपनाएको छ । पछिल्लो पुस्ता शिक्षामा पनि अगाडि छ । उनीहरूले सरकारी कार्यालयदेखि ठूलठूला कर्पोरेट हाउसमा रोजगारी पाएका छन्, जसले नेपाली मूलका बंगलादेशीको जीवनस्तर उकासेको छ ।

पिता-पुर्खाले अपनाएको पेसालाई पछिल्लो पुस्ताले भने निरन्तरता दिएको छैन । रीयाको पुस्ताले पनि बुबाको पेसालाई अपनाएको छैन । भन्छिन्, "बुबाको पुस्ताका नेपालीहरू सबै चौकीदारीमा थिए । हाम्रो पुस्ता पढेलेखेको छ, सबै जागिरे छन् ।" ◆

KMG
FIRE SIDE
WITH
BHUSAN DAHAL
EVERY MONDAY
9 PM
ONLY ON
KANTIPUR
KANTIPUR
कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा
DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store
/KANTIPURTELEVISIONNETWORK
WWW.KANTIPURTV.COM

जीवित धरोहर

एक सय वर्ष नाघेका ज्येष्ठ नागरिकका जीवन कथा

गोकर्ण गौतम/काठमाडौं
वेदराज पौडेल/इटहरी

खोटाङ जिल्ला पऱ्यो, पाथेका गाविस, वडा नम्बर एकै भयो ।
नाम लक्ष्मीप्रसाद, थर गिरी, उमेर सय वर्षमाथि भयो ।

चिल्लो गाला । खाइलाग्दो ज्यान । चहकिला आँखा । घाँटीमा रुद्राक्ष माला । कम्मरमा पटुका । त्यहीँ उनको खुकुरी । यस्तै हुलियामा थिए, लक्ष्मीप्रसाद गिरी । रिपोर्टिङका लागि बूढानीलकण्ठ-१०, एकता टोलस्थित उनको निवास पुग्नुअघि लागेको थियो, कुराकानी गर्न निकै सास्ती हुनेछ, आखिर १ सय २ वर्ष पुगेका वृद्ध न परे । तर, कुराकानीको सुरुआतमै माथि उल्लिखित श्लोक सुनाएर गिरीले आफ्नो परिचय दिए, वडो रसिक शैलीमा । पुराना स्मृतिहरूलाई पल्टाउन खोज्दा अझ पुलकित देखिए । जोश कुनै तन्नेरीको भन्दा कम नलाग्ने । उस्तै ऊर्जावान । मुस्कुराइरहनु पर्ने । वजनदार आवाज । एक जुग बितिसक्दा पनि नरित्तिएको उत्साह र उमंग । आफ्नो जीवनका उकाली-ओराली सुनाउन उत्तिकै उत्सुक ।

घुस्की-७, सुनसरीका सौखीलाल मलाहा दास १ सय ५ वर्ष पुगे । तर, सेतै फुलेको कपाल कालो हुन थालेको छ । झरेका सबै दाँत फेरि पलाइरहेका छन् । ४० वर्षभन्दा बढी लगाएको चस्मा फालिदिए । अहिले चस्माबिनै अक्षर पढ्न सक्छन् । न सुत्नलाई कुनै समस्या छ, न हिँडडुल गर्न । अनि, किन नलागोस् त, दासलाई दोस्रो जुनी लिएझैं । हालसालै उनको जन्मोत्सवका अवसरमा सात दिने भागवत पुराण र २४ घन्टे अष्टजाम लगाइयो । उमेरजन्य हिसाबले शरीरमा देखिने सामान्य समस्याबाहेक स्वस्थ र तन्दुरुस्त छन् । बरू, ज्यान अझ फुर्तिलो हुन थालेको आभास हुन्छ ।

१ सय ७ वर्ष बिताएका काठमाडौं, टोखाकी पूर्णाकुमारी पाँडे र मोरङ, केराबारीका अडिमर्दन थापा अनि १ सय २ वर्ष पुगेका हेटौंडा उपमहानगरपालिका-१६, गौरीटारका बेनिराम पोखरेलको सक्रियता पनि गिरी र दासभन्दा कम्तीको छैन । नेपालीको सरदर आयु ७० वर्ष भए पनि गिरीहरू यस्ता 'भाग्यमानी' पनि हुन्, जसले जीवनका गौरवशाली एक शताब्दी बिताए । तैपनि, न मनबाट उमंग हरण भएको छ, न शारीरिक दुर्बलता नै । बरू, सकारात्मक सोच र व्यवहार अझ प्रगाढ हुँदै गएको छ । कुनै भौतिक निर्माण एक सय वर्ष पुगेपछि स्वतः सम्पदा मानिन्छ । अनि, मान्छेचाहिँ सय वर्ष पार गरेपछि के हुन्छ नि ? निःसन्देह जीवित सम्पदा । जो अनुभव र भोगाइका खानी बनेका छन् । समाज, संस्कृति र राजनीतिक घटनाक्रमका अनेक आयामको साक्षी बसेका छन् । यी जीवित सम्पदाहरूको जीवनकथा रोचक मात्र छैन, उत्तिकै प्रेरणादायी पनि छ ।

रोगमुक्त जीवन

अचेल अधिकांश नवजात शिशुले पहिलो रात घरमा बिताउन पाउँदैनन्, अस्पतालमा जन्मिछन् । लक्ष्मीप्रसाद गिरी १ सय २ वर्ष पुगे तर अहिलेसम्म एक रात अस्पताल बस्नुपरेको छैन । त्यति मात्र होइन,

तस्बिर : भास्कर ओझा

लक्ष्मीप्रसाद गिरी
उमेर : १०२ वर्ष

तस्बिर : वेदराज पौडेल

अडिमर्दन थापा
उमेर : १०७ वर्ष

पुस दोस्रो साता उनको सिंगो शरीरको स्वास्थ्य परीक्षण (होल बडी चेकअप) गरियो तर कहीं कतै समस्या देखा परेन । चमत्कार भएन र ? यसको राज के होला ? गिरी मुस्कुराए, "बच्चैदेखि धेरै दहीदूध खाइयो । सकिन्जेल काम गरियो । कहिले कसैको कुभलो गरिएन । रिस उठ्दैन । त्यही भएर त होला, यति लामो आयु पाएको ।" यत्ति भनेपछि सकेसम्म पुराना यादहरू सम्झन खोजे उनले । र, ती पानाहरू पल्टाउँदै खोटाङको पाथेका पुगे, जहाँ उनी जन्मिएका थिए, १५ असार १९७३ मा । बुबा प्रताप गिरी र रुक्मिणीको कोखबाट ।

बुबा गाउँको मुखिया थिए । शानसौकत बेग्लै । तैपनि, वस्तुभाउ नपाली, खेतीकिसानी नगरी धरै थिएन । गिरीको पहिलो सम्झना नै खर्कमा गाईभैंसी चराएको रहेछ । एकसाथ २५ वटा गाईभैंसी लैनो हुन्थे । दूध बेच्यो भने पाप लाग्छ भन्ने जमाना थियो त्यो । सित्तैंमा अर्कालाई दिन पाए धर्म । एक टिन (करिब १८ किलो) घिउलाई १२ रुपियाँ पर्थ्यो । रुप्पे धार्नी खसीको मासु । उनको विवाहको प्रसंग अझ अचम्मलाग्दो छ । जम्मा ६ वर्ष ४ महिनाका थिए, दुलहा बन्दा । दुलही नन्दकुमारी पुरीचाहिँ उनीभन्दा अढाई वर्ष जेठी । ती दिनहरू सम्झँदा अझ उनको मुहारमा मुस्कान नाच्छ । थोरै लजाउँदै भने, "बिहे भनेको के हो, थाहै थिएन । डोलीमा चढ्न डराउँथें । त्यही भएर बोकेरै दुलहीको घरसम्म लगियो ।" सातवटी कुमारीलाई सिंगारिएको थियो । ३० जना कलाकार थिए, बाजा बजाउन । जन्ती नै चार सयजति, वल्लो-पल्लो गाउँ पूरै उर्लिएको थियो, आखिर मुखियाको एउटै छोराको बिहे न पऱ्यो ।

बिहेपछि नै हो, गिरीले अक्षर चिनेको । स्कुल त कहाँ हुनु र ? घरमै सिके साँवा अक्षर । मकैको खोया डढाएर फलेकामा पोतिन्थ्यो, त्यही पाटीमा खरीले लेख्नुपर्थ्यो । राणाविरुद्धमा लाग्यो भने पाता फर्काइन्छ भनेर कोही चुइक्क मुख खोल्दैनथे । राणा शासनको पतन भएर प्रजातन्त्रको आगमन हुँदा गिरी गाउँमै थिए । काठमाडौंतिरको आन्दोलन पत्तै पाएनन् । पहिलो पटक गाडी चढेकै ००८ मा रहेछ, भारतको आसाम जाँदा । त्यहाँ केही महिना बिताएपछि फेरि खोटाङ फर्किए । ०६० मा जेठो छोरोको घर झापा आए । केही दिन बसेर फर्कने योजना थियो । तर, अझसम्म त्यो दिन आएको छैन । गिरीलाई दुःखी तुल्याउने एउटै कारण हो यो, झापा झरेपछि कहिल्यै जन्मघर फर्कन पाएनन् । अब त आश पनि छैन । यी कुरा गरिरहँदा उनका आँखा रसाइसकेका थिए ।

अचेल घरभित्र त हिँडडुल गर्न सक्छन् तर बाहिर निस्कन मुस्किल पर्छ । घरमा बसिरहँदा सबैभन्दा 'मिस' गर्ने कुरा रहेछ, श्लोक र भजन । किशोरवयदेखि नै भजन गाएर रातरातभर जाग्राम बस्थे । वालन खेल्थे । विवाहमा खाँडो जगाउँथे । गिरी भन्छन्, "मनमा आँट त छ तर के गर्नु, छोराहरूले बाहिर जान दिँदैनन् । श्लोक र भजन गाएको खुब झल्को आउँछ ।" तर, जीवनप्रति असन्तुष्टि भने फिटिक्कै छैन । अहिले त हरेक दिन स्वर्णिम जस्तो लाग्छ रे ! नलागोस् पनि कसरी ! छोरा, नाति, पनाति हुँदै खनाति पुस्तासम्म जो देख्न पाएका छन् ।

›› सम्झनाका तरेली

केराबारी गाउँपालिका-६, मोरङका अडिमर्दन थापा १ सय ७ वर्षका पुगे तर उनको स्मरण शक्ति तिखर छ । न दीर्घकालीन कुनै रोगले नै गाँजेको छ । १९६८ मा धनकुटाको चौबीसे, ओखेमा बाबु प्रसादसिंह र आमा भक्तमायाको कोखबाट जन्मिएका हुन् उनी । बाबु गाउँका मुखिया थिए । त्यसैले पनि उनीसँग राणाकालका धेरै याद जोडिएका छन् ।

त्यतिबेला राणाहरू आउँदा उनका बाले गाउँ-गाउँमा उर्दी गर्थे, झार्लाडीका लागि । विकासका लागि श्रमदान गर्न जानुलाई झार्लाडी भनिन्थ्यो । काम गराउँथे तर पैसा दिँदैनथे । घरको एक जना अनिवार्य जानुपर्थ्यो । नजाने घरका सदस्यलाई कालो पोसाकधारी सिपाहीले कुटपिट गर्थे । आफू पनि सेउती खोलामा श्रमदान गर्न गएको अझ याद छ उनलाई । अर्को, बच्चै छँदाको एउटा प्रसंग पनि सुनाए, एकपटक एक व्यक्तिले गाउँमा छिमेकीलाई काटेर मारे । त्यसपछि राणाका सिपाहीले ती व्यक्तिलाई पनि काटेर मारे । उनी सम्झन्छन्, "तापनि, कोही केही बोल्न सक्दैनथे । गाउँका सबैले सिपाहीले जे भन्थे, त्यही मान्थे ।" ००७ मा माधवशमशेर राणा धनकुटाका बडाहाकिम थिए । कांग्रेसका सेनाले तमोरको पुल भत्काएपछि उनले भाग्ने ठाउँ पाएनन् । लेउतीबाट गोली हान्दै कांग्रेसका लडाकूले धनकुटा कब्जा गरेपछि बडाहाकिम सुइँकुच्चा ठोकेका थिए । प्रजातन्त्र आए पनि घरमा कुनै उत्साह थिएन, कारण घरमा राणाको प्रभाव थियो ।

११ वर्षका थापाले विवाह गर्दा दुलही भवैताचाहिँ १५ वर्षकी थिइन् । ५ वर्षपछि छोराछोरी भए, त्यसपछि मात्र श्रीमतीसँग बोलचाल भयो । त्यतिबेला गाउँमा उनका ६ घर थिए । गाईबस्तु चराउन जाँदाका क्षणहरू सम्झँदा अझ रोमाञ्चित हुन्छन् । पैसाको कारोबारभन्दा पहिले सामानको साटासाट हुन्थ्यो । त्यतिबेला धरान झरेर घिउसँग नुन साटेर लगेको उनी सम्झन्छन् । मगर गाउँ थियो, साथीभाइहरू भेला भएर रूखमा रहेका मौरी काढ्थे । जंगल जति फाँड्यो, मुखियाको स्वीकृति लिएपछि आफ्नो हुन्थ्यो । त्यसैलाई खेत बनाइन्थ्यो । पुलकित हुँदै उनले सुनाए, "छेलो हान्ने, गिर खेल्ने गरिन्थ्यो । पौठेजोरी पनि खेलियो ।"

०१५ को पहिलो आमनिर्वाचनमा नेपाली कांग्रेसका ढगलसिंह लिम्बूलाई भोट हालेदेखि गत असारमा सम्पन्न स्थानीय तहको निर्वाचनमा समेत भाग लिएका छन् । तर, प्रतिनिधिसभाको निर्वाचनमा भने मतदान केन्द्र टाढा भएकाले भोट हाल्ने मौका पाएनन् । तर, आक्रोशचाहिँ रहेछ मनमा । भन्छन्, "कसले के नाप्छ र दुःख गरीगरी भोट हाल्न जानू ?" ०३७ को जनमतसंग्रहमा नीलोमा भोट हालेको सम्झिए उनले । त्यतिबेला पहेँलोमा हाल्नेको अलग लाइन र नीलोमा हाल्नेको अलग लाइन हुन्थ्यो । १० वर्षको हुँदा पहिलो पटक धान लिन तराई झरेका थिए उनी । त्यतिबेला एक सय रुपियाँको ५० मुरी धान आउँथ्यो र बोकाएर धनकुटा लगिन्थ्यो ।

उनले अनेक सम्झनाहरू सँगालेका छन् जीवनमा । कति तीता, कति मीठा । तर, जीवनसँग कहिल्यै विरक्ति छाएन । सकुन्जेल संघर्ष

गरिरहे । सबै जोड्ने हो भने सन्तानको संख्या १ सय ५ पुग्छ । दंग छन् उनी । यी वयोवृद्धको जीवन सार यस्तो छ, "असल कर्म गऱ्यो भने कहिल्यै सास्ती हुन्न ।"

अझै तन्दुरुस्त

विसं १९९० को भूकम्प आउँदा सौखीलाल मलाहा दास २२ वर्षका थिए । भूकम्पले गाउँमा हात्ती छिर्ने जत्रो जमिन फाटेर भलभली पानी निस्किएको र त्यसमा कुहिएका मुढा र कालोपानी निस्किएको सम्झना छ उनलाई । भूकम्पपछि उनले आफ्नो घर अलिक पश्चिमतिर सारेर बनाए । अहिले उनका छोरानातिले त्यही स्थानमा झुरुप्प घर बनाएर बसेका छन् । उनको साथमा अहिले तीन छोरा, बुहारी, १६ नातिनातिना र २१ पनाति-पनातिनी छन् । सबैलाई उनी चिन्दैनन् पनि ।

००७ मा विराटनगरको बडाहाकिमको कार्यालय कांग्रेसका सेनाले कब्जा गरे । त्यसलाई फिर्ता गराउन राजधानीबाट आएका सेनालाई कोसी तर्न नै नदिने योजनामा सुनसरीको पश्चिम कुशाहा (हालको जुद्धगंज)मा सरकारी सेना र कांग्रेस सेनाबीच भिडन्त भयो । त्यसबीचमा कांग्रेसका एक कार्यकर्तालाई सरकारी सेनाको गोली लाग्यो र उनले त्यहीं प्राण त्यागे । तर, कांग्रेसका सेनाले सरकारी सेनालाई पराजित गरी कोसी तर्न दिएनन् । उनीहरू राजधानी फर्के । युद्ध भएको १५ दिनसम्म पनि कांग्रेसका सेनाले घरीघरी गोली पड्काउँदै कोसी किनारमा बसेको सम्झना ताजै छ उनको मानसपटलमा ।

उनको पेसा नै माछा मार्ने थियो, एक दिन माछा मार्न कुशाहा घाट गए । फर्कदै गर्दा उनलाई कांग्रेसका सेनाले परैबाट बन्दुक ताके । डरले थरथरी काँपे पनि बालुवामा नै सेनाले देख्ने गरी जाल हाने । र, उभिरहे । सेनाले घेरा होलेर सोधपुछ सुरु गरे । करिब एक घन्टाको सोधपुछपछि मात्र 'ल तिमी राणाको जासुस होइन रै'छौ जाऊ' भनेर छाडिदिए । उनी हाँस्दै सुनाउँछन्, "कालकै मुखबाट फर्किएजस्तो लागेको थियो । थोरै यताउता भएको भए त सीधै गोली हान्थे ।" राजा महेन्द्रसँग जोडिएको रोचक प्रसंग छ उनीसँग । सप्तकोसीको पुल नबनीकनै एकपटक राजा महेन्द्र पूर्व आएका बेला उनैले कुशाहाघाटबाट राजालाई नदी पार गराएका थिए । राजालाई तार्नु पहिले माझीहरूबीच प्रतिस्पर्धा भएको थियो, जसमा उनले जिते र राजालाई तार्ने अवसर पाए । सकुशल नदी तारिदिएबापत महेन्द्रले दिएको चाँदीले बेरिएको काठे बहना अहिले पनि उनको घरमा सजिएको छ ।

सौखीलाल मलाहा दास
उमेर : १०६ वर्ष



तस्बिर : वेदराज पौडेल

पहिले सप्तरीसम्म मोरङ जिल्ला फैलिएको र सबै अड्डा रंगेलीमा रहेकाले त्यहीं गएर जग्गा पास गर्ने, लिखत गर्ने र कर तिर्ने गरेको सम्झन्छन् । उनले गाउँमै एक जना भारतीय शिक्षकबाट पढ्ने अवसर पाएका थिए । त्यतिबेला विद्यालय नहुँदा ठूला मान्यजनले घरमै भारतबाट शिक्षक झिकाएर राख्ने र आफन्त, गाउँले समेतलाई पढाउँथे । उतिबेला माछा मार्ने, अहिले शाकाहारी भएका छन् । अहिले दिनमा तीनपटक खान्छन् । बिहान खाजाका रूपमा सुक्खा रोटी र दूध, मध्याह्न दाल, भात र दूध अनि राती दूधसँग रोटी खान्छन् । दीर्घ रोग कुनै छैन । नियमित औषधि खाँदैनन् । बिहान-बेलुका एक किलोमिटर लौरो टेकेर हिँड्छन् । गीतका सौखिन हुन्, गुनगुनाइरहन्छन् । भन्छन्, "आफन्त मात्र होइन, छिमेकीसमेत अहिले आशीर्वाद लिन आउँछन् । धेरै खुसी लाग्छ ।"

इच्छाशक्तिको कमाल

५२ वर्ष भयो, पूर्णाकुमारी पाँडेका पति पदमबहादुर पाँडेको निधन भएको । त्यसपछि उनले एक छाक मात्र खान थालिन् । १० वर्षअघि छोरा केदारबहादुर पनि बिते । त्यसपछि त दुवै छाक अन्न खान छोडिन् । १ सय ७ वर्ष पुगे पनि उनको स्फूर्ति साँच्चै जादुइ लाग्छ । खुट्टा कमजोर भएर हिँडडुल गर्न 'वाल्कर'को सहारा लिन्छिन् । नत्र एउटा सबल मान्छेमा हुनुपर्ने सबै गुणले भरिएकी छन् उनी । नुहाउन, लुगा धुन, शौचालय जान, खान कसैको सहारा चाहिँदैन । आँखा-कान सकुशल छन् । यसको रहस्य के होला ? त्यसैले जीवनकहानीभन्दा उनको दैनिकी नियालौं ।

बिहान ४ बजे उठिसक्छिन् । नुहाएर पूजापाठ गर्छिन्, ६ बजेभित्र । त्यसपछि कालो चिया पिउँछिन् । अनि, एक गिलास दूध । १० बजेतिर सागसब्जी खान्छिन् । दिउँसो २ बजेतिर जुस र दूध लिन्छिन् । सुत्ने बेला फेरि दूध । बीचबीचमा हल्का ध्यानयोग गर्छिन् । यसरी नै बित्छ, उनको दिन । तर, मुहारको चमकमा कति पनि फिक्कापन देखिन्न । मंसिरमा धादिङ पुगेर आइन् । दुई वर्षअगाडिसम्म त घरमा कमै भेटिन्थिन्, आफन्त, इष्टमित्र र मन्दिर पुगेरै भ्याइनभ्याइ हुन्थ्यो । भन्छिन्, "आफू जति खट्यो, ज्यानलाई त्यति नै सुविस्ता हुन्छ ।" अचेल समस्या भनेको पुराना कुराहरू अलि बिर्सन थालेकी छन् । यत्ति हो ।

पाँडे बाग्लुङमा जन्मिइन् । काठमाडौंमा हुर्किन् । बिहेवारी यतै भयो । जीवनका ४० वर्ष धादिङमा बसिन् । त्यहाँ उनीहरूको मनग्ये खेतबारी थियो । उनी १३ वर्ष पुग्दै थिइन्, बिहे हुँदा । घर डल्लुमा थियो, विवाह नरदेवीमा भयो । जेठी श्रीमतीबाट सन्तान भएन भनेर उनलाई माग्न आए । बुबाआमाले 'हुन्छ' भनिदिए । उनले नाइनास्ती गर्ने कुरै भएन । तर, नेपाली सेनाका क्याप्टेन रहेका पदमबहादुरका छोरा पो रहेछन् । उनले सुनाइन्, "आफ्नो कर्मै सौतेलो रहेछ । तर, घर नगरी सुखै थिएन ।" धन्न ! श्रीमान्को माया पाइन् । त्यसैले खास पछुतो रहेनछ ।

एक दिन नरदेवीमा किनमेल गरिरहेकी थिइन्, एक्कासि जमिन हल्लाउन थाल्यो । मान्छेहरूको भागाभागमा उनी निकै आत्तिइन् । र, एक जना पुरुषले नडराउ भन्दै ढाडस थिए । ती थिए, कविशिरोमणि

तस्बिर : भास्वर ओझा

पूर्णाकुमारी पाँडे
उमेर : १०७ वर्ष

तस्बिर : सुरेश श्रेष्ठ

बेनिराम पोखरेल
उमेर : १०२ वर्ष

लेखनाथ पौड्याल । घर नजिकै भएकाले पौड्यालसँग चिनजान थियो । पौड्यालले माया गरेर बिस्कुट किनिदिएको अझ झलझली सम्झिन्छिन् उनी । डिल्लीबजारको स्कुलमा नेपाली पढ्ने मौका पाइन् । ०१३ तिर झाडावान्ताको आतंक फैलियो । एकै परिवारका नौ जनासम्म बिते । यो महामारीले उनलाई पनि समायो । तर, बेलैमा उपचार भयो र बाँचिन् । "गाउँघरतिर भएको भए सायदै बाँचिन्थ्यो ।" सात वर्षपछि डा अञ्जनीकुमार शर्माले उनको पित्तथैलीबाट ४८ वटा पत्थर निकाले । ०३० मा पाठेघर निकालियो । १८ वर्षपछि एक फुट आन्द्रा निकालेर फालियो । त्यसपछि दुवै आँखाको मोतीबिन्दुको अप्रेसन गरियो । चिकित्सक थिए, शशांक कोइराला । त्यसपछि फेरि दुवै खुट्टा 'फ्याक्चर' भयो । उनकी जेठी छोरी गीता भन्छिन्, "आमामा अनेक समस्या देखिए पनि समयमै उचित उपचार भयो । त्यसैले केहीले हानि गर्न सकेन । त्यसबाहेक दीर्घजीवी बनाउन उहाँको इच्छाशक्तिको पनि उस्तै भूमिका छ ।"

पाँडे ब्रह्मकुमारी राजयोगसँग जोडिएकी छन् । १२ वर्ष भयो, सेतो कपडा लगाउन थालेको । आफैं बत्ती कात्छिन्, एक लाख पुगेपछि पूजा गर्न पठाउँछिन् । ध्यानमै धेरै समय बित्छ । त्यसबाहेक कुकुरसँग खेल्छिन्, कुकुर हरदम उनकै वरपर हुन्छ । कहिल्यै कोहीसँग रिसाउँदिनन् । भन्छिन्, "धर्म गरेकी रहेछु र बाँचें । नत्र त मरिहाल्थे नि !"

›› सुखद शताब्दी आयु

दीर्घायुसँगै स्मरण शक्ति ह्रास हुनु स्वाभाविक हो तर हेटौंडाका १ सय २ वर्षका बेनिराम पोखरेल अन्य शारीरिक समस्याबाट मुक्त छन् । ठमठमी हिंड्न सक्छन् । हरदम उनको मुहारमा मुस्कान देखिन्छ । न केहीको लोभ, न कुनै ईर्ष्या । निकै शान्त र खुसी जीवन बाँचिरहेका छन् उनी, शताब्दी पार गरिसक्दा पनि ।

पोखरेललाई आफ्नो जीवनकालका महत्त्वपूर्ण कुरा अझै सम्झना छ । अर्घाखाँचीबाट पोखरा, काठमाडौं हुँदै हेटौंडा आएको, आफ्नो विवाह, श्रीमतीलाई सानीमाको कोसेली, आफूले जोडेको जमिन, भारतमा मजदुरी गर्न गएको, बाबुले तिरेको ऋण आदि इत्यादि । १९७३ मा अर्घाखाँचीमा जन्मिएका पोखरेल विवाह गर्दा १४ वर्षका थिए, पत्नी सात वर्ष कान्छी । घोडा चढेर गई बेहुलीलाई डोलीमा राखेर बोक्दै ल्याएको स्मरण गर्दै उनी भन्छन्, "दुलहीलाई डोलीमा बोकेर ल्याउनेहरू देखेर मलाई त्यतिबेला निकै माया लागेको थियो । बिहेमा बुहारीका लागि भनेर बर्मादेखि सानीआमाले गहना ल्याइदिनुभएको थियो ।" उनका ८ छोरा १ छोरीमध्ये १ छोराको मृत्यु भइसक्यो । श्रीमती पनि थला परेकी छन् । १७ नाति, आठ नातिना, आठ पनाति र एक पनातिनीका अभिभावक हुन् उनी । सन्तानलाई ऋण नबोकाएकामा ज्यादै सन्तोष लागेको छ उनलाई ।

०२५ मा अर्घाखाँचीबाट पोखरासम्म स्थल यातायात र पोखरादेखि काठमाडौंसम्म हवाई यातायात प्रयोग गर्दै हेटौंडा ओर्लिएका पोखरेल परिवारको अहिले एउटा टोल नै बनेको छ । १२ हजार ५ सय रुपियाँमा साढे सात बिघा जमिन हेटौंडामा किनेको सुनाउँछन् उनी । पश्चिम पहाड अर्घाखाँचीबाट धानखेती गर्न भन्दै हेटौंडा झरेका थिए उनी । अर्घाखाँचीमै हुँदा साहूसँग एक सय रुपियाँ ऋण लिँदा ४३ मुरी धान र मकै ब्याज तिरेका थिए उनले । उतिबेला हजार रुपियाँ हुनेको नामै हजारिया साहू हुन्थ्यो । अर्घाखाँचीमै रहँदा रोजगारीका लागि भारतको सिलोङमा सुन्तला बगैंचाको पहरेदारी गर्दा मासिक सात रुपियाँ तलब पाउने एकवर्षे जागिर खाएर फर्के । हेटौंडा आएपछि एकपटक गाउँकै एक घरमा लुटपाट भयो । उनी निकै आत्तिए । सोही कारण आफूसँग भएको सात तोला सुन प्रतितोला तीन सयका दरले बेचेर जग्गा किने । अहिले पनि उनको दिनचर्या आँगनमा बसेर बटुवासँग गफिनमै बित्छ । दाल उनको एक मात्रै भोजन बनेको छ । कान-आँखामा खासै समस्या छैन । पाचन प्रणालीचाहिँ थोरै कमजोर हुन थालेको छ । पोखरेलले हाँस्दै भने, "बाँकी त सबै स्वर्गीय छ । यो उमेरमा आएपछि केही असन्तुष्टि नहुँदो रहेछ ।" ♦

(साथमा, **सुरेश श्रेष्ठ**, हेटौंडा)

लाचार सरकार, उद्दण्ड व्यवसायी, निरीह उपभोक्ता

सरकार र संसद्ले बनाएका अध्ययन समितिले ग्यास उद्योगको दुरावस्था औँल्याए पनि त्यसलाई सुधार्न उदासीन

॥ मनबहादुर बस्नेत

- ६ महिनाभित्र मापदण्ड तयार गरी सबै (ग्यास) प्लान्टहरूले साढे एक वर्षभित्र उक्त मापदण्ड पूरा गर्नुपर्ने र सो नगरेमा त्यस्ता प्लान्टहरूलाई तोकिएका मापदण्ड पूरा नगरी प्रोडक्ट डेलिभरी अर्डर (पीडीओ) दिन बन्द गर्ने र खारेजीको प्रक्रिया अगाडि बढाउने । (नेपाल आयल निगमको कार्य सञ्चालन र व्यवस्थापनमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन एवं छानबिन गर्न गठित उच्च स्तरीय समितिको प्रतिविदेन, ०६८)
- एलपी ग्यासमा सुरक्षात्मक उपायहरु अपनाउनुपर्नेमा कहींकतै निरीक्षण अनुगमन भएको पाइँदैन । सिलिन्डर भरिसकेपछि गरिने चेकजाँच, भल्भको गुणस्तर, नियमित हाइड्रोलिक परीक्षण हुन सकेको पाइँदैन । फायरफाइटिङको राम्रो व्यवस्था छैन । (एलपी ग्यासको सहज आपूर्ति गराउन दीर्घकालीन रूपमा अपनाउनुपर्ने नीतिका सम्बन्धमा व्यवस्थापिका संसद् उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिद्वारा गठित उपसमितिको प्रतिवेदन, ०७२)
- १२ फागुन ०७२ मा तत्कालीन आपूर्ति मन्त्री गणेशबहादुर पुन धादिङका विभिन्न ग्यास बोटलिङ प्लान्ट र रिफिलिङ प्लान्ट अनुगमनमा निस्किए । सरकारी दलबलसहित पुगेको टोलीले त्यहाँका उद्योग लथालिंग रूपमा चलेको भेट्यो । सिद्धार्थ ग्यासको बोटलिङ प्लान्टमा पुनः प्रयोग गर्न नमिल्ने थोत्रा ८ सय ६ थान सिलिन्डरमा ग्यास भरेर बजार पठाउन ठीक्क पारिएको थियो । यहाँ हाइड्रोलिक परीक्षण मेसिन काम नगर्ने हालतमा थियो । अन्य दुई कम्पनी सुगम र एचपी ग्यासका हाइड्रोलिक परीक्षण गर्ने मेसिन पनि बिग्रिएका थिए । पानीको फोहरा उत्पन्न गर्ने पोखरी सुकेको थियो ।

उपभोक्ताको घरघरमा खाना पकाउने लिक्विफाइड पेट्रोलियम ग्यास (एलपीजी) आपूर्ति गर्ने कम्पनीका प्लान्टहरूको दुरावस्था झल्कने दृष्टान्त हुन् यी, जसले ग्यास व्यवसायीको अटेरीपन र सरकारी निकायहरूको निम्छरो नियमनलाई एकसाथ उजागर गरिदिन्छन् । सात वर्षअघि मन्त्रिपरिषद्द्वारा गठित उच्चस्तरीय समितिले ग्यास प्लान्टहरू जसरी बिनामापदण्ड र नियमनहीन तवरमा चलिरहेको औँल्याएको थियो, अहिले पनि हालत उही भएको २१ र २३ पुसमा काभ्रेमा नेपाल गुणस्तर तथा नापतौल विभागले गरेको अनुगमनबाट खुल्यो । सगर, सूर्य, चण्डी, ओम र नमस्ते ग्यासका प्लान्ट मापदण्डहीन पाइएपछि विभागले सिल गरिदिएको थियो । तर, व्यवसायीको लबिङपछि ती अहिले खुलिसकेका छन् । "अधिकांश ग्यास कम्पनीहरू अझै सिस्टममा आएका छैनन्," विभागका महानिर्देशक विश्वबाबु पुडासैनी भन्छन्, "धेरैले पूर्वाधार बनाएका छैनन् भने भएकाले समेत प्रयोगमा ल्याएका छैनन् ।"

तस्विर : भास्वर ओझा

जब्बर व्यवसायी, लाचार सरकार

विभिन्न मापदण्ड तोकेर सरकारले ग्यास कम्पनीहरूलाई नेपाल गुणस्तर प्रमाण (एनएस) चिह्न लिन तोकेको सीमा पार गरेको लामो समय कटिसकेको छ । अघिल्लो वर्षको २९ कात्तिकमा विभागले राजपत्रमा सूचना निकालेर एनएस चिह्न अनिवार्य गरेको थियो । तर, अहिलेसम्म साइबाबा, मनोज, श्रीकृष्ण र नेपाल ग्यासले मात्र यस्तो प्रमाणपत्र लिएका छन् । ५७ ग्यास कम्पनीमध्ये ५३ वटाले एक वर्ष बित्दासमेत यो नियम पालना गरेका छैनन् । मापदण्ड निस्किएलगत्तै विभागले तीन महिनाभित्र एनएस चिह्न लिइसक्नुपर्ने सूचना नेपाल राजपत्रमा प्रकाशित गरेको थियो । स्मरणीय छ, यो मापदण्ड नेपाल गुणस्तर परिषद्ले ११ पुस ०७० मै स्वीकृत गरेको थियो । तर, सरकारले लागू गर्न सकेको थिएन । मापदण्ड जारी भएको तीन वर्षपछि लागू गर्ने कदम चाले पनि त्यो समेत असफलसिद्ध भयो ।

रोचक त के भने नेपाल एलपी ग्यास उद्योग संघको सहमतिमै कम्पनीहरूले एनएस लिइसक्नुपर्ने समयावधि तोकिएको थियो । विभागसँगको छलफलमा सकारात्मक देखिएको संघले सूचना सार्वजनिक भएपछि भने एकाएक अटेर गर्न थाल्यो । यसको अदृश्य कारण हो, बहुसंख्यक उद्योगमा यस्तो प्रमाण चिह्न लिन आवश्यक पूर्वाधार नहुनु । हाइड्रोलिक परीक्षण, पुनःपरीक्षण गरिएको मिति, खाली सिलिन्डरको भार, एनएस चिह्न लगायत सिलिन्डरमै लेखिएको हुनुपर्छ । साथै, सिलिन्डर खाली भएपछि ग्यास भर्दा प्रत्येक पटक भल्भ फेर्ने, भित्र सफा गर्ने र रंगरोगन गर्नुपर्छ ।

सिलिन्डरको आयुबारे भने यसअघि उच्च स्तरीय समितिले पेस गरेको रिपोर्टभन्दा फरक व्यवस्था गरेको छ, विभागले । उच्च स्तरीय समितिले २० वर्ष पुराना सिलिन्डर हटाउने सुझाव दिएको थियो । जबकि, उक्त समितिले विज्ञहरूलाई समेत नियुक्त गरेर अध्ययन गरेको थियो । तर, विभागको एनएस मापदण्डमा सिलिन्डरको आयु दोब्बर बढाएको छ । एनएस मापदण्ड अनुसार सिलिन्डर बनेको १० वर्षमा हाइड्रोलिक परीक्षण गराउनुपर्छ । त्यसपछि २० वर्षसम्म प्रत्येक पाँच-पाँच वर्षमा परीक्षण गर्नुपर्छ । सिलिन्डर २० वर्ष पुरानो भएपछि भने हरेक तीन वर्षमा यस्तो परीक्षण गराउनुपर्छ । "यो दुनियाँमा कहीँ नभएको मापदण्ड हो," उक्त समितिको सदस्यसमेत रहेका अधिवक्ता ज्योति बानियाँ भन्छन् ।

यो जम्मै मिति सिलिन्डरमा अंकित हुनुपर्छ । जबकि, व्यवसायीहरूले यस्तो परीक्षण नै नगरी ग्यास भरेर बजारमा पठाउने गरेका छन् । गुणस्तरहीन सामान बजारमा पठाउँदा कसरी मानिसको जीवन जोखिममा परेको छ भन्ने उदाहरण हो, ७ जेठ ०७३ मा ललितपुर, पाटनमा घटेको दुःखान्त घटना । तामाको औजार बनाउने पसलमा एचपी ब्रान्डको सिलिन्डर पड्कँदा तीन जनाले ज्यान गुमाए । प्रहरी अनुसन्धानबाट खुल्यो, विस्फोटन हुनुको कारण सिलिन्डर अत्यधिक खिइनु हो । सिलिन्डरको मोटाइ २.९ एमएम हुनुपर्नेमा १.८३ मात्रै थियो । ०७३ मा मात्रै ग्यास सिलिन्डर पड्केर आठवटा घटना भएका थिए । ५ पुसमा वीरगन्जस्थित सुपर ग्यास उद्योगमा आगलागी हुँदा तीन जनाको ज्यान गयो ।

०६७ मा त ग्यास लिक भएपछि आगलागी हुँदा तत्कालीन नेकपा माओवादीकी सभासद् रामकुमारी यादवको मृत्यु भएको थियो । "एनएस मापदण्ड बन्यो तर त्यसभित्र हुनुपर्ने कुरा भएको छ कि छैन भनेर सरकारले हेरेको छैन," बानियाँ भन्छन् ।



उल्टो चक्र

अति प्रज्ज्वलनशील पदार्थको कारोबारमा सरकारले चरम लापरबाही गरिरहेको छ । नेपाल आयल निगमले पीडीओ स्वीकृत गर्ने सैद्धान्तिक सहमति गरेपछि मात्र उद्योगीहरूले ग्यास बोटलिङ प्लान्ट स्थापनाको प्रक्रिया अगाडि बढाउँछन् । पूर्वाधार र सुरक्षात्मक मापदण्ड नहेरी निगमले हचुवाका भरमा पीडीओ जारी गर्दै आएको छ । त्यसपछि निगमले कहिल्यै बोटलिङ प्लान्टको अनुगमन गर्दैन ।

एक जना व्यवसायीका अनुसार निगमको मिलेमतोमा असुरक्षित बोटलिङ प्लान्टहरू खुलेका हुन् । प्लान्ट स्थापनाका लागि नेपालमा प्रस्ट कानुनी प्रावधान नभएकाले निगमले भारतको पेट्रोलियम तथा विस्फोटक सुरक्षा संगठन (यसअघिको विस्फोटक विभाग)सँगको सहकार्यमा प्लान्ट स्थापना गर्ने भनेको थियो । नागपुरमा मुख्यालय रहेको यो संगठन भारतको सरकारी कार्यालय हो । जस अनुसार ग्यास व्यवसायीले उक्त संगठनबाट बोटलिङ प्लान्ट बनाउने नक्साको डिजाइन स्वीकृत गराउनुपर्छ ।

डिजाइन अनुसार प्लान्ट बने/नबनेको निरीक्षण गरेपछि उक्त संगठनले स्वीकृत गरिदिन्छ । त्यसलाई समेत नेपाल आयल निगमले अनुगमन गरेपछि प्लान्ट स्थापनाको अनुमति दिनुपर्ने हो । तर, नेपालमा थोरै बोटलिङ प्लान्टले मात्रै यो नक्सा अनुसार प्लान्ट स्थापना गरेका छन् । यो डिजाइन मुताबिक फायर फाइटिङ उपकरण, पानीको फोहरा, भण्डारण कक्ष, हाइड्रोलिक परीक्षण, ट्यांकर, ग्यास बुलेट अनलोड गर्ने स्थान, 'रिटेनिङ वाल'को स्थान र दूरीजस्ता सुरक्षाका न्यूनतम कुराहरू निर्धारण गरिएको हुन्छ । यो घर बनाउनुभन्दा अघि नक्सा पास गरेजस्तै हो । "यो डिजाइन अनुसार व्यवसायीले प्लान्ट स्थापना गरे/नगरेको नियमन गरिदिएको भए प्लान्टको यो दुरावस्था हुने थिएन," एक ग्यास व्यवसायी भन्छन् ।

एलपी ग्यास विनियमावली, ०६५ मा ग्यास प्लान्ट स्थापना हुन अधिकतम सेवा, सुविधा र सुरक्षाको प्रत्याभूति हुनुपर्ने अमूर्त व्यवस्था गरेको छ । त्यस्तै ग्यास उद्योगहरू गाउँबस्तीबाट पाँच किलोमिटर टाढा हुनुपर्ने, एउटा उद्योगबाट अर्कोको दूरी पनि पाँच किलोमिटर हुनुपर्ने विनियमावलीमा उल्लेख छ । तर, काभ्रे र धादिङ जिल्लाका ग्यास प्लान्टहरू बस्तीमा टाँसिएर र आपसमा जोडिएरै खुलेका छन् । काभ्रेको बनेपामा सगर, चण्डी र सूर्य ग्यासका प्लान्ट जोडिएजस्तै छन् । धादिङका अधिकांश स्थानमा पनि बस्तीकै बीचमा ग्यास प्लान्ट स्थापना भएका छन् । संघका अध्यक्ष शिव घिमिरे भने यस दोषको जिम्मेवारी सरकारले लिनुपर्ने बताउँछन् । "उद्योग चलेको वर्षौंपछि कानुन बनाएर दूरी तोकिएको छ," उनी भन्छन्, "उद्योग स्थापना हुँदा बस्ती थिएन । उद्योग खुलेपछि मानिसले घर बनाउन थाले त के गर्नु ? त्यतिखेरै सरकारले किन रोकेन ?"

सरकारले भने पहिले ग्यास उद्योग भएकै ठाउँमा प्लान्ट थप्न अनुमति दिइरहेको छ । निगमले आर्थिक वर्ष ०७२/७३ मा पेट्रोलियम तथा ग्यास कारोबार नियमन, ०६९ को व्यवस्था विपरीत १७ वटा ग्यास प्लान्टको शाखा खोल्न अनुमति दिँदा आठवटा धादिङमै खोल्ने गरी दिइएको छ । एकै ठाउँ बढी ग्यास प्लान्ट हुँदा कुनै दुर्घटना भएमा त्यसले ठूलो क्षति हुने भएकाले सुरक्षाका लागि बस्ती र उद्योगको सीमा राखिने अन्तर्राष्ट्रिय प्रचलन हो । उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिना भन्छन्, "नियमनकारी निकायको संलग्नताबिना आममानिसको जीवन असुरक्षित पार्ने यस्तो काम हुनै सक्दैन । सरकारले नै हामीलाई असुरक्षामा बाँच्न विवश बनाएको छ ।" ◆

मानव बस्ती नजिकै काभ्रे, बनेपामा रहेको सगर ग्यास बोटलिङ प्लान्ट

विमर्श

अच्युत वाग्ले

साख रक्षाको प्रश्न

राजकीय निर्णयाधिकार प्राप्त अंगका प्रभावशाली पदधारीहरूमा जनहितमा काम गर्न संविधान, कानुन र अभ्यासले दिएको शक्ति आफ्नो व्यक्तिगत स्वार्थ र तुजुक प्रदर्शनका लागि दुरुपयोग गर्ने प्रवृत्ति व्यापक रूपले बढेको छ । त्यसको पछिल्लो उदाहरण प्रधानन्यायाधीश गोपाल पराजुली भएका छन् । डा गोविन्द केसीले आफूलाई भ्रष्टहरूको संरक्षकका रूपमा चित्रित गरेकामा उनी आक्रोशित छन् । स्वतन्त्र एवं मर्यादित न्यायपालिकाको अस्तित्व रक्षाका लागि कानुनले दिएको अदालतको मानहानिको कवच आफ्नो व्यक्तिगत स्वार्थ रक्षाका लागि प्रयोग गर्ने दुस्साहस उनले देखाएका छन् । खास गरी सर्वोच्च अदालतले पछिल्लो समय गरेका धेरैवटा 'पैसा फल्ने' फैसलाहरूको वा डा केसीले उठाएका मुद्दाहरूको पक्ष वा विपक्षमा तर्क गर्न निश्चय नै सकिएला । तर, क्रमशः निर्विवाद बन्दै गएको सत्यचाहिँ के हो भने न्यायालयलगायतका राज्य सञ्चालनका प्रमुख अंगहरूको उच्च पदमा बस्नेहरूको नैतिक प्राधिकारको क्षय अति नै द्रुत गतिमा भइरहेको छ । र, उनीहरूको आत्मरक्षाको एउटै कवच कानुनको तुजुकपूर्ण दुरुपयोग मात्रै बाँकी रहेको छ । मुलुकको राष्ट्रपति, प्रधानमन्त्री, सभामुख वा संवैधानिक अंगका (सबै नभए पनि कम्तीमा केही) निर्णायकहरूको नैतिकता, इमानदारी, निष्पक्षता र योग्यता आममानिसका लागि उदाहरणीय होस् । उनीहरूविरुद्ध कसैले कतै आरोप लगाउँदा जनता स्वतः प्रतिकारमा निस्कन तयार होऊन् । तर, दुर्भाग्य ! मुलुकको परिस्थिति अपेक्षा गर्न सक्नेभन्दा धेरै टाढा पुगिसकेको छ । डा केसी पक्राउ प्रकरणले यही वास्तविकतालाई थप पुष्टि गरेको छ ।

इतिहासमा अलि पछाडि फर्कौं । अदालतबाट हुन सक्ने केही सम्भावित फैसलाहरूबाट बच्ने तुच्छ स्वार्थका लागि कार्यपालिका प्रमुख एवं प्रधानमन्त्री शेरबहादुर देउवाकै पहलमा प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्ध महाभियोगको प्रस्ताव दर्ता गरियो । मुलुकको प्रधानमन्त्रीबाट भएको यो अत्यन्तै अस्वाभाविक अहं प्रदर्शन थियो । तत्कालीन अख्तियार प्रमुख लोकमानसिंह कार्कीका अस्वाभाविक अहंकारी व्यवहारहरू आमजनताको मानसपटलमा ताजै छन् । भर्खरै राष्ट्रपतिले राष्ट्रियसभा अध्यादेश पारित गर्न देखाएको आनाकानी र नयाँ अख्तियार प्रमुखले जिल्ला भ्रमणमा जाँदा देखाएको सलामी-मोह प्राप्त राज्यशक्तिको अनावश्यक ढर्रा प्रदर्शन गर्ने वास्तविक मनसायका लघु रूप हुन् । नैतिक बल शून्य भएपछि उनीहरूको अनुहार त्यस्तै काममा प्रदर्शन हुने हो । नैतिक प्राधिकार प्रश्नातीत ढंगले स्थापित गरेका केसीजस्ता केही विरलै मानिसहरूका अगाडि ढिलो-चाँडो झुक्नुको विकल्प यस्तो प्राधिकार गुमाएकाहरूसँग हुँदैन । तर, नेपालमा यो प्रतिरोध र सुधारको समयचक्र लामो हुने गरेको छ ।

तथापि, पराजुली आफैंले फुटाएको अरिङ्गालको गोलोको सिकार उनी आफैं हुनुपर्ने अवस्था क्रमशः सिर्जना हुँदैछ । उनको व्यक्तिगत आचरण, सामाजिक जीवन र शैक्षिक योग्यता आदिबारे छानबिन गर्न न्यायालय आफैं अग्रसर नभई धर पाएको छैन । नैतिक साख रक्षाका लागि पनि यस संस्थाले यो छानबिनलाई एउटा तार्किक टुंगोमा पुर्‍याउनुको विकल्प छैन । पराजुलीकै मातहतमा रहुञ्जेल यो अड्डाले निष्पक्ष फैसला कसरी देला भन्ने प्रश्न पनि गर्न नसकिने होइन । तर, यी प्रश्न उठ्ने अवस्था आउनु नै प्रधानन्यायाधीश पदमा बस्ने मानिसको स्वतः नैतिक पराजय हो । उनी उर्लंदो जनदबाबका अगाडि केही गर्न नसक्ने र केसीलाई रिहा गर्नैपर्ने अवस्थामा पुग्ने परिस्थिति अवश्यम्भावी थियो ।

'मै राज्य हुँ' भन्ने व्यवहारको परिणति अनुमान लगाउन कुनै भविष्यवेत्ता भइरहनु पनि पर्दैन । हिजो, आफू अजेय भएको भ्रमका साथ देउवाले चालेको कदम तत्काल र दीर्घकाल दुवै दृष्टिमा उनैलाई प्रत्युत्पादक भयो । उनले त्यो प्रस्ताव तत्काल फिर्ता लिन बाध्य हुनै पर्‍यो । आखिर उनी र उनको नेतृत्वको नेपाली कांग्रेसलाई चुनावमा लज्जाजनक हार बेहोर्न बाध्य हुने गरी अलोकप्रिय बनाउने कारणमध्ये यो प्रकरण मुख्य रह्यो । लोकमानसिंहको अपमानपूर्ण बहिर्गमन भयो । यस्ता उदाहरण अनगिन्ती छन् ।

मुलुकका लागि दीर्घकालीन प्रमुख चिन्ताको विषयचाहिँ अहिलेको डा केसी प्रकरणलाई अदालतले कसरी सुरक्षित निप्टारा गराउँछ भन्ने मात्र होइन । चिन्ता के चाहिँ हो भने पराजुली, देउवा वा कार्की अब यो प्रवृत्तिको अपवाद रहेनन् । नैतिक प्रधिकार शून्यमा झरेका मानिसहरू अति उच्च पदमा पुग्ने र तिनले 'म नै राज्य हुँ' भन्ने व्यवहार प्रदर्शन गर्ने प्रवृत्ति हाम्रा लागि निरन्तरको नियति बन्दै छ । यसविरुद्ध आवाज उठाउनेहरू पातलिँदै गएका छन् । यो कल्पनातीत जोखिमको पूर्वसंकेत हो ।

भविष्यका संकेतहरू पनि उस्तै निराशाजनक छन् । प्रधानमन्त्री पदमा बस्न तयार रहेका एमाले अध्यक्ष केपी ओलीले आफ्नो पक्षमा सरकार बनाउन पुग्ने बहुमत देखिनासाथ उही 'मै राज्य हुँ' को अहं

देखाउन थालिसके। निर्वाचन आयोगले विधि, प्रक्रिया र संविधान केही नहेरी छिटो सत्तारोहणका लागि सघाउनु पर्छ भन्ने आशय मात्र प्रकट गरेका छैनन्, सरकार बनेलगत्तै प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादव र अन्य आयुक्तहरूमाथि महाभियोग लगाउनेसम्मका मनसाय उनका मुखपत्रमार्फत प्रकट भइरहेका छन्। संसद्‌को बैठक नै नबसी देउवाले बीचैमा पद छोडेर भाग्नुपर्छ भन्ने अभिव्यक्ति उनी बारम्बार दिइरहेका छन्। यसकारण, अब बन्ने सरकार र उसले नियुक्त गर्ने पदाधिकारीहरूमा पनि यो 'मै राज्य हुँ' ठान्ने प्रवृत्तिमा तात्त्विक सुधार आउने अपेक्षा गर्न मुस्किल छ।

यसले राजनीतिक दल र त्यसको नेतृत्व, शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप काम गर्नुपर्ने राज्यका तीनैवटा हाँगा र लगभग असीमित संवैधानिक अधिकार प्रयोग गर्ने दर्जनभन्दा बढी निकाय



सबैमा शक्ति दुरुपयोगको होडबाजी लामो समयदेखि चली नै रहेको छ। यसबाट निस्केको एकल तर भयावह परिणति के हो भने कुनै पनि तहमा हुने भ्रष्टाचारबारे कुरा उठाउनै नसकिने अवस्थामा आएर यतिखेर मुलुक उभिएको छ। आमनागरिकको आँखैअगाडि चरम भ्रष्टाचार भइरहेको छ। तर, त्यसको रोकथाम गर्न आवाज उठाउने सम्भावना अब निमिट्यान्न हुँदै गएका छन्। भ्रष्टाचार नियन्त्रणको अहं जिम्मेवारी लिनुपर्ने ठाउँमा दुर्नाम भ्रष्टहरूले नै नियुक्ति पाइरहेका छन्। उनीहरूको शक्तिको तडकभडकअगाडि बचेखुचेका सापेक्षतः इमानदारहरू किनारा लगाइएका छन्। परिस्थिति कस्तो भइसक्यो भने भ्रष्टाचारको मामिलामा सरकार एवं प्रतिपक्षमा बस्नेहरू र राज्यका अन्य अंगका भ्रष्टहरू एउटै थालबाट हसुर्न मिलेमतो गर्न थालेका छन्। चिकित्सा शिक्षा सुधारको जटिलताको कारण पनि त्यही हो। केही महिनाअघि बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण ठेक्का चिनियाँ कम्पनी गेझुवालाई दिने कुरामा सत्ता र प्रतिपक्षको कुरो ट्वाक्कै मिलेको थियो। अहिले सरकारले ठेक्का रद्द गरेपछि प्रक्रियाको कुरालाई वास्तै नगरी आउँदो सरकारले त्यही कम्पनीलाई काम जिम्मा लगाउने सार्वजनिक भाषण भावी प्रधानमन्त्री नै गर्दै हिँड्ने हिम्मत राख्छन्। यो चानचुने कुरा पटक्कै होइन। आकर्षक पदका नियुक्ति/बर्खास्ती, ठूलो रकमका कारोबार आदिमा सरकार वा लाभग्राहीले मागेबमोजिमका फैसला निरन्तर आउनु कुनै सञ्जोग मात्र हुनै सक्दैन। यो अब आम जानकारीकै विषय भइसकेको छ।

मुलुक संघीय स्वरूप अंगीकार गर्ने संघारमा छ। यसको सोझो अर्थ राज्य शक्तिको अधिकार प्रयोग गर्नेहरूको संख्यामा उल्लेख्य वृद्धि हुनु पनि हो। संघीयतासँगै सरकारको आकार स्वतः फैलन्छ। अथवा, 'मै राज्य हुँ' भन्ठान्नेहरूको अब प्रादेशिक र स्थानीय तहसम्म फैलने छन्। संघीय संविधानले सुनिश्चित गरेको अधिकारप्रेक्षाले भ्रष्टाचार बढाउने अवधारणा अहिले संसारभर नै सैद्धान्तिक र व्यावहारिक दुवै कोणबाट स्थापित हुँदैछ। खास गरी लोकतन्त्र कमजोर, जनता यथार्थमा अधिकारविहीन र भएका अनुगमनकारी निकायहरूको दृष्टि पनि वास्तविक खर्च हुने तहसम्म पुग्न नसक्ने विकासशील मुलुकहरूमा संघीयता असफल हुनुमा सरकारको आकारसँगै बढ्ने भ्रष्टाचार हो। विविध आकारका भू-खण्डमा शक्तिशाली हुनेहरूले 'मै राज्य हुँ' भन्ने शैलीमा तुजुक प्रदर्शन गर्न थालेपछि मुलुक क्रमशः 'कबिला राज्यहरू'मा रूपान्तरित भएका दर्जनौँ उदाहरण छन्। प्रारम्भिक 'कबिला'करणले क्रमशः विखण्डनको बाटो समातेका उदाहरण थुप्रै छन्।

अबको पाँच वर्ष शासन सञ्चालन गर्ने जुन हुँकार र अहंका साथ वाम गठबन्धन सत्ता चलाउन आतुर भएको छ, त्यसको शैली थप जनउत्तरदायी हुने अपेक्षा गर्न सकिने संकेतहरू झन् देखिएका छैनन्। यसको नियन्त्रणका लागि धेरै डा केसीहरू अगाडि आउनुपर्ने हुन्छ।

डा केसीले उठाएको चिकित्सा शिक्षाको सुशासनको माग निश्चय नै महत्त्वपूर्ण हो। तर, त्यो सांकेतिक र आंशिक मात्र हो। सारमा सिंगो राज्य संयन्त्र जसरी क्रमशः पंगु हुँदै गएको छ र त्यसको रोकथामका लागि कतैबाट आवाजै नउठ्ने र उठिहाले पनि राज्यको डन्डा लगाएर चुप लगाउन खोज्ने जुन प्रवृत्ति मौलाएको छ, त्यो मुलुकको अस्तित्वलाई संकटमा पार्ने हदैसम्मको भयावह स्थिति हो। अबको पाँच वर्ष शासन सञ्चालन गर्ने जुन हुँकार र अहंका साथ वाम गठबन्धन सत्ता चलाउन आतुर भएको छ, त्यसको शैली थप जनउत्तरदायी हुने अपेक्षा गर्न सकिने संकेतहरू झन् देखिएका छैनन्। यसको नियन्त्रणका लागि धेरै डा केसीहरू अगाडि आउनुपर्ने हुन्छ। तर, हिम्मतिलो एक जना पनि एमाले नेतृत्वको सरकारको कोपभाजनको पहिलो सिकार हुने सम्भावना टड्कारो छ।

तत्कालका लागि, न्यायपालिकाले पराजुलीले क्षय गरेको संस्थाको साखलाई अरू खस्कनबाट बचाउन सक्यो भने ठूलो उपलब्धि हुनेछ। केसीलाई बिनाधरौटी रिहा गर्ने सर्वोच्च अदालतको २६ पुसको फैसलाले केही आशा निश्चय नै बाँकी राखेको छ। ♦

प्रधानन्यायाधीश गोपाल पराजुली

तस्विर : हेमन्त श्रेष्ठ

अदालत आमने

न्यायिक इतिहासमै पहिलोपटक बहालवाला प्रधानन्यायाधीशको योग्यता र इमानमाथि इजलासमा बहस

■ रामबहादुर रावल

चिकित्सा शिक्षा सुधारका माग राखी आन्दोलनरत प्रा डा गोविन्द केसीले सुरुमा आफैँ कार्यरत त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारका विरुद्धमा पटक-पटक अनशन गरे । उनको अनशन टुटाउन विश्वविद्यालय र सरकारका तर्फबाट विभिन्न सम्झौता गरिए । तर, सार्थक पहल र प्रयासहरू सरकारका तर्फबाट भएनन् । बरू, सुधारका बाधकमध्ये न्यायालयबाट जारी हुने आदेश र निर्णयहरूसमेत देखेपछि

तमा सामने

डा गोविन्द केसी

तस्बिर : शालिग्राम तिवारी

पछिल्लोपल्ट डा केसीले आफ्नो प्रहारको तारो न्यायिक विचलनलाई बनाए । त्यसको एउटा प्रमुख सर्त सर्वोच्च अदालतका प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामालाई बनाए ।

डा केसीले २४ पुसमा आफ्नो १४औँ अनशन शृंखला प्रधानन्यायाधीश गोपाल पराजुलीको न्यायिक इमानमा प्रश्न उठाउँदै सुरु गरे । त्यही अपराह्न सर्वोच्च अदालत प्रशासनले उनीविरुद्ध अवहेलनासम्बन्धी पर्चा खडा गरी इजलासमा प्रस्तुत गर्‍यो र इजलासले केसीलाई भोलिपल्ट अदालतमा पेस गर्न आदेश गर्‍यो । प्रहरीले तत्काल उनलाई नियन्त्रणमा लिएपछि परिस्थिति बेग्लै बन्यो । अदालतको

रवैया सार्वजनिक आलोचनाको विषय भयो र डा केसीमाथिको धरपकडविरुद्ध सडक प्रदर्शनसम्म भए। दुई दिन इजलासमा गरमागरम बहस भयो।

२५ पुसमा न्यायाधीशद्वय ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको इजलासमा सुनुवाइ भयो भने २६ पुसमा पुरुषोत्तम पराजुली र बमकुमार श्रेष्ठको इजलासमा। दोस्रो दिनको बहसपछि डा केसीलाई साधारण तारेखमा रिहा गर्ने, प्रधानन्यायाधीश पराजुलीको शैक्षिक प्रमाणपत्र तथा नागरिकता विवादसम्बन्धी निर्णयका फाइल झिकाउने र त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानका डिन डा शशि शर्मालाई पुनःबहाल गर्ने फैसलाको मिसिल मगाउने आदेश भयो। "अदालतको छानबिनमा गइसकेपछि पक्कै पनि निष्कर्ष आउला," डा केसीका तर्फबाट बहस गर्ने वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी भन्छन्, "प्रधानन्यायाधीश ठीक रहेछन् भने उनले आरोपबाट मुक्ति पाउँछन् र सबै नागरिकले थाहा पाउँछन्। ठीक रहेनछन् भने दण्डित होलान्। हामी नराम्रो परिणाम आओस् भनेर चाहँदैनौँ। तर, प्रधानन्यायाधीशका बारेमा उठेका यी गम्भीर प्रश्नको स्वतन्त्र छानबिन र न्यायिक निरूपण आवश्यक छ भन्ने कुरा न्यायपालिका आफैँले महसुस गरी प्रक्रिया थाल्नु आरोपको स्वीकारोक्ति नै हो।"

डा केसीको दुस्साहस

सामान्यतः अदालती प्रक्रिया, आदेश, निर्णय र न्याय सम्पादनमा संलग्न न्यायाधीशका बारेमा टीका-टिप्पणी गर्नु अदालतको अवहेलना ठहरिन्छ। तर, डा केसीले त्यो दुस्साहस गरे। उनले अदालतमा स्पष्टतः माफियाको प्रभाव देखिएको, प्रधानन्यायाधीश पराजुलीमा इमान नभएको र न्याय बेचेको जस्ता संगीन आरोप लगाए। र, उनले राजीनामा दिनुपर्ने मागसहित आमरण अनशन नै थाले। "सामान्य मान्छेले यिनै मुद्दा उठाएको भए अदालतको अवहेलना नै हुन्थ्यो," वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल भन्छन्, "गोविन्द केसीले यी मुद्दा उठाए, जसको निष्ठामा कसैले प्रश्न उठाउन सकेको छैन। र, उनले जुन हदसम्म विषयवस्तु बुझेका छन् र सुधारको अभियान थालेका छन्, त्यसैले उनको बोलीमा दम छ।"

डा केसीले २८ पुसमा सरकारसँग पाँचबुँदे सम्झौता गरी अनशन अन्त्य गर्ने निर्णय लिए पनि त्यही मध्यराती यो सामग्री तयार गर्दा प्रधानन्यायाधीशको राजीनामाको माग यथावत् रहेको बताएका छन्। डा केसीलाई उद्धृत गर्दै उनका सहयोगी डा जीवन क्षत्री भन्छन्, "अदालतको आदेशले हाम्रो मागलाई पुष्टि गरेको छ। प्रधानन्यायाधीश आफैँ छानबिनमा परिसकेपछि पदमा बसिरहँदा छानबिन प्रभावित हुन्छ। त्यसैले उहाँ पदमा बस्न मिल्दैन।" डा केसीका तर्फबाट वार्तामा सहभागी अधिवक्ता ओमप्रकाश अर्याल थप्छन्, "अदालतले नै प्रधानन्यायाधीशमाथि छानबिन अघि बढाएपछि अनशन तोडिए पनि कानुनी लडाइँ जारी रहन्छ।"

डा केसीले सर्वोच्च अदालतको इजलासमा पेस गरेको ११ बुँदे लिखित बयानमा पुनरावेदन (हाल उच्च) र सर्वोच्च अदालतमा रहँदा पराजुलीले मेडिकल कलेजका पक्षमा गरेका आदेश एवं फैसला मात्रै होइन, उनको शैक्षिक योग्यता र नागरिकता विवादलाई समेत उठाएका छन्। दुई ठाउँबाट नागरिकता लिएको, पछिल्लो नागरिकता लिँदा उमेर सच्याएको र आफ्नो प्रधानन्यायाधीश पदको अवधि लम्ब्याउने उद्देश्यले किर्ते गरेको केसीको आरोप छ।

१८ कात्तिक ०४८ मा पुनरावेदन अदालतको न्यायाधीशमा प्रवेश गर्दा पेस गरेको नागरिकता प्रमाणपत्रका आधारमा न्यायपरिषद्ले उनको जन्ममिति २१ साउन ००९ कायम गरेको थियो। उक्त प्रमाणपत्र २१ साउन ०३० मा लिइएको थियो र त्यसमा उमेर २१ वर्ष उल्लेख थियो। ९ मंसिर ०६७ मा काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट लिएको प्रतिलिपिमा भने १६ वैशाख ०१० उल्लेख छ। त्यसैगरी पराजुलीको एसएलसी प्रमाणपत्रको आधिकारिकतामाथि प्रश्न उठाउँदै केसीले न्यायाधीश हुनका लागि शैक्षिक प्रमाणपत्र नभएको व्यक्ति प्रधानन्यायाधीश हुन नसक्ने, बरू यो राज्य र अदालतजस्तो संस्थालाई

केसीको अनशन शृंखला

१ — २१ देखि २४ असार ०६९
२ — २७ साउनदेखि १ भदौ ०६९
३ — २७ पुसदेखि १० माघ ०७०
४ — २१ माघदेखि ३ फागुन ०७०
५ — ८ देखि १९ फागुन ०७१
६ — ७ देखि २० भदौ ०७२
७ — २ देखि १२ असोज ०७२



१४ २४ पुस ०७४

१३ १९ असोजदेखि १ कात्तिक ०७४

१२ ९ देखि ११ असोज ०७४

११ ९ देखि ३१ साउन ०७४

१० २८ कात्तिकदेखि १९ मंसिर ०७३

९ १० देखि २२ असोज ०७३

८ २६ असारदेखि १० साउन ०७३

गुमराहमा राख्ने कार्य भनेका छन् ।

पराजुलीले लोकमानसिंह कार्कीलाई गलत कानुनी आधारमा सफाइ दिएको र आफ्ना भानिजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कानुनी सल्लाहकार बनाएर ओहोदाको दुरुपयोग गरेको केसीको बयानमा छ । यसैगरी, जग्गा प्लटिङ व्यवसायलाई नियमित र व्यवस्थित गर्न सरकारले लिएको नीति र निर्णयलाई उल्टाई भू-माफियाको हित हुने गरी एकतर्फी रूपमा पराजुली स्वयंले आदेश दिएको भन्दै केसीले यसलाई समेत न्याय बेचबिखनको संज्ञा दिएका छन् ।

क्यासिनो चलाएबापत होटलले रोयल्टी तिर्नु नपर्ने पराजुलीको फैसलाले न्याय मरेको टिप्पणी केसीको छ । त्यसैगरी, पराजुलीको नेतृत्वकालमा आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्माविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा चलाउँदा सर्वोच्चले शर्माको पक्षमा आदेश गरेको, नेपाल आयल निगमको प्रबन्ध निर्देशक गोपालबहादुर खड्कालाई पुनःबहाल गरेको, ६१ अर्ब रुपियाँ पुँजीगत लाभकर तिर्न अटेर गरिरहेको एनसेलको लाभांश विदेश लैजान रोक्ने सरकारको निर्णयलाई फुकुवा गरिदिएको र यसबाट अर्बौं राजस्व राज्यले गुमाउने अवस्था आएको आफ्नो बयानमा उल्लेख गरेका छन् । 'के यस्ता क्रियाकलापले कानुनको शासनलाई उपहास गरेका छैनन् ?' डा केसीले लिखित बयानमा भनेका छन्, 'यी सम्पूर्ण मुद्दामा भएका आदेशबाट न्याय मरेको छ/छैन भनेर न्यायिक निरूपण एवं छानबिन गरियोस् ।'

आफ्ना नातेदारलाई ६ महिनाको अवधिमा तीनपटक बढुवा गरेकाले न्यायिक स्वाधीनतामा कुठाराघात भएको र यस्तो अमर्यादित कार्य गर्ने व्यक्ति प्रधानन्यायाधीशजस्तो गरिमामय सार्वजनिक ओहोदाको पदमा बस्न मिल्दैन भन्दै उनले अगाडि उल्लेख गरेका छन्, 'एक सचेत नागरिकको हैसियतले मैले उनको राजीनामा मागेको हुँ । अन्यथा न्यायपालिका स्वाधीन र स्वतन्त्र बन्न निजबाट बाधा र अवरोध भइरहन्छ । न्यायिक स्वाधीनतामा अवरोध गर्ने व्यक्ति प्रधानन्यायाधीश बन्नु हुँदैन ।'

अदालत र मेडिकल शिक्षा

पराजुलीको पृष्ठभूमि, उनी सर्वोच्च अदालतमा आइसकेपछि गरेका निर्णय, आदेश र प्रधानन्यायाधीशका रूपमा उनको भूमिकालाई समेत राजीनामा दिनुपर्ने आधारका रूपमा केसीले अघि सारे पनि मूलतः उनको दाबी चिकित्सा शिक्षाका विकृतिमा अदालतबाट प्राप्त संरक्षणप्रति हो । त्यसमा पनि निश्चित न्यायाधीशका इजलासबाट निजी मेडिकल कलेजका पक्षमा आदेश र फैसला भएका छन् । त्यसमा प्रधानन्यायाधीश पराजुलीलाई जोडेर तिनै मुद्दालाई डा केसीले उठाएका छन् । खासगरी विद्यार्थी संख्या (कोटा)मा उनले मेडिकल कलेज सञ्चालकको पक्षमा दिएका आदेश र निर्णयलाई डा केसीले माफियाको प्रभावका रूपमा टिप्पणी गरेका छन् ।

नियामक निकाय नेपाल मेडिकल काउन्सिलले आवश्यक पूर्वाधार भए/नभएको आधारमा मेडिकल कलेजहरूले पढाउन पाउने विद्यार्थी संख्या (कोटा) यकिन गर्छ । काउन्सिल यसका निम्ति विशेषज्ञतायुक्त निकाय पनि हो । तर, मेडिकल कलेजहरूले पूर्वाधारबिनै विश्वविद्यालयबाट सम्बन्धन लिने, कोटा थप्ने अनि काउन्सिलले बदर गर्दा अदालतको सहारा लिने प्रवृत्ति झाँगिँदै गयो । केसीको तर्फबाट बहस गर्नेमध्येका अधिवक्ता कपिलदेव ढकाल भन्छन्, "मेडिकल शिक्षा र समग्र स्वास्थ्य क्षेत्रका माफियाको प्रभाव अदालतसम्म देखिँदाका प्रमाण सबैसामु खुलस्त रूपमा डा केसीले राख्नुभएको छ । अदालतमा सुधार नभएसम्म राज्य र समाजको कुनै क्षेत्र विकृतिमुक्त हुन सक्दैन भन्ने उहाँको विश्वास छ ।"

किन यस्तो अवस्था आयो ?

प्रधानन्यायाधीश गोपाल पराजुलीको 'ट्र्याक रेकर्ड' हेर्ने हो भने उनी सुरुदेखि नै विवादित भइरहे । पुनरावेदन अदालतमा निजी मेडिकल कलेजका पक्षमा अस्वाभाविक रूपमा गरेका आदेशका कारण उनी विवादित भए भने त्यसपछि उनलाई भ्रष्टाचार मुद्दामा सर्वोच्चबाटै

स्थापित नजिर र मापदण्डको उपेक्षा गरेको, सर्वोच्च अदालतमा नियुक्ति हुँदा अस्वाभाविक चलखेल गरेको लगायतका आरोप लागिरहे ।

हुन पनि भ्रष्टाचारसम्बन्धी मुद्दा हेर्ने विशेष अदालतले अकुत सम्पत्तिलगायत गम्भीर प्रकृतिका भ्रष्टाचार मुद्दामा प्राविधिक आधार देखाउँदै सफाइ दिएको थियो । त्यतिखेर लिएका निर्णयाधार अभियुक्तलाई जसरी पनि उन्मुक्ति दिने उद्देश्यले कानुनको गलत प्रयोग र व्याख्या गरेको ठहरका साथ सर्वोच्च अदालतले विशेषका न्यायाधीशहरूलाई कारबाही गर्नुपर्ने फैसला गरेको थियो । साथै, भ्रष्टाचार मुद्दामा फैसला गर्दा हेरिनुपर्ने मापदण्ड र आधारमा एकरूपता समेत सर्वोच्चले कायम गरेको थियो । तर, पराजुलीको इजलासबाट अकुत सम्पत्तिका मुद्दामा अभियुक्तका पक्षमा फैसला भए । जबकि, उस्तै प्रकृतिका मुद्दामा रामप्रसाद श्रेष्ठ, खिलराज रेग्मी, बलराम केसी, कल्याण श्रेष्ठ, सुशीला कार्की, तर्कराज भट्टलगायतका इजलासबाट भ्रष्टाचारका अभियुक्तलाई सजाय भएको छ ।

अन्य न्यायाधीशका इजलासबाट चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, जयप्रकाश गुप्तालगायतले अकुत सम्पत्ति आर्जनको मुद्दामा भ्रष्टाचार ठहर भई सजाय भुक्तान गर्नु परे पनि पराजुली संलग्न इजलासले यस्तै अभियुक्तलाई सफाइ दिएका उदाहरण छन् । जस्तो कि, भौतिक योजना तथा निर्माण मन्त्रालयका सहसचिव (इन्जिनियर) तनुकलाल यादवविरुद्ध अख्तियारले १ करोड २४ लाख ८२ हजार रुपियाँ अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगसहित मुद्दा दायर गरेको थियो । विशेष अदालतले २८ लाख २४ हजार रुपियाँबराबरको सम्पत्ति अवैध ठहर गर्‍यो । विशेषको फैसलाले यादवको बिगो थोरै कायम गरेकामा चित्त नबुझेर अख्तियार सर्वोच्चमा गयो । तत्कालीन प्रधानन्यायाधीश रामकुमार साह र न्यायाधीश पराजुलीको इजलासले १८ फागुन ०७२ मा भ्रष्टाचार मुद्दाबाट सफाइ दियो ।

त्यसैगरी तातोपानी भन्सार कार्यालयका नायब सुब्बा भरतप्रसाद घिमिरेलाई अख्तियारले

साख गिरेका न्यायाधीश र न्यायालयले गरेको हठात् हस्तक्षेपबाट पनि पुष्टि हुन्छ कि कतै कमजोरी छ र त केसीको कुराले पोल्यो । सबभन्दा बढी संयम हुनुपर्नेबाट अधैर्य प्रकट भयो ।

● **श्रीहरि अर्याल**
वरिष्ठ अधिवक्ता

प्रधानन्यायाधीशका बारेमा उठेका यी गम्भीर प्रश्नको स्वतन्त्र छानबिन र न्यायिक निरूपण आवश्यक छ भन्ने कुरा न्यायपालिका आफैँले महसुस गरी प्रक्रिया थाल्नु आरोपको स्वीकारोक्ति नै हो ।

● **सुरेन्द्र भण्डारी**
वरिष्ठ अधिवक्ता

१ करोड ६५ हजार रुपियाँबराबर अवैध सम्पत्ति जोडेको अभियोग लगाएको थियो । विशेष अदालतले उनको ७६ लाख ४६ हजार ८ सय ९६ रुपियाँबराबरको सम्पत्तिलाई भ्रष्टाचार गरी कमाएको ठहर गर्‍यो । १३ असार ०७२ मा पराजुली र दीपकराज जोशीको इजलासले उनको सबै सम्पत्तिलाई वैध ठहर गरिदियो ।

पराजुली सर्वोच्चमा न्यायाधीश नियुक्त हुँदा पनि निकै विवाद भएको हो । तत्कालीन अवस्थामा न्यायपालिकाप्रति जनविश्वास बढाउन भूमिका खेलेका र काबिल मानिने न्यायाधीश प्रकाश वस्तीलगायत चार जना बहालवाला न्यायाधीशको म्याद नथपी घर पठाइयो । र, निकै विवादका बीच हालका प्रधानन्यायाधीश पराजुलीलगायत आठ जनालाई नियुक्त गरियो । खास गरी तत्कालीन कानुनमन्त्री देव गुरुङले न्यायपरिषद् सदस्यको हैसियतमा योग्यता, छवि र इमानमाथि प्रश्न उठाएर पराजुलीलाई मुख्य न्यायाधीश बन्नबाट रोकेका थिए । पछि प्रेमबहादुर सिंह कानुनमन्त्री भएपछि पराजुलीलाई मुख्य न्यायाधीश बनाइयो । ०७१ मा दामोदरप्रसाद शर्माको पालामा उनलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरियो ।

सर्वोच्चको न्यायाधीश हुँदा संसदीय

सुनुवाइ समितिका बहुमत सदस्यले पराजुलीको विपक्षमा मतदान गरेका थिए। त्यतिखेर संसद्को कार्यसञ्चालन विधिले एक चौथाइ सदस्यले समर्थन गरेमा संसदीय अनुमोदन ठहरिन्थ्यो । त्यसकारण विवादकै बीच पराजुली सर्वोच्चको न्यायाधीश भए । पछि प्रधानन्यायाधीश बन्ने क्रममा उनका थप विवाद सार्वजनिक भए। उनका न्यायिक निर्णय, व्यक्तिगत आचरण मात्रै नभई शैक्षिक योग्यताको प्रमाणपत्रदेखि नागरिकता र उमेर विवादसमेत सार्वजनिक भए।

पराजुली कार्यकालमा तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीले गरेका फैसला आदि उल्टाउन र हेरफेर गर्न खोजियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीलाई योग्य ठहर गर्ने पराजुली र ओमप्रकाश मिश्रको पुरानो फैसला कार्कीका पालामा उल्टिएको थियो । त्यसैगरी कार्कीले पराजुलीको उमेर विवाद र शैक्षिक योग्यताको प्रमाणपत्रलाई आफूले मान्यता दिन नसक्ने, आधिकारिक निकायबाट प्रमाणित गरेर ल्याउनुपर्ने अडान न्यायपरिषद्मा राखेकी थिइन्। त्यही बीचमा कार्कीमाथि महाभियोग लगाइयो र पराजुली कार्यवाहक प्रधानन्यायाधीश भए ।

आफू कायममुकायम प्रधानन्यायाधीश भएपछि आफ्ना विवादबारे आफैँ निर्णय गरे/गराए । न्यायपरिषद्बाट आफैँलाई भावी प्रधानन्यायाधीशका लागि योग्य व्यक्तिका रूपमा नाम पठाए, संवैधानिक परिषद्मा । संवैधानिक परिषद् र संसदीय सुनुवाइ विशेष समितिले पराजुलीमाथि लागेका आरोप र विवादमाथि छानबिन गरेनन् । सर्वसम्मतिले उनको नाम पारित भयो । गएको १७ साउनदेखि उनी प्रधानन्यायाधीश भए, आगामी १५ वैशाखसम्मका लागि । सर्वोच्च अदालतका एक पूर्वप्रधानन्यायाधीशका भनाइमा, जनास्थामा आधारित हुने न्यायिक संस्थाले जनताको संवेदनासँग खेल्नुहुँदैन भन्ने यस प्रकरणबाट स्पष्ट भयो । "न्यायिक कार्य पूर्णत: प्राविधिक होइन । जनताको मनमा न्यायका बारेमा केही धारणा हुन्छन् र तिनलाई अचम्भित पार्ने काम कहाँसम्म गर्न मिल्छ, सोचनीय छ," उनी भन्छन्, "न्यायकर्मीमा जनताप्रति जवाफदेहिताको चेतना पनि आवश्यक हुन्छ, जुन गुमाएको देखियो ।"

कठघरामा प्रधानन्यायाधीश

डा केसी न्यायिक नेतृत्वप्रति जति आक्रामक रूपमा प्रस्तुत भएका थिए, न्यायिक नेतृत्वले पनि आफ्नो संवेग नियन्त्रण गर्न सकेन । केसीले अनशन थालेबित्तिकै सर्वोच्चकै कर्मचारीलाई प्रतिवेदन उठाउन लगाएर अवहेलनासम्बन्धी मुद्दा तयार गरियो। साँझ अबेरसम्म न्यायाधीश

सडकबाट निर्णय !

डा गोविन्द केसी प्रधानन्यायाधीश गोपाल पराजुलीको योग्यता र न्यायिक निर्णयमा प्रश्न उठाउँदै राजीनामाको माग राखेर अनशन बसे । न्यायपालिकाजस्तो संवेदनशील निकायका काम-कारबाहीबारे सडकमा आन्दोलन गर्ने र सडकबाटै न्यायपालिका प्रमुखलाई हटाउन खोज्ने अराजक बाटो अपनाइएको भनेर समेत केसीको शैलीप्रति टीका-टिप्पणी भएका छन्। आज डा केसीले पराजुलीविरुद्ध जसरी आवाज बुलन्द गरेका छन् र उनका समर्थकको ठूलो समूहले साथ दिइरहेको छ, भोलि त्यसैगरी यही वा अर्को समूहले अर्को प्रधान/न्यायाधीशविरुद्ध यसैगरी आन्दोलन गरेमा के गर्ने ? कतै यो नजिरका रूपमा स्थापित त हुने होइन ?

केसीका तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी भन्छन्, "हो, न्यायाधीश र अदालतका बारेमा टीका-टिप्पणी गर्न नमिल्ने संवैधानिक ग्यारेन्टी छ । तर, न्यायिक नेतृत्वले बाटो बिराएमा, एकपछि अर्को गल्ती गरेमा बोल्न पाइन्छ। ठूलठूला भ्रष्टाचारी छाड्ने, अर्बौंका राजस्व छलीमा छुट दिने न्यायकर्मीका विरुद्ध कोही नबोल्ने हो भने यो केको लोकतन्त्र ? जथाभावी आरोप लगाउन पाइँदैन, प्रमाणमा रहेर बोल्न पाइन्छ। बोल्नु नागरिकको कर्तव्य पनि हो ।"

तस्बिर साभार : पहिलो पोस्ट



मिति २०७४।९।२८ गते नेपाल सरकारका तर्फबाट स्वास्थ्य मन्त्री दीपक बोहरा र सत्याग्रहरत डा गोविन्द केसीबीच भएको सम्झौता:

१) चिकित्सा शिक्षा अध्यादेशको दफा ५ बमोजिमको चिकित्सा शिक्षा आयोगलाई पूर्णता दिन दफा २३ बमोजिमको सिफारिस समिति आजको मितिले ७ दिनभित्र गठन गर्ने ।

२) श्री सर्वोच्च अदालतको मिति २०७४।९।२३ गतेको मुद्दा नं ०७०-WO-०५७१ को उत्प्रेषण मुद्दामा आदेश हुँदा "जहाँसम्म हाल नियुक्त भएका प्रा डा जगदीश प्रसाद अग्रवालको नियुक्ति छ, सो नियुक्तिलाई गैर कानुनी हो भन्ने पुष्टि गर्ने आधार नभएको" भनी गरिएको आदेश अनुसार नै निज डिन अग्रवालको नियुक्ति वैध भएको हुँदा निजको नियुक्तिलाई नै निरन्तरता दिन त्रिभुवन विश्वविद्यालयका कुलपतिमार्फत सम्बन्धित निकायलाई निर्देशन दिने ।

३) त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम)को खोसिएको अधिकार फिर्ता गर्ने सम्बन्धमा यस अगाडि गरिएका सम्झौताहरु कार्यान्वयन गर्न त्रिभुवन विश्वविद्यालयका कुलपतिले यथाशीघ्र र यथोचित कदम लिने । आइओएमको अधिकार फिर्तासम्बन्धी त्रिवि नियमावली संशोधन गर्नका लागि तत्काल त्रिवि सभा (सिनेट)को विशेष बैठक बोलाउने ।

४) त्रिवि शिक्षण अस्पताल सुधार सम्बन्धी मागसम्बन्धमा त्रिवि शिक्षण अस्पतालको भौतिक पूर्वाधारको सुधार र अभिवृद्धि, जनशक्तिको उचित व्यवस्था, सर्वसाधारणलाई दिइने सेवा र सुविधामा विस्तारका लागि आइओएम डिन कार्यालयले राख्ने विस्तारित प्रस्तावमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले आवश्यक आर्थिक व्यवस्था गर्ने ।

५) डा गोविन्द केसीले आमरण अनशनको कार्यक्रम अन्त गर्ने ।

दीपक बोहरा
स्वास्थ्य मन्त्री,
नेपाल सरकार

डा गोविन्द केसी
प्राध्यापक,
त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज

डा गोविन्द केसीका प्रतिनिधि र सरकारी टोलीबीच २८ पुसमा भएको वार्ता (माथि) र सम्झौता-पत्र

डम्बरबहादुर शाहीको इजलासमा बहस चलाइयो । विगतमा न्यायपरिषद् सदस्यका हैसियतले पराजुलीलाई सर्वोच्चमा न्यायाधीश सिफारिस गर्न भूमिका खेलेका विवादित पृष्ठभूमिका कानुन व्यवसायी उपेन्द्रकेशरी न्यौपानेलगायत त्यही दिन अबेर केसीको विपक्षमा बहस गर्न इजलास पुगे । केसीलाई पक्राउ गरी भोलिपल्ट अदालतमा पेस गर्नू भनेर गृह मन्त्रालयका नाममा आदेश जारी भयो । तत्कालै भारी मात्रामा प्रहरी तैनाथ गरी केसीलाई गिरफ्तार गरियो ।

अवहेलना मुद्दा र गिरफ्तारीसँगै केसीले लगाएका आरोपले समेत अदालत प्रवेश गरेको छ । अदालतका मिसिलमा अब प्रधानन्यायाधीश पराजुलीविरुद्धका आरोपहरू लिपिबद्ध भएका छन् । र, उनको नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र विवादसम्बन्धी फाइल र त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानको डिनमा डा शशि शर्मालाई पुनःबहाल गर्ने फैसलाको मिसिल झिकाउने आदेशसमेत सर्वोच्चबाट भएको छ । केसीविरुद्धको मुद्दाको सुनुवाइले प्रधानन्यायाधीश स्वयंलाई कठघरामा तानेको छ । बहालवाला प्रधानन्यायाधीशमाथि लगाइएको सबैभन्दा गम्भीर आरोपमा अदालत स्वयंले छानबिन गर्ने भएको छ भने डा केसी साधारण तारेखमा छुटेका छन् ।

अदालतको यो आदेशसँगै प्रधानन्यायाधीश पराजुलीमाथि राजीनामा गर्न वा आफ्ना नियमित काम-कारबाहीबाट अलग रहन नैतिक दबाब परेको छ । वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल भन्छन्, "प्रधानन्यायाधीशमाथि गम्भीर आरोप लागेको र त्यसबारे अदालतले नै छानबिनको प्रक्रिया थालेकाले स्वच्छ सुनुवाइ प्रभावित हुन सक्ने भएकाले राजीनामा दिनु उचित हुन्छ । यसले न्यायपालिकाप्रति जनास्थामा थप क्षति पुग्नबाट पनि जोगाउँछ ।"

कसको शक्ति कति ?

यतिखेर कानुनी रूपमा हेर्ने हो भने प्रधानन्यायाधीश गोपाल पराजुली राज्यका अन्य ओहोदाधारीभन्दा सबैभन्दा शक्तिशाली देखिन्छन् । किनभने, उनलाई पदबाट हटाउन सक्ने र उनका काममाथि प्रश्न उठाउन पाउने एक मात्रै वैधानिक संस्था संसद् अस्तित्वमा छैन । विगतको संसद् विघटन भएको र नयाँ प्रतिनिधिसभाको निर्वाचन भइसकेपछि मत परिणाम सार्वजनिक नगरिएका कारण उसले काम गर्न पाएको छैन । राज्यको प्रमुख अंग कार्यपालिका कामचलाउ हैसियतमा छ, त्यो पनि निर्वाचनमा पराजय बेहोरेको पार्टीको नेतृत्वमा । कार्यपालिकाको कमजोर वैधानिक हैसियत र व्यवस्थापिकाको अनुपस्थितिमा न्यायालयका प्रमुख सबैभन्दा शक्तिशाली देखिन्छन् । उनका एक आदेश वा निर्णय अन्य सम्पूर्ण निकायका निम्ति बाध्यकारी ठहर्छन् ।

यसको ठीक विपरीत डा केसीसँग राज्यशक्ति त छैन नै, आफू कार्यरत त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानबाट बिदा लिएर आन्दोलन गर्नुपरेको छ । कुनै संस्थागत तागत नभएका केसीलाई मुलुकको सबैभन्दा शक्तिशाली पदाधिकारीसँग आमनेसामने उभिएर औँला ठड्याउने तागत कहाँबाट आयो ? "डा केसीको वैयक्तिक निष्ठा र बृहत्तर स्वार्थका एजेन्डामा चलाएको अभियानका कारण आर्जेको सर्वसाधारणको सद्भाव नै शक्तिको स्रोत हो," वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल भन्छन्, "साख गिरेका न्यायाधीश र न्यायालयले गरेको हठात् हस्तक्षेपबाट पनि पुष्टि हुन्छ कि कतै कमजोरी छ र त केसीको कुराले पोल्यो । सबभन्दा बढी संयम हुनुपर्नेबाट अधैर्य प्रकट भयो ।" ◆

KMG
KANTIPUR MEDIA GROUP

गुनासो, जानकारी, परामर्श सुझाव...

कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा निःशुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।

निःशुल्क टोल फ्रि नम्बर

1660 01 22222	NTC
9801 57 2222	Ncell

अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन।

सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।

www.kmg.com.np

भारतीय गोर्खा सैनिक

आम्दानी लगानी

विदेशी सेनाबाट अवकाशप्रा पेन्सनबापतको रकम दै

बाबुराम विश्वकर्मा

गुल्मीका लक्ष्मीकान्त पाण्डे, ६५, लाई धेरैले प्राकृतिक चिकित्सक तथा योगगुरुका रूपमा चिन्छन् । समाजशास्त्रमा स्नातकोत्तर पाण्डेले भारतको कोलकाताबाट सूर्यकिरण चिकित्सामा विद्यावारिधि पनि गरेका छन् । त्यही कारण उनी अहिले प्राकृतिक चिकित्सकका रूपमा काठमाडौँमा सक्रिय छन् । सबैले थाहा पाएको पाण्डेको परिचय हो यो । तर, यतिले मात्र उनको जीवनलाई सम्पूर्णतामा प्रतिनिधित्व गर्दैन । किनभने, उनी भारतीय सेनाका अवकाशप्राप्त हबल्दार पनि हुन् । भारतीय सेनामा हुँदै उनले शैक्षिक-प्राविधिक योग्यता हासिल गरेर योग र प्राकृतिक चिकित्सामा उच्च

: ८० अर्ब

: न्यून

प्त नेपालीहरूले पाइरहेको
निक उपभोगमै सीमित



ब्रिटिस गोर्खा सैनिक

अध्ययन गरेका हुन् ।

सैनिक सेवामा लागेका धेरैको जीवन त्यसैमा सीमित हुन्छ । तर, पाण्डे अपवाद हुन् । उनले २० वर्षे सैनिक सेवामै प्राकृतिक चिकित्सा अध्ययन गरेर आफ्नो योग्यता बढाए, आफ्नो परिचय फराक पारे । त्यसैले उनको जीवन ६० वर्ष काटेका धेरै नेपालीको भन्दा भिन्न छ । किनभने, उनी काठमाडौंमा बसीबसी मासिक ४३ हजार रुपियाँ पेन्सन बुझ्छन् भने प्राकृतिक चिकित्सकका रूपमा अतिरिक्त आम्दानी पनि गर्छन् । अल नेपाल भारतीय पूर्वसैनिक कल्याणकारी संघ नेपालको अध्यक्षसमेत रहेका पाण्डे भन्छन्, “मेरो आम्दानीको मुख्य स्रोत पेन्सन नै हो । पेन्सनकै कारण ढुक्कले अहिले समाजसेवा र प्राकृतिक चिकित्सामा लाग्न पाएको छु ।”

वार्षिक ८० अर्ब

लक्ष्मीकान्त पाण्डे भारतीय पूर्वसैनिकका एक प्रतिनिधिमूलक पात्र हुन् । उनीजस्ता नेपाल बसीबसी भारतको पेन्सन खाने पूर्वसैनिकको संख्या करिब १ लाख २५ हजार छ भने बहालवाला सैनिकको संख्या झन्डै ४० हजार । एक अनुमान अनुसार भारतीय पूर्वसैनिकले पेन्सनबापत मात्रै दैनिक १९ करोड रुपियाँ बुझ्ने गरेका छन् भने वार्षिकचाहिँ ७० अर्बभन्दा बढी । यहीँ बसेर भारतीय पेन्सन लिनेमा सिपाहीदेखि कर्णेलसम्म छन् । सिपाहीबाट अवकाश पाएकाहरूले औसत मासिक ३० हजार र कर्णेलबाट अवकाश पाएकाले मासिक १ लाख ५० रुपियाँसम्म पेन्सन पाउँछन् ।

नेपाल राष्ट्र बैंकको आँकडा अनुसार आर्थिक वर्ष ०७३/७४ मा मात्रै भारतबाट नेपालमा पेन्सनबापत ४५ अर्ब ५९ करोड २६ लाख रुपियाँ भित्रिएको छ । त्यस्तै तेस्रो मुलुक (बेलायतलगायत)बाट १ अर्ब ५० करोड रुपियाँ आएको छ । यो औपचारिक आँकडा बैंकिङ प्रणालीबाट आउने रकमको मात्र हो । जबकि, भारत र तेस्रो मुलुकबाट पेन्सनबापत वर्षको झन्डै ८० अर्ब रुपियाँभन्दा बढी नेपाल भित्रिने गरेको छ । सबै रकम बैंकिङ प्रणालीमार्फत नआउने र कतिपयले सम्बन्धित देशमै पेन्सन बुझ्ने गरेकाले औपचारिक आँकडा कम देखिएको हो । हुन पनि नेपालवासी भारतीय पूर्वसैनिकहरूमध्ये धेरैले भारतको लखनउ र सिलगुढीबाट पनि पेन्सन बुझ्छन् ।

खाडी मुलुकमा पसिना बगाएर नेपाली युवाले कमाएको रेमिट्यान्सले जसरी अर्थतन्त्रलाई चलायमान बनाएको छ, चुपचाप कसैले थाहै नपाउने गरी आइरहेको पूर्वसैनिकको पेन्सनले धेरै नेपालीको जीवनस्तर उकासेको छ । राष्ट्र बैंकका अनुसन्धान विभाग प्रमुख नरबहादुर थापा भन्छन्, "रेमिट्यान्सको धेरै चर्चा हुन्छ । तर, चर्चा नै नहुने पेन्सनका नाममा देशमा खुरुखुरु धेरै ठूलो धनराशि आउने गरेको छ, अर्थतन्त्र र समाजका लागि यो असाध्यै सुखद पक्ष हो ।"

सिंगापुर, ब्रुनाई, फ्रान्स, अमेरिकालगायत संसारका धेरै देशको प्रहरी तथा सुरक्षा सेवामा धेरै नेपाली संगठित तथा व्यक्तिगत रूपमा संलग्न छन् । निजी फर्म, अनलाइन तथा म्यानपावर कम्पनीहरूमार्फत नेपालीहरू विभिन्न देशका प्रहरी तथा अन्य सुरक्षा सेवामा गएका छन् । तर, भारत र बेलायतचाहिँ त्यस्ता देश हुन्, जहाँको सेनामा गोर्खालीको संस्थागत पहिचान मात्र होइन, संगठित बटालियन नै छ । यो रेकर्ड रातारात बनेको होइन । नेपालीले बेलायती र भारतीय सेनामा अनवरत रूपमा दुई सय वर्षभन्दा बढी रगत बगाएको परिणाम हो ।

संसारभरि फैलिएका छन्, नेपाली । आर्थिक वर्ष ०७३/७४ मा रेमिट्यान्सबाट मात्र देशमा ६ खर्ब ९५ अर्ब रुपियाँ आएको छ । अघिल्ला आर्थिक वर्षमा पनि यही हाराहारीमा रेमिट्यान्स भित्रिने गरेको राष्ट्र बैंकको आँकडाले देखाउँछ । यो आम्दानी चालू आर्थिक वर्षको पछिल्लो चार महिनामै २ खर्ब २८ अर्ब रुपियाँ छ । मध्यपूर्वलगायतको श्रम बजारबाट काम गर्न सकुन्जेल मात्र रेमिट्यान्स आउने गर्छ, काम छाडे वा अवकाश पाएपछि पेन्सनलगायतको सुविधा भने आउँदैन ।

तर, भारत र बेलायती सेनाबाट अवकाश पाएका नेपालीले मनग्ये पेन्सन पाउने गरेका छन् । त्यसैले खाडी मुलुक र अन्य देशको श्रम बजार र भारत तथा बेलायती सेनामा नेपालीले बगाएको पसिनाबीच ठूलो अन्तर

पूर्वब्रिटिस गोर्खा सैनिकको आन्दोलनमा एकबद्धता जनाउँदै अभिनेत्री जोहाना लुम्ले

ठमेलस्थित भारतीय गोर्खा सैनिक निवास र मानभवनको ब्रिटिस गोर्खा पेन्सन वितरण कार्यालय

छ। यी दुई देशमा नेपालीले गरेको योगदान अरू ठाउँको श्रम बजारमा नेपालीले गरेको योगदानभन्दा पृथक् छ । गोर्खाली सैनिककै वीरताको नतिजा हो, बेलायत र भारतीय सेनामा सेवा गरेर अवकाश पाएका नेपालीले पाउँदै आएको पेन्सन । त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक मानवशास्त्री जनक राई भन्छन्, "बेलायत र भारतको सेनामा गोर्खालीको ब्रान्ड भ्यालु उच्च छ । गोर्खाली ब्रान्डको प्रतिफल हो, अहिले आइरहेको पेन्सन ।"

तर, उपभोगमै सीमित

नेपालीहरूले भारत र बेलायती सेनामा सेवा गरेका कारण देश भित्रिएको ठूलो धनराशिमध्ये अधिकांशचाहिँ उत्पादनमूलक क्षेत्रमा नभई उपभोगमै सकिएको छ। पोखरा, धरानजस्ता सहर भूतपूर्व सैनिकहरूकै पैसाले बनेको चर्चा पुरानै हो। तर, पूर्वसैनिकहरूको लगानीमा कुनै ठूलो परियोजना नबन्नु र नाफा कमाउने र रोजगारी सिर्जना गर्ने क्षेत्रमा योगदान गर्ने काम हुन नसक्नुचाहिँ विडम्बना नै भएको छ । बसीबसी पेन्सन आउने अनि त्यो पेन्सनले चिटिक्कको घर

बेलायतमा विभेद

गोर्खा सैनिकका रूपमा भारत र बेलायतमा नेपालीले गर्ने योगदानमा धेरै अन्तर नभए पनि तिनले पाउने सेवा-सुविधा र पेन्सनमा भने सुरुदेखि नै ठूलो अन्तर रहिआएको छ। भारतमा नेपाली र त्यहाँका सेनाबीच समान पद र सुविधा लागू छ । अर्थात्, नेपालका भारतीय पूर्वसैनिकले पनि भारतीयसरह नै सेवा, सुविधा, तलब र पेन्सन पाउँछन्। तर, बेलायतमा चाहिँ गोर्खा सैनिकहरूमाथि सुरुदेखि नै विभेद छ। पछिल्लो समयमा बेलायत सरकारले नेपाली र बेलायतीबीचको सेवा-सुविधा र पेन्सनमा भएको असमानताको खाडल कम गरे पनि अन्त्यचाहिँ अझै भएको छैन । सन् १९९७ अघि भर्ना भएका गोर्खाली सैनिकले समान पेन्सन पाउन सकेका छैनन् । त्यही कारण हो, भूपू गोर्खा सैनिकहरूले लामो समयदेखि आन्दोलन चलाएको । सत्याग्रह संघर्ष समिति, यूकेका अध्यक्ष पूर्वक्याप्टेन हिमाल राई भन्छन्, "काम र योगदान उही अनि पेन्सन सुविधाचाहिँ गोराले नेपालीभन्दा नौ गुणा बढी पाउने गरेकाले हामीले अझै पनि संघर्ष गरिरहनु परेको छ।"

बेलायतमा गोर्खाली सैनिक र बटालियनको संख्या भारतको जति छैन। त्यहाँ जम्मा चारवटा मात्र गोर्खाली बटालियन छन् । त्यस्तै पेन्सन बुझ्ने पूर्वनेपाली सैनिकको संख्या १९ हजार ५ सय छ भने वेलफेयर पेन्सन पाउनेको संख्या जम्मा ५ हजार २ सय ५० । बेलायत सरकारले विभिन्न कारणले पेन्सन पाउनबाट वञ्चित रहेका पूर्वगोर्खाली सैनिकलाई वेलफेयर पेन्सन दिने गरेको छ।

बेलायती पूर्वसैनिकको पेन्सनबापत मासिक करिब ७८ करोड रुपियाँ र वार्षिक ९ अर्ब रुपियाँ नेपाल आउने गरेको अनुमान छ भने वेलफेयर पेन्सनका नाममा वार्षिक ६६ करोड रुपियाँ स्वदेश भित्रिइरहेको छ। पूर्वगोर्खा सैनिकलाई बेलायतमै आवासीय सुविधासमेत दिइएकाले केहीले चाहिँ बेलायतमै सपरिवार स्थायी बसोवास गरिरहेका छन् । बेलायतमा बहालवाला नेपाली सैनिकको संख्या पनि कम छ । अहिले कार्यरत ब्रिटिस गोर्खा सैनिकको संख्या ३ हजार ५ सय छ भने नेपालीका चारवटा बटालियन, तीनवटा कोर युनिट र पाँचवटा इन्जिनियरिङ युनिट छन्, जहाँ नेपालीहरू सिपाहीदेखि मेजरसम्मको हैसियतमा छन्।

kathmandupost.ekantipur.com

KMG
KANTIPUR MEDIA GROUP

Both can keep the conversation interesting.
But you'll have to break the bank to buy one of them.

The Kathmandu Post unravels stories from all parts of the world keeping you well-informed on everything so that your conversation remains exciting no matter how random the topic gets.

ANS-16

KEEP THE CONVERSATION INTERESTING WITH

money onsaturday sports life&style world thecollegian health&living et cetera op-ed escalate classroom

International content licensed from
The Guardian | Project Syndicate | Asia News Network | The New York Times News Service

the kathmandupost

बनाउने, खाने-लाउने र मोजमस्ती गर्ने आमप्रवृत्ति छ । पूर्वसैनिकहरूको कमाइको ठूलो भाग धेरैजसो उपभोगमै सकिएको बताउँछन् मानवशास्त्री राई पनि । भन्छन्, "पैसा आयो, खायो सकियो । पैसाको सदुपयोग गरेको भए देशमा कायापलट नै हुने थियो । सबैभन्दा दुःखद पक्ष यही हो ।"

यसको अर्को पाटो पनि छ । उनीहरूले आर्थिक तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न नसक्नु वा नजान्नु अनौठो होइन । किनभने, लगानी गरेर नाफा कमाउने सीप पूर्वसैनिकहरूसँग नहुन पनि सक्छ । तर, सरकार र निजी क्षेत्रले पनि भारत र बेलायत वा अर्को कुनै मुलुकमा सेवा गरेका पूर्वसैनिक कमाइ/पेन्सन लक्षित गरेर कुनै पनि योजना अघि सारेका छैनन् । मानवशास्त्री राई भन्छन्, "एक महिनाकै पेन्सन लगानी गरेको भए पनि त्यसले अहिलेसम्म ठूलो फल दिइसक्थ्यो । तर, त्यसमा न पूर्वसैनिक, न राज्य, न त निजी क्षेत्रकै ध्यान गएको छ ।"

बसीबसी चुपचाप देश भित्रिएको पूर्वसैनिकहरूको पेन्सन विलास र उपभोगमै सकिने गरेको स्वयं पूर्वसैनिकहरू पनि स्वीकार्छन् । पोखरा, धरान, बुटवल, भैरहवामा बनेका महँगा घर हुन् वा उनीहरूको जीवनशैली त्यसैले बताउँछ, अनुत्पादक रूपमा भइरहेको पेन्सनको लगानी । अल नेपाल भारतीय सैनिक कल्याणकारी संघका अध्यक्ष पाण्डे भन्छन्, "खाएरै सकिएको छ धेरैको पेन्सन । यदि सरकारले योजना दिने हो भने हामी संगठित रूपमा सानो खालको जलविद्युत् आयोजनामै लगानी गर्न सक्छौं । हामीसँग पैसा छ तर बुद्धि र सीप छैन । सरकार र निजी क्षेत्रले हामीलाई सहयोग गरून्, हामी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न तयार छौं ।"

दुई दशकअघिको तुलनामा पूर्वसैनिकहरूको पेन्सनमा झन्डै दोब्बर बढोत्तरी भएको छ । तर, जति भए पनि उपभोगमै सकिएको छ । उपभोगवादी संस्कृतिकै कारण विराटनगरमा ५० रुपियाँमा पाइने गोलभेडा धरान पुग्दा ८० रुपियाँमा बिक्री हुने गरेको अनुभव सुनाउँछन् मानवशास्त्री राई । भन्छन्, "पूर्व सैनिककै पैसाले टमाटरको मूल्यमा यत्रो अन्तर हुन्छ । यसको कारण उपभोगवादी संस्कृति नै हो ।"

निजी बैंक, सरकार र वित्तीय संस्थाहरूले पनि पूर्वसैनिकहरूको लगानीमा उत्पादनमूलक या सेवामूलक योजना अघि सार्ने हो भने विदेशी पेन्सनले पूर्वसैनिक र तिनको परिवारको कायापलट त हुन सक्छ नै, त्यसको प्रतिफल बृहत् समाजले समेत पाउन सक्छ । किनभने, गाउँगाउँमा खुलेका स-साना सहकारी र आमा समूहहरूले थोरै लगानीमा थालेका साना योजनाले समेत अप्रत्यासित प्रतिफल दिएका कैयौं दृष्टान्त छन् ।

पेन्सनबाट वञ्चित

नाम, थर फरक परेर कागजात नमिलेका करिब १५ देखि २० हजार पूर्वभारतीय सैनिकका परिवारले वि सं ०४४ देखि पेन्सन पाएका छैनन् । सेनामा भर्ना हुँदाको विवरण र पेन्सन बुझ्नका लागि पेस गरिएका कागजात नमिलेका कारण पूर्वसैनिकका परिवारले पेन्सन नपाएको गुनासो परराष्ट्र मन्त्रालयमा पुगेको छ । विडम्बना ! तिनको गुनासो सुनुवाइ भएको छैन । परराष्ट्र मन्त्रालयका सहायक प्रवक्ता रामबाबु ढकाल भन्छन्, "सम्झौता अनुसार पेन्सनसम्बन्धी समस्या पेन्सन पेइङ अफिसले नै हेर्ने हो, हामीले होइन ।" पेन्सन पेइङ अफिसचाहिँ भारतीय दूतावासको सैनिक कल्याणकारी शाखाबाट सञ्चालित छ ।

कागजात नमिलेर पेन्सन रोकिने समस्या बेलायतमा सेवा गरेका पूर्वसैनिकका परिवारले पनि झेल्नुपरेको थियो । तर, बेलायतले आफ्नै सक्रियतामा त्यो समस्या समाधान गर्‍यो । बेलायतले आफ्नो रेकर्ड अनुसार कागज नमिलेका सैनिक परिवारको स्थायी ठेगानामै पुगेर आवश्यक जाँचबुझ गरी समस्या समाधान गरेको थियो । तर, भारतीय पक्षबाट यो अग्रसरता देखाइएको छैन । अल नेपाल भारतीय पूर्वसैनिक कल्याणकारी संघका अध्यक्ष लक्ष्मीकान्त पाण्डे भन्छन्, "कागजात र प्रमाण नपुगेर पेन्सन रोकिएकाहरूको समस्या समाधान गर्न धेरै दौडधुप गरियो तर समाधान भएको छैन ।" हुन पनि संघकै पहलमा भारतीय सैनिकको उच्च नेतृत्वसम्मलाई यो समस्याको जानकारी पुगेको छ । पेन्सन पेइङ अफिसले समाधानका लागि पहल थालेको जनाए पनि सकारात्मक नतिजा कहिले आउने हो, कुनै टुंगो छैन ।



जि.प्र.का.द.नं.: १३१४/०६८/०६९ पान नं. : ६००६३५

अल नेपाल भारतीय पूर्व सैनिक कल्याणकारी संघ

काठमाण्डौं, नेपाल

All Nepal Indian Ex-servicemen Welfare Association (ANIESWA)

Kathmandu, Nepal

च. नं. मिति :-

३. छात्रवृत्ति सम्बन्धमा :-

भारत सरकारको तर्फबाट नेपालवासी विद्यार्थीहरुको लागि दिईने छात्रवृत्तिमा खास गरेर एम.बी. वी.ए.एम.एस. र इन्जिनियर आदी पढ्नको लागि भूतपूर्व सैनिकका आश्रतिहरुको लागि विशेष कोटा गराउने व्यवस्था होस् या भूतपूर्व सैनिकहरुका छोराछोरीहरुलाई प्राथमिकताको आधारमा छात्रवृत्ति गराईदिनुहुन सम्बन्धित निकायमा पहल गरिदिनुहुन अनुरोध छ ।

४. सी.एस.डी क्यान्टिन सम्बन्धमा:-

नेपालवासी भूतपूर्व सैनिकहरुलाई भारत सरकारको तर्फबाट समान पद-समान पेन्शन र महगाई आदी सबै कुरा भारतवासी भूतपूर्व सैनिकहरु सरह प्राप्त भईरहेको छ जसको लागि हामी भारत सरका विशेष धन्यवाद दिन चाहन्छौं । तर सी.एस.डी क्यान्टिनको सुविधाको लागि हामी भारतमै आएर मात्र पाउने व्यवस्था रहेको छ । सम्भव भएसम्म नेपालभित्र या नेपालको सीमानाको नजिक रहेका शहर क्यान्टिन सुविधा उपलब्ध गराउने व्यवस्थाको लागि पहल गरिदिनुहुन अनुरोध छ ।

५. स्वास्थ सेवा सहजता सम्बन्धमा (ई.सी.एच.एस):-

ई.सी.एच.एस अन्तर्गत भुतपूर्व सैनिक एवं तीनका विधवाहरुलाई स्वास्थ सेवा प्राप्त गर्न अवस्था रहेको व्यहोरा म यँहा जानकारी गराउँन चाहन्छु जस्तैः दुर्गम जिल्लाका दुर्गम गाँउमा वसोवास भूतपूर्व सैनिक एवं तिनका विधवाहरुलाई ई.सी.एच.एस सेवा लिनको लागि काठमाण्डौं, पोखरा, धरान पेन्शन क्याम्पमा आएर मात्र सुविधा प्राप्त गर्न सकिने व्यवस्था रहेको छ । यस किसिमको स्वास्थ सेवाला भन्दा सहज तरिकाबाट सेवा उपलब्ध गराउने व्यवस्थाको लागि पहल गरिदिनुहुन अनुरोध छ ।

६. शहिद स्मारक एवं अन्तर्राष्ट्रिय स्तरको संग्रहालय निर्माण सम्बन्धमा:-

आफ्नो कर्तव्य पुरा गर्ने क्रममा आफ्नो शरीरको बलिदान दिएका शहिदहरुको सम्झनामा एउटा स्मारक एवं अन्तर्राष्ट्रिय स्तरको संग्रहालय नेपालमा निर्माण गरी पर्यटकहरुको आवागमन समेत हुन सक्ने व्यवस्था मिलाउने विषयमा यस संस्थाले सोंच बनाएको छ यसको लागि भारत सरकारबाट यथाशिघ्र गरिदिनुहुन हामी अनुरोध गर्दछौं ।

(डा. लक्ष्मीकान्त पाण्डे)

अध्यक्ष

सरकारी उपेक्षा

जीवनको उर्वर समय विदेशी सेनामा बिताएका पूर्वसैनिकहरूले आफ्नो कमाइलाई सामूहिक र सामुदायिक रूपमा नाफामूलक क्षेत्रमा लगाउन त सकेनन् नै, सरकारी स्तरबाट समेत उनीहरू उपेक्षाको सिकार भएका छन् । तिनको कमाइलाई उत्पादन/सेवामूलक क्षेत्रमा लगाउने त टाढाको कुरा भयो, उनीहरूका दैनिक गुनासो सुन्ने र सम्बोधन गर्नमा समेत राज्य चुकेको छ । यसका लागि न सरकारको नीति छ, न त कुनै निकाय नै ।

यतिसम्म कि, भारत र बेलायती सेनाबाट अवकाश पाएका नेपाली सैनिकको संख्या होस् वा तिनका नाममा भित्रिने

"हाम्रा समस्यामा सरकार बोल्दै बोल्दैन, सन्धि पनि बिर्सेजस्तो गरेको छ । यो कूटनीतिक मामिला हो भन्दै पन्छिदै आएको छ ।"

प्रेम राई
अध्यक्ष, संयुक्त गोर्खा ब्रिटिस भूतपूर्व सैनिक संघ, नेपाल

आर्थिक वर्ष ०७३/७४

रेमिट्यान्स
६ खर्ब ९५ अर्ब

पूर्वसैनिक पेन्सन

भारतबाट
४५ अर्ब ५९ करोड २६ लाख

स्रोत : नेपाल राष्ट्र बैंक

अनौपचारिक आँकडा

भारतबाट
७० अर्बभन्दा बढी

बेलायतलगायत तेस्रो मुलुकबाट
९ अर्बभन्दा बढी

(अंक रुपियाँमा)

पेन्सनवाला पूर्वसैनिक

भारत
१ लाख २५ हजार

बेलायत
२४ हजार

बहालवाला सैनिक

भारत
४० हजार

बेलायत
३ हजार ५ सय

गोर्खा बटालियन

भारत
७

बेलायत
४

"बेलायत र भारतको सेनामा गोर्खालीको ब्रान्ड भ्यालु उच्च छ । गोर्खाली ब्रान्डको प्रतिफल हो, अहिले आइरहेको पेन्सन ।"

जनक राई
मानवशास्त्री, त्रिवि

पेन्सनसम्बन्धी कुनै तथ्यांक पनि सरकारसँग छैन। परराष्ट्र मन्त्रालयका प्रवक्ता भरतराज पौडेल भन्छन्, "विदेशी सेनामा सेवा गरेर फर्किएका नेपालीका कुनै उजुरी आए, हेर्ने गरिएको छ। ठ्याक्कै उनीहरूकै लागि अलग व्यवस्थाचाहिँ गरिएको छैन ।"

सरकारसँग पूर्वसैनिकहरूको मात्र होइन, अहिले बेलायत र भारतको सैनिक सेवामा कति नेपाली छन् भन्ने आँकडा पनि छैन । यसैबाट प्रस्ट हुन्छ, सरकारी बेवास्ता । बेलायती उपनिवेशबाट भारत स्वतन्त्र भएपछि ९ नोभेम्बर १९४७ मा नेपाल, भारत र बेलायत सरकारबीच भएको त्रिपक्षीय सम्झौता अनुसार बेलायती र भारतीय सेनामा नेपालीहरूको भर्ती सुरु भएको हो। यद्यपि, नेपालीहरू सन् १८१४ देखि बेलायती/भारतीय सेनामा भर्ती भइरहेका थिए ।

तीन देशबीच भएको त्यो सम्झौतामा भारत र बेलायतले गोर्खाली फौज भर्ती गर्ने, त्यसरी भर्ती गरिएका गोर्खालीलाई आफ्नो सेनासरह सेवा, सुविधा दिई समान व्यवहार गर्ने उल्लेख छ । तर, सन्धि लागू भएको ७० वर्ष भइसक्दा पनि त्यसका कतिपय सर्त कागजमै सीमित रहेको संयुक्त गोर्खा ब्रिटिस भूतपूर्व सैनिक संघ नेपालका अध्यक्ष प्रेम राई बताउँछन्। भारत र बेलायत सरकारले आफूसँग गरेको सन्धि लागू गरेको छ वा छैन, सर्त पालना भएका छन् वा छैनन् भनेर नेपाल सरकारले कहिल्यै पनि अनुगमन वा अध्ययन गरेको छैन । अध्यक्ष राई भन्छन्, "हाम्रा समस्यामा नेपाल सरकार बोल्दै बोल्दैन, सन्धि पनि बिर्सेजस्तो गरेको छ । यो कूटनीतिक मामिला हो भन्दै पन्छिदै आएको छ ।"

बाह्य मुलुकसँगका सन्धि-सम्झौता लागू भए नभएको हेर्ने/लागू गराउन पहल गर्ने दायित्व सरकारकै हो । तर, बेलायत र भारतीय पूर्वसैनिकको मामिलालाई राज्यले पूरै अनदेखा गरेको छ । त्यसैले एकातिर पूर्वबेलायती सैनिकले असमान पेन्सनको कष्ट झेल्दै आउनुपरेको छ भने पूर्वभारतीय सैनिकले कागजात नमिलेकाले पेन्सनबाटै वञ्चित हुनुपरेको छ *(हेर्नूस्, बक्स)* ।

सरकारले विदेशी सेनामा काम गरिरहेका र निवृत्त भएर फर्किएकाहरूको समस्यामै सरोकार नभएजस्तो व्यवहार देखाइरहेको दुर्भाग्यपूर्ण परिस्थितिमा उनीहरूले प्राप्त गर्ने पेन्सन रकमलाई नाफामूलक उद्यममा लगाउन सक्रियता लिने अपेक्षा गर्नु तत्कालका लागि निरर्थक नै छ । जबकि, विश्वभरि छरिएका गैरआवासीय नेपालीलाई स्वदेशमै लगानीको वातावरण बनाउने मामिलामा भने धेरै काम भएको छ। संस्थागत, सामुदायिक र निजी तवरमा लगानी गर्ने क्रम बढिरहेको छ। उनीहरूका समस्याप्रति सरकार तुलनात्मक रूपमा चनाखोसमेत देखिने गरेको छ । तर, विदेशी सेनामा काम गरेर फर्किएका पूर्वसैनिकहरूप्रतिको सरकारी रवैयाचाहिँ लज्जाजनक छ । त्यही भएर हो, भारतीय सेनामा सेवा गरेर नेपाल फर्किएका गुल्मीका लक्ष्मीकान्त पाण्डेजस्ता धेरैले आफ्नो पसिनाको कमाइ उत्पादनमूलक क्षेत्रमा लगाउन उचित वातावरण नपाएको । ◆

समाचार अझै सहज, अझै अनुकूल

सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बद्लिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईंको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com

चित्रमान्डू

नेपाली चित्रकलामा आशलाग्दो चहलपहल

राजकुमार बानियाँ

नेपाल आर्ट काउन्सिलको ग्यालरीमा १३ देखि २४ पुससम्म 'रेस्ट्रोपेक्टिभ' शीर्षकमा एकल कला प्रदर्शनी गरे, वरिष्ठ चित्रकार शंकरराज सिंह सुवालले । १२ दिने प्रदर्शनीमा २० हजारले उनका चित्रकला अवलोकन गरे । प्रदर्शनीमा उनले १९ लाख रुपियाँ पनि कमाए । गणेशको चित्र नै १० लाख रुपियाँमा बिक्री भएको उनको दाबी छ । तर, उनले चित्र-क्रेता व्यवसायीको नाम गोप्य राखेका छन् ।

संस्कृति र इतिहासमूलक चित्रमै ६० वर्ष बिताएका यी चित्रकारलाई यो रकम-कलम भने खासै अनौठो लाग्दैन । उनको मान्यता छ- चित्रको बिक्री होइन, चित्रमा परेको मिहिनेत हेरियोस् । "परम्परागत नेपाली पौभाचित्र एक करोड रुपियाँसम्म बिक्री भएका छन् । त्यस हिसाबले यो केही पनि होइन," उनी भन्छन्, "यस्तो चित्र रातारात बन्दैन । समय र खर्च पनि त्यही अनुपातमा हुन्छ ।"

कला-बजारको दृष्टिले हिउँद 'ड्राई सिजन' हो । तर, काठमाडौंमा साताको दुई-तीनवटा कला प्रदर्शनी भइरहेका छन् । सुवालको चित्र प्रदर्शनी सकिँदा नसकिँदै सिद्धार्थ आर्ट ग्यालरीमा गोपाल कलाप्रेमीको एकल चित्रकला प्रदर्शनी जारी छ । कला बजारमा चिनिन चाहनेका लागि सिद्धार्थ ग्यालरीको बेग्लै महत्त्व छ । ३१ वर्षे इतिहास बनाएको यो ग्यालरीमा चित्रको बिक्री पनि राम्रै छ । जानकारहरूका भनाइमा काठमाडौंका प्रायः कला प्रदर्शनीमा ८-१० वटा चित्र बिक्री भएकै हुन्छन् ।

कलासर्जकलाई जीवन दिने भनेकै ग्यालरीले हो । राजधानीमा अहिले सरकारी बाहेक मुस्किलले १० वटा निजी आर्ट ग्यालरी छन् । तीमध्ये सिद्धार्थ, पार्क, आर्टिस्ट प्रुफ, नेवाःछेँ, सिंह, मिथिला प्रमुख आर्ट ग्यालरी हुन् । त्यहाँ कम्तीमा महिनामा एउटा कला प्रदर्शनी हुन्छ । "अरू ग्यालरीको कुरा मलाई थाहा हुन्न, मैले सोध्न पनि मिल्दैन," सिद्धार्थ आर्ट ग्यालरीकी प्रमुख संगीता थापा भन्छिन्, "सिद्धार्थमा सुन्दर किसिमका कलाकृति प्रदर्शनीमा राखिएका छन् । सिजन या राजनीतिक अस्थिरताको प्रभाव हुन सक्छ, कला संकलकमा त्यति सारो उत्साह देखेको छैन ।"

काठमाडौंमा कलाको पछिल्लो माहोल उल्लेखनीय नै छ । अझ साहित्य, संगीत, फिल्म क्षेत्रभन्दा सन्तोषजनक स्थितिमा छ चित्रकला । कला समीक्षक देवेन्द्र थुम्केली यसमा चारवटा पक्षलाई जिम्मेवार देख्छन् । पहिलो- चित्रकलासम्बन्धी प्राज्ञिक संस्थाको बढोत्तरी, दोस्रो- दर्जनौं कला प्रदर्शनी, तेस्रो- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र चौथो- नेपाल ललितकला एकेडेमीको स्थापना ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको ललितकला क्याम्पसमा स्नातकोत्तर तहको पढाइ हुन्छ भने काठमाडौं विश्वविद्यालयको कला विभागले पनि स्नातक कार्यक्रम सुरु गरिसकेको छ । यसबाहेक सिर्जना कलेज अफ फाइन आर्ट पनि छ । कक्षा १२ सम्म चित्रकलाको पढाइ हुने विद्यालयको संख्या नै आधा दर्जन पुगेको छ । तथ्यांक अनुसार काठमाडौंमा तीन, ललितपुरमा

तस्बिर : भास्कर ओझा

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलको ग्यालरी

दुई, भक्तपुर र कास्कीमा एक-एक त्यस्ता विद्यालय छन्। यस अतिरिक्त 'हबी क्लास' लिने संस्था नै एक दर्जनभन्दा बढी छन्। तिनले एक महिनादेखि एक वर्षसम्मका कोर्स सञ्चालन गर्दै आएका छन्।

व्यक्तिगत र संस्थागत रूपमा चित्रकला प्रदर्शनी गर्न स्थान भने पर्याप्त छैनन्। खास गरी दुई वर्षअघिको भुइँचालोले अधिकांश ग्यालरी भत्किए। अझ ललितकला संस्था (नाफा)को भवन भत्किएपछि प्रदर्शनी कक्षको अभाव कला सर्जकहरूले झेलिरहेका छन्। यद्यपि, भुइँचालोले गर्दा क्षति पुगेका निजी क्षेत्रका अधिकांश ग्यालरीले दुई वर्षमै पुनर्जीवन पाइसकेका छन्। नियमित प्रदर्शनीका कारण कलाप्रेमीको घेरा पनि फराकिलो हुँदै गएको छ।

बाहिरी विश्वसँगको सम्पर्क र आउजाउका कारण चित्र किन्ने, संकलन गर्ने वा सजाउने सौखिनको संख्या नजानिँदो गरी बढ्दैछ। अझ कला नै उपहारका रूपमा दिने र लिने चलन सुरु भएको छ। हाउजिङ, अपार्टमेन्ट र इन्टेरियर डिजाइनमा पेन्टिङ या आर्ट पिसको सजावट पनि सामान्य भइसक्यो। वास्तु विज्ञानका आधारमा देवदेवीका चित्र राख्ने भन्ने चलन पनि छ। घरका भित्ता खाली राख्नुहुन्न भन्ने मान्यता राख्नेहरू पनि बढेका छन्।

बैंक, व्यावसायिक फर्म या कम्पनीले पनि कलाकृतिको संग्रहमा रुचि देखाएका छन्। र, त्यसले कलासर्जकको जीविका सहज बनाउँदै लगेको छ। "सम्पन्नताको मानक बैंक ब्यालेन्स, घर, कार या घडेरी मात्रै होइन, कला र संस्कृति पनि हो भन्ने पश्चिमी प्रभावमा कला संकलन तथा संग्रहतर्फ आकर्षित भइरहेका छन्," थुम्केली भन्छन्, "खास गरी कलाकृति उपहार दिँदा विदेशी मित्रहरू मक्ख पर्ने अनुभव नेपालीको छ।"

चित्रकला आर्थिक दृष्टिले सन्तोषजनक रहेको टिप्पणी गर्छन्, ललितकला एकेडेमीका पूर्वसदस्य-सचिव केके कर्माचार्य। नयाँ-नयाँ प्रकाशकको आगमन, पुस्तक बजारको विस्तार, प्रविधिको विकास, एनिमेसन, विज्ञापन आदिका कारण कलाकारहरूले यसबाटै जीविका निर्वाह गर्न सक्ने स्थिति आएको छ। "कविता लेखेर, गीत गाएर र चित्र बनाएर खान पाइन्छ भन्ने मान्यता थियो," कर्माचार्य भन्छन्, "अहिले सर्जकको मान राख्न थालिएको छ। यो सकारात्मक पक्ष हो।"

यति हुँदाहुँदै पनि नेपाली कलाले छलाङ नै मारिसक्यो भन्ने उनलाई लाग्दैन। "१० वर्षसम्म ढुकेर दुई-चारवटा पेन्टिङ बिक्री भयो भनेर धाक लगाउनुको तुक छैन," उनी कलाकारको प्रवृत्ति केलाउँछन्, "हामीकहाँ ठूलठूला व्यवसायी या बैंकरहरूलाई बोलाएर यति र उति किन्यो भनेर हल्ला मच्चाउने चलन छ। लाखौंमा चित्र बिक्री भएको समाचार आउँछ तर पछि त्यही चित्र नबिकेर फेरि अर्को प्रदर्शनीमा राखिएको समाचार आउँदैन।" चर्चाका लागि जितबहादुर रायमाझीदेखि उत्तम नेपालीसम्मले महँगो मोल राखेको उनको आरोप छ।

कर्माचार्यको विश्लेषणमा कलाकारको मिहिनेतको तुलनामा १०-२० लाख केही पनि होइन। बिक्रीका हिसाबले त आधुनिक चित्रभन्दा परम्परागत चित्रको अवस्था राम्रो छ। एकमुष्ट रकम आएजस्तो लागे पनि समयको गणना गर्दा दिनको एक हजार पनि नपर्ने उनको अनुभव छ। पुराना थांका कलाकार मानबहादुर दोङका अनुसार त्यस्ता कलाको अन्तर्राष्ट्रिय बजार वार्षिक २० अर्बभन्दा माथि छ। परम्परागत थांका, पौभा र मूर्ति कलाकारहरूको संख्या नै २५ हजार छ। विश्वकला बजारको केन्द्रका रूपमा चिनिएका चीन, भारतलगायत मुलुकमा यस्ता धार्मिक या परम्परागत चित्र बिक्री हुन्छ।

सिर्जना कलेज अफ फाइन आर्टका अध्यापक समेत रहेका वरिष्ठ चित्रकार कर्माचार्यको बुझाइमा कलाको विकास भएको मान्ने हो भने पनि कुशल सर्जक कमै छन्। "विकास नभएको त भन्न मिल्दैन तर यो समयले गरेको विकास हो। यति पनि नहुने हो भने हामी के रहन्छौं त ?" उनी थप्छन्, "राम्रा कलाकृतिको सिर्जना नेपाली कलाकारका लागि चुनौती हो।"

सुखद पक्ष के भने नेपाली कलासर्जकहरू विश्वव्यापी पहुँचमा पुगेका छन्। अनौपचारिक अध्ययनमा साताामा एक जना नेपाली कलासर्जकले विदेशमा कलाप्रदर्शनी गरेका हुन्छन्। कतिपय कलासर्जकले एक्सपोजर पाउँदै गएका छन्। नेपाली कला युरोप-अमेरिकासम्म फैलिएको मात्र छैन, कलाप्रतिको बुझाइ पनि परिष्कृत हुँदै गएको छ। अन्तर्राष्ट्रिय कला कार्यशाला तथा प्रदर्शनी, बहस, गोष्ठी पनि उत्तिकै भइरहेका छन्।

ललितकला एकेडेमीको संरचना बने पनि त्यसले दूरगामी महत्त्वको काम भने गरिसकेको छैन। "गर्‍यो भनौं भने नतिजा बाहिर देखिँदैन," कला समीक्षक थुम्केली भन्छन्, "गरेको छैन भनौं भने प्राज्ञहरूलाई एकछिन पनि फुर्सद छैन।" एकेडेमीको नेतृत्व तह ललितकलाको उत्थानमा के-के काम गर्ने भन्ने भन्दा पनि आन्तरिक झगडामै रुमल्लिएको छ।

सिद्धार्थ आर्ट ग्यालरीकी प्रमुख थापा एकेडेमी या सरकारी तहबाट कुनै पनि सहयोग नपाएको गुनासो गर्छिन्। राष्ट्रिय गौरवको कार्यक्रम बनेको 'काठमाडौं ट्रिएनाले'का लागि एउटा चिट्ठी लेखिदेऊ भन्दा पनि एकेडेमीले सघाउन नसकेको तीतो अनुभव छ उनीसँग। "अहिले कला क्षेत्रमा जेजति काम भएको छ, त्यो सबै निजी क्षेत्रको देन हो," उनी भन्छिन्, "यसमा सरकार या एकेडेमीको कुनै हात छैन।" ◆

तीन दशकदेखि उस्तै

टरिगाउँ विमानस्थल नियमित सञ्चालनमा इन्धन डिपोको अभाव नै मूल समस्या

दुर्गालाल केसी/दाङ

तुलसीपुरस्थित टरिगाउँ विमानस्थलमा समिट एयरलाइन्सको जहाज बस्यो, २३ पुसमा । बाजागाजासहित जहाजको स्वागत गरियो । यात्रुलाई फूलमालाले स्वागत गरियो । जहाज हेर्न मानिसहरूको ठूलो भीड लाग्यो । कतिले जहाजसँग सेल्फी हाने त कतिले पाइलटसँग ।

दाङ सुगम जिल्ला हो । यहाँका लागि जहाज नयाँ विषय नहुनुपर्ने हो तर विमानस्थलमा नियमित उडान नहुँदा कहिलेकाहीँ आउने जहाज रहरको विषय बन्ने गरेको छ । कुनै विकट जिल्लामा जस्तै अझै पनि स्थानीयहरू जहाज हेर्न विमानस्थल पुग्छन् । ६३ वर्षअघि जहाज बस्न सुरु गरे पनि अहिलेसम्म दंगालीको जहाज हेर्ने रहर मेटिएको छैन । विभिन्न बहानाबाजीका कारण पटक-पटक उडान रोकिँदा नियमित जहाज चढ्ने स्थानीयको चाहना अधुरो रहँदै आएको छ ।

विभिन्न राजनीतिक दलका नेताहरूले विमानस्थल सुचारु गर्ने कुरालाई चुनावी एजेन्डा बनाइरहे । कतिपय नेताहरूले नारायणपुरमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने भन्दै सर्वेक्षणसमेत गराए । तर, न अन्तर्राष्ट्रिय विमानस्थल बन्यो, न त राष्ट्रिय विमानस्थल नै नियमित सञ्चालनमा आयो । कालोपत्रे भएको विमानस्थल लामो समय खाली रहयो । कालोपत्रे भएपछि दुई वर्षअघि गोमा एयरलाइन्सले एक वर्ष सातामा दुईपटक जहाज चलायो । तर, निरन्तरता दिन सकेन । तुलसीपुरका व्यवसायीहरू लगातार विमानस्थलको माग गर्दै सरोकारवाला मन्त्रालय धाए पनि उडान नियमित गराउन कोही तयार भएनन् ।

स्थानीय निर्वाचनमा विमानस्थल सुचारु गर्ने कामलाई मुख्य प्रतिबद्धता बनाएका तुलसीपुर उपमहानगरपालिका प्रमुख घनश्याम पाण्डेले लामो प्रयासपछि समिट एयरलाइन्ससँग सातामा दुईपटक आइतबार र बुधबार काठमाडौं-दाङ जहाज उडाउने सम्झौता गरेका छन् । १८ सिटे जहाजमा १० सिटको जिम्मा उपमहानगरपालिकाले नै लिएर जहाज

दाङको टरिगाउँ विमानस्थलमा अवतरण गरेको जहाज हेर्नेको भीड

उडाउन तयार बनाइएको छ । रन वे सानो भएका कारण ठूला जहाज आउन मान्दैनन् । विमानस्थलमा इन्धन डिपो नभएको भन्दै साना एयरलाइन्सहरूले पनि सहजै जहाज उडाउन मानिरहेका छैनन् । अहिले १८ सिटमध्ये काठमाडौँबाट आउँदा १६ सिटमा यात्रु र दुई सिट बराबरको इन्धन बोकेर आउने गरिएको छ । काठमाडौं फर्कदा मात्रै १८ सिटमै यात्रु चढ्न पाउँछन् ।

६३ वर्षदेखि चल्दै बन्द हुँदै आएको विमानस्थल अब पनि निरन्तर चल्छ कि चल्दैन भन्नेमा धेरैलाई आशंका छ । तुलसीपुर उपमहानगरपालिका प्रमुख पाण्डे भने अब निरन्तर चल्ने दाबी गर्छन् । "अब निरन्तर जहाज चल्छ । इन्धनको समस्या हो । अब यसको वैकल्पिक व्यवस्था गर्दै छौं," भन्छन्, "यात्रुको समस्या छैन । अहिलेसम्म दिनहुँ दुई दर्जनभन्दा बढी मानिसहरू नेपालगन्ज र भैरहवाबाट जहाज चढिरहेका थिए । अब यहीँबाट चढ्न पाउँछन् ।"

जहाज नियमित नभएपछि हालसम्म विमानस्थलस्थित नागरिक उड्डयन कार्यालय सहयोगीले कुरिरहेका थिए । जीर्ण बनेको कार्यालय जहाज चल्ने भएपछि मर्मत-सम्भार गरी प्रयोगमा ल्याइएको छ । ११ फागुन ०११ मा परीक्षण उडान गरिएपछि लगातार ०५२ सम्म नेपाल एयरलाइन्सको जहाज चलेको थियो । "कहिलेकाहीं त दिनमा तीन-चार उडानसम्म भए । राम्रै चलेको थियो," २९ वर्षदेखि टरिगाउँ विमानस्थलमा कार्यरत नागरिक उड्डयन कार्यालयका सहयोगी केदार चौधरी भन्छन्, "०५२ मा एक्कासि इन्धन र यात्रु अभावको कारण देखाउँदै उडान बन्द भयो । त्यसपछि नियमित जहाज उड्न सकेन ।"

त्यतिबेला नेपाल एयरलाइन्सले दाङबाट काठमाडौँ, नेपालगन्ज, रुकुमको चौरजहारी र सल्लेमा उडान गरिरहेको थियो । ०६० मा फेरि नेपाल वायु सेवा, सीता र यती एयरलाइन्सले जहाज उडाउन थाले । हरेकले सातामा एक-एक उडान गरे । ०६६ सम्म लगातार उडान भयो । ०६७ देखि ०७० सम्म विमानस्थल कालोपत्रे गर्न थालेपछि उडान बन्द भयो । कालोपत्रेको काम सम्पन्न भएपछि तुलसीपुर उद्योग वाणिज्य संघको अगुवाइमा गोमा एयरलाइन्सले ०७२ मा एक वर्ष उडान गर्‍यो । त्यतिबेला पनि टिकटको जिम्मा संघले लिएर जहाज चलाएको थियो ।

तस्बिरहरू : दुर्गालाल केसी

दाङको टरिगाउँ विमानस्थलमा पाइलटसँग सेल्फी लिने क्रममा स्थानीय

विमानस्थल सञ्चालनका लागि भन्दै यसअघि विभिन्न पर्यटन मन्त्री आएर अवलोकन गरे । गत वर्ष तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनबहादुर शाहीले विभागका महानिर्देशक सञ्जीव गौतम, मन्त्रालयका सहसचिव सुरेश आचार्य र केही प्राविधिक टोलीसहित आएर विमानस्थलको सम्पूर्ण क्षेत्रको अध्ययन गरे । विमानस्थलको अवलोकनपछि मन्त्री शाहीले धावनमार्ग ७ सय ५० मिटर मात्रै कालोपत्रे भएकाले ठूला जहाज उडाउन प्राविधिक समस्या रहेको बताएका थिए । पूर्वपाइलटसमेत रहेका शाहीले यसलाई बढाएर १ हजार २ सयदेखि १ हजार ५ सयसम्म पुऱ्याउन सके ठूला जहाज पनि उडाउन सकिने त भने तर कार्यप्रगति भने केही भएन ।

पाँच वर्षअघि तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्री लोकेन्द्र विष्ट मगर नेपाल एयरलाइन्सको जहाज लिएर आएका थिए । उनले विमानस्थल सुचारु गर्ने प्रतिबद्धता गरेका थिए तर त्यसले लामो समय निरन्तरता पाउन सकेन । निजी एयरलाइन्स कम्पनीहरूले टिकटको पैसा ग्यारेन्टी गरिदिए मात्र जहाज उडाउँछौं भन्ने सर्त राखेका कारण नियमित विमान सञ्चालनमा समस्या भइरहेको तुलसीपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विमल रिजालको अनुभव छ । "हामीले यात्रु नभए पनि टिकटको पैसा दिनुपर्ने बाध्यता सिर्जना गरिन्छ । त्यसरी नै एक वर्ष त गोमाको जहाज चल्यो," रिजाल भन्छन्, "त्यसो गर्दा पनि भाडा महँगो भएका कारण यात्रुलाई मार पर्छ । इन्धन डिपो नभएका कारण भाडा महँगो पर्ने गरेको छ ।" ♦

गहन खोज, सटीक विश्लेषण, तार्किक विमर्श, स
अन्तरंग संवाद, रोचक रचना र सन्तुलित समा

रेक आइतबार तपाईंसँग

प्रत्येक आइतबार

नेपाल

राष्ट्रिय साप्ताहिक

त्य-तथ्यको पैरवी,
लोचनाको संयोजन

समग्र नेपाल, सम्पूर्ण चित्र

कस्मेटिक कम्युनिस्ट कुटी

■ राजकुमार बानियाँ

झन्डामा हँसिया-हथौडा । पार्टीको नाम कम्युनिस्ट पार्टी । नारा- विश्वका किसान-मजदुरहरू एक हौं । अभिवादन- लाल सलाम ! चलनचल्तीको सम्बोधन कमरेड नै । तर, असली कम्युनिस्ट कोही छैन । विचार एउटा छ, व्यवहार अर्कै । कोही बुझेर बुझ पचाउँछन्, कोही नबुझीकन अन्धाधुन्ध कुद्छन् । तिनलाई भनिने नयाँ पदावली हो, 'कस्मेटिक कम्युनिस्ट ।' यदाकदा लेखकहरू त्यो मनैदेखि कम्युनिस्ट आदर्श पछ्याउन खोज्छन् । त्यो वर्गविहीन समाजको स्थापनामा लाग्ने छटपटीमा हुन्छन् । तर, त्यो एक प्रकारले मृगमरीचिकाजस्तै हो ।

विश्वका किसान-मजदुर एक हौं भन्ने कम्युनिस्टहरू नै दर्जनौं टुक्रामा विभाजित छन् । कतै विचार मिल्दैन, कतै पोर्टफोलियो । एक जना शीर्ष नेता नवसामन्तजस्ता देखिन्छन्, जसले खाएको रिकापी पनि अरू कसैले उठाइदिनुपर्छ । दुईपटक सशस्त्र आन्दोलन नै भयो । तर, वर्गविहीनता होइन कि नेताको वर्गउत्थानमै विसर्जित भयो । हो, यही ज्वलन्त विरोधाभास जनाउने उपन्यास हो, *प्रेमदासको डायरी* । रेशम विरहीले औतारी कम्युनिस्ट उभ्याएका छन्, नेपालगन्जको बीपी चोकमा ।

पुरानो टायरको चप्पल, पहेँलो धोती-कुर्ता, पहेँलै गम्छा । निधारमा श्रीखण्डको चन्दन, घाँटीमा रुद्राक्ष र तुलसीको माला । दस औँलामा दसै किसिमका औँठी । पछाडितिर बाँधेको चुल्ठो र गुन्द्रुकजस्तो जुँगा । कसै गरी लाग्दैन- एक क्रान्तिकारीको यस्तो रुन्चे हुलिया ! २० वर्षपछि भेट भएका आफ्ना राजनीतिक गुरुको हालत देखेर चम्पाकुमारी उर्फ कमरेड कुमारी सोध्छे- 'अनि, के छ त दाइ यो पहेँलो वस्त्रको उपादेयता ?' कमरेड प्रभाकर उर्फ स्वामी प्रेमदास प्रतिप्रश्नै सोध्छ- 'अनि, के रह्यो त तिम्रो यति लामो उत्सर्गको प्रयोजन ?'



प्रेमदासको डायरी
लेखक : रेशम विरही
प्रकाशक : शिखा बुक्स
पृष्ठ : ३०३
मूल्य : ३९५ रुपियाँ

कुमारी र प्रेमदासबीचको जम्काभेटले उपन्यास रोचक बनेको छ । स्वामीले अब चेली कमरेडलाई जवाफ नदिई धरै पाउँदैन । उसले आफ्नो कुटीमा पुऱ्याएपछि डायरी सुम्पन्छ कुमारीलाई । यो डायरी नेपालको कम्युनिस्ट आन्दोलनको टिठलाग्दो वास्तविकता हो । अनि, थाहा हुन्छ- जनसत्ता वा जनमुक्ति काल्पनिक आराधना हो या कुनै जडवत् आख्यान ?

कमरेड कुमारीको हालतले निकै संवेदनशील बनाउँछ पाठकलाई । आखिर १० वर्षे छापामार युद्धको परिणति के हो ? त्यही शब्दको अर्थहीन व्यापार । कुमारी बाहुनकी छोरी थिई । कथित बर्जुवा शिक्षा बहिष्कार गर्छे । सामन्त बाबुको तमसुक च्यात्छे । घर-परिवारबाट परित्यक्त हुन्छे । रामु विकसँग लगनगाँठो कस्छे स्वयं प्रभाकरको रोहवरमा । पति बेपत्ता छ । छापामार युद्ध सकिएपछि न घर जान सक्छे, न त माइत नै । नेता कमरेडहरू लासको सिँढी चढेर प्रतिष्ठाको कौसीमा पुग्छन् । रगतमा लतपतिएका सत्तासीनको अनुहार देखेर दिगमिग लाग्छ उसलाई । डायरी पढेर थाहा हुन्छ उसलाई । पति मारिइसकेको छ । साथी कवितालाई पनि युद्धले निलिसकेको छ । कमरेड छन्दबहादुरसँग अब भौतिक भेट हुने छैन ।

आख्यान भनेकै लेखकीय परिकल्पना हो । तर, *प्रेमदासको डायरी* सम्पूर्ण रूपमा काल्पनिक आख्यान होइन । फ्याक्ट्स आर स्ट्रेन्जर द्यान फिक्सन भन्ने चरितार्थ हुन्छ यो उपन्यास पढ्दा । फूलबुट्टा भरेका कुराभन्दा उपन्यासलाई पठनीय बनाएको छ तथ्यले । उपन्यासको प्रमुख पात्र प्रभाकर उर्फ प्रेमदास भनेकै कस्मेटिक कम्युनिस्टको असली अवतार हो । सशस्त्र विद्रोह र संसदीय प्रणाली दुवैमा निरपेक्ष छ । कति दिग्भ्रमित छ भने पार्टीको निर्णय स्वीकार्न पनि सक्दैन, पार्टी छोड्न पनि सक्दैन । विवाह पनि गर्दैन तर लसपसमा रुचि छ । र, अन्त्यमा स्वामी आवरण त्यागेर पलङमुनिको सुटकेसबाट कोट, सर्ट, पाइन्ट र टाईमै ठाँटिएर मुक्तिको भिक्षा माग्छ, कमरेड कुमारीसँग । ऊ भन्छे, 'म तपाईंका अनुभवको अग्निपरीक्षामा कसरी होमिन सक्छु ? के म कसैको जीवनको प्रयोगशाला हुँ र ?' तर, उसको झिनो विद्रोह त्यही एउटा संवादमा सकिन्छ ।

यो उपन्यास प्रभाकरको यात्रा, कथा र अनुभवको आख्यान हो । कम्युनिस्ट आन्दोलनको चक्रव्यूहमा उजाडिएका धेरैको घरबारको कथा पनि हो । प्रेमदास आफैँमा कम्युनिस्ट आन्दोलनको प्रतीक हो । खासमा प्रेमदास जोगी होइन । हो भने पनि नक्कली जोगी मात्रै हो । ऊ धनी बाबुको छोरो हो, स्कुलमा पढाउँछ । राजनीतिमा लागेर दुनियाँका जवान छोराछोरीलाई स्कुलबाट छुटाउँछ, सयौँ कार्यकर्ता बनाउँछ ।

उपन्यासको कथा पूर्वदीप्ति शैलीमा बगेको छ । प्रेमदास कस्तो चरित्र हो भने घरीघरी रूप बदलिरहन्छ । सुरुमा भावनाले बहकिएर लाग्छ । तर, पार्टीभित्रका अनेक तिकडमबाजीमा पटक-पटक पराजित हुन्छ । पार्टी विभाजनमा मूलधार नछाडे पनि अल्पमतमा पर्छ जहिल्यै । उसका

विचार र कार्यशैली पक्षधर पनि विभिन्न लोभानी-पापानीका सिकार हुन्छन् । जेल पर्छ र छुट्छ पनि । माओवादी विद्रोहका बेला सत्ता र प्रतिसत्ताको निसानामा परेका कारण भारततिर भासिएर नक्कली जोगी बन्छ, स्वामी प्रेमदासका रूपमा । त्यो पनि माओवादी विद्रोहको चियोचर्चोका लागि ।

विरहीले उपन्यासको स्टेरिङ चितवन, काठमाडौं, नेपालगन्ज हुँदै भारतका विभिन्न सहरतिर घुमाएका छन् । यद्यपि, चितवन झरेको पहाडी बस्तीको चित्रण हुन्छ प्रारम्भमा । चितवनमा धनीजति कम्युनिस्ट र गरिबजति कांग्रेस भएको रोचक प्रसंग पनि आएको छ । ०१५ मा टिकौलीको खगेरी खोला सिँचाइ योजना सुरु भयो । नहरमुनिको हजारौं बिघा जमिन हराभरा भए, नहरमाथिका जमिन उजाड । भरतपुरदेखि दक्षिणी भेगका मानिस दुई वर्गमा बाँडिए । सम्पन्न किसानहरू कम्युनिस्ट भए, नहरमुनिका किसानसँग धान किनेर खानेहरूचाहिँ कांग्रेस ।

एक कम्युनिस्ट नेताले विधवा बुहारीलाई गर्भवती बनाउने जेठाजुलाई उन्मुक्ति दिएबापत घूस खाएको प्रसंग पनि छ । चितवन कम्युनिस्ट आन्दोलनको उर्वर भूमि मानियो र मानिन्छ पनि । माओवादी विद्रोहीको त मुख्य नेतृत्व पनि चितवनकै थियो । तर, खास रणभूमि भने पश्चिम नेपाल हुन पुग्यो । बाँदरमुढेलगायतका अपराध भने त्यहाँ भए । राजनीतिक आख्यान भनेकै इतिहासको प्रतिच्छाया हो । त्यस्ता उपन्यासमा समाजको सूक्ष्म विश्लेषण हुन्छ र भविष्यको मार्गदर्शन पनि । आख्यानको त्यो चुनौती संवरण गरेका छन् विरहीले । खास गरी राणाकालदेखि गणतन्त्रकालसम्मको कम्युनिस्ट आन्दोलनको चिरफार गरेको छ यस उपन्यासले ।

उपन्यासले के भन्छ भने गणतन्त्र र सामाजिक परिवर्तनमा केही सकारात्मक योगदान भए पनि माओवादी विद्रोह जसरी उठ्यो, त्यो गलतै हो । रत्नलाल ब्राह्मण, श्रीपाद अमृत डाँगे, कानु सन्याल, चारु मजुमदारको नक्सलबाडी आन्दोलनको फोटोकपी झापा आन्दोलनबारे उपन्यासमा खासै महत्त्व दिइएको छैन । तैपनि, त्यो गलत भएको झापाली मालेले ०३९ मै स्वीकारिसके । माओवादीले स्वीकार्न बाँकी भए पनि केपी ओलीले भन्दिसकेका छन् ।

नेपाली कम्युनिस्टमा कुनै दूरदृष्टि नभएको र नेतृत्व तहमा आत्मविश्वास पनि नभएको उपन्यासको निष्कर्ष छ । जनमतसंग्रहमा बहुदल र निर्दलमा केही फरक छैन भन्ने पनि कम्युनिस्ट नै हुन् । पछि गएर उनीहरूले बहुदल निर्दलभन्दा प्रगतिशील हो भन्ने स्वीकारे । ०४६ मा पनि उनीहरू विभाजित भए । संयुक्त राष्ट्रिय जनआन्दोलनका नाममा अलग भए र आन्दोलनलाई खासै सघाएनन् । माओवादी विद्रोहको कुरुपतालाई पनि उनले छाडेका छैनन् । माओवादीले भारतीय संरक्षण र आशीर्वाद पाएको र माओवादीले नाटकीय रूपमा आत्मसमर्पण गरेको उपन्यासको जिकिर छ । उपन्यासमा कम्युनिस्टहरू कि मारिएका छन् कि आन्दोलन त्यागेका छन् । पलायनको कथा हो, *प्रेमदासको डायरी* ।

> **उपन्यासले के भन्छ भने गणतन्त्र र सामाजिक परिवर्तनमा केही सकारात्मक योगदान भए पनि माओवादी विद्रोह जसरी उठ्यो, त्यो गलतै हो ।**

धर्मलाई अफिम मान्ने तर मार्क्सवादकै अफिममा लठ्ठिरहने वाम राजनीतिको कटु अनुभवलाई नै आख्यानीकरण गरेका छन् लेखकले । जीवन्त प्रस्तुतिका कारण लेखककै कथा भन्ने भान पर्न सक्छ । पाठकलाई लाग्न सक्छ, कति रियल हो कति सर्रियल ? तर, यसमा उनको तालुकात देखिँदैन । लेखक न जोगी भएका छन्, न कुटीमै बसेका छन् । पहिलो उपन्यास भए पनि लेखकले फराकिलो क्यानभासमा औपन्यासिक आनन्द दिएका छन् ।

उपन्यास पढ्दा के थाहा हुन्छ भने नेपालमा दुई धार छ कम्युनिस्टको । एउटा दरबारिया धार, अर्को भारतीय धार । यथार्थमा दुवै कम्युनिस्ट होइनन् । एउटाले अर्कोलाई भारतपरस्त या दरबारपरस्त आरोप लगाइहाल्ने । पुष्पलाल श्रेष्ठलाई कांग्रेस र भारतपरस्त भनिन्थ्यो भने केशरजंग रायमाझीमार्कालाई दरबारपरस्त । प्रदीप गिरी भनिरहन्छन्- कम्युनिस्ट राजा महेन्द्रको कोखबाट जन्मेका हुन् । उनको तर्कमा के दम छ भने *तरुण* पत्रिका पढ्ने पाठक सीधै जेल जानुपर्थ्यो । रुसी र चिनियाँ कम्युनिस्ट साहित्य भोटाहिटीमा निरञ्जनगोविन्द वैद्य र चितवनमा मदनमोहन जोशीको पसलमा खुलेआम किनबेच हुन्थ्यो । दरबारको छत्रछाया कम्युनिस्टहरूले पाएको भन्न करै लाग्छ ।

*प्रेमदासको डायरी*मा आम उपन्यासभन्दा केही फरक रसास्वादन हुन्छ । अन्य उपन्यासमा तानपुराको एउटै राग जस्तो कि प्रेमैप्रेम हुन्छ वा राजनीति नै राजनीति । आवरणमा राजनीतिक उपन्यास भए पनि यसले प्रेम सम्बन्ध र सामाजिक मनोविज्ञान पनि राम्ररी उधिनेको छ । राम्रा लेखक भईकन पनि लो प्रोफाइलमा बस्न रुचाउने विरहीको गद्यशैली सुकुमार छ । अर्को शब्दमा भन्नुपर्दा शास्त्रीय मानको छ । सामाजिक यथार्थको आलोकमा उभिएको प्रस्तुत उपन्यास दर्पण मात्र भएको छ, दीपक हुन सकेको छैन । स्वकीय भावहरू र कल्पनाहरू अपुग छन् । कला पक्षमा अलिक कमजोर छ ।

खासमा कम्युनिज्म वर्गविहीन र न्यायपूर्ण समाजको परिकल्पना हो । यो अद्भुत दर्शनलाई नेपाली कम्युनिस्ट नेताहरूले भने गायत्रीकरण गरिदिए । अझ कतिपयले पुरानिँदै गएको यो भौतिकवादी दर्शनलाई खोटरहित र सीमारहित रूपमा बुझ्छन् । उपन्यासको दाबी छ- नेपालमा कोही पनि कम्युनिस्ट छैन । नेताहरूमै सामन्तवादी मनोविज्ञान हाबी छ र सर्वहारा जीवनपद्धति कतै पनि छैन । कम्युनहरू सनकमा बने र सकिए । उपन्यासमा पुष्पकमल दाहाल पनि छन्, मोहन वैद्य पनि छन्, मोहनविक्रम सिंह पनि कतै न कतै पात्रका माध्यमले उभिएका छन् । यो उपन्यास कम्युनिस्ट आन्दोलनको उठान र बैठान अनि विगत, वर्तमान र भविष्य चिहाउने एउटा आँखीझ्याल हो । विद्यमान विचलन र विसंगतिको कथा भन्दाभन्दै पनि यी लेखकको झिनै सही, फेन्टासी छ- कम्युनिस्ट पार्टीको पुनःगठन । नक्कली मार्क्सवाद र ढोंगी कम्युनिस्टविहीन पार्टी । त्यो पनि सोम शर्माकै सातु-व्यापार योजनाजस्तो नहोला र ? ◆

अनुभूति

। गनेस पौडेल

अल–क्वासा र यादहरू

तिमीलाई थाहै छ, मलाई सपनामा पनि 'म सपना देखिरहेछु' भन्ने हेक्का हुन्छ। सपना देखिरहँदा म सपनाको प्लटलाई नियन्त्रणसमेत गर्न सक्छु। त्यसैले म कहिल्यै दुःस्वप्न देख्दिनँ। एकान्तमा लखेट्दै आउने बाघ-सर्प हुन् या मुटु थिचेर ऐंठन पार्न आउने भूत-प्रेत, मलाई एकछिनमै थाहा हुन्छ, यो सपना हो। बाघसँग लड्नु, गोमनको दाँतलाई कान्छी औंलामा अड्काएर टहलिनु अथवा भूत-प्रेतको टुप्पी रिङ्गाएर मिल्काइदिनु मेरा आमस्वप्नचर्या हुन्।

तर, मान्छेलाई धोका दिने भनेकै आफ्नै क्षमताले हो। म आफ्नै सपनाहरूबाट धेरैपटक धोकाधडीमा परेको छु। तिमी पनि त मेरो एक सपना थियौ नि विपश्वी !

हिजोको सपनामा म घ्यान्जेको घोडा समातेर लगाम कस्दै थिएँ।

घ्यान्जे लोमान्थाङका जोधारे युवा हुन्, जो हरेक हिउँदको घाम ताप्न मेरो गाउँमा झर्थे। अहिले उनी उल्कै बूढो भइसके। हामी उनका घोडाहरू चोरेर चढ्थ्यौं। घोडा चढेरै माइलौं टाढा (दूरी अलि बढी लागे आफैंले घटाउनु) पुग्थ्यौं। उनी हामीलाई घुँयेत्रो मार्दै लखेट्थे। भेटे भने लात्तीले भक्कु गोद्थे। मेरा धेरै बालसखाले उनको पिटाइ खाएका छन्। कसो कसो म सधैं जोगिएको हुन्थें। तर, हिजोको सपनामा म घ्यान्जेबाट जोगिइनँ। जोगिनँ नचाहेको होइन, जोगिनै सकिनँ। मलाई 'यो सपना हो' भन्ने आभासै भएन। जसरी मान्छेहरू 'यो जिन्दगी हो' भन्ने हेक्कै नराखी बाँच्छन्, त्यस्तै सपना भयो। घोडामा चढेर कुँडहर फाँटको नहरैनहर भाग्दा अचानक मेरो पिठ्युँमा घ्यान्जेको घँयेत्रो लाग्यो। म रनाहा पर्दै बारीमा बजारिएँ। बजारिँदा म ठीक ११ वर्षको थिएँ, टीनएज पनि नलागेको बबुरो तर मेरो बगलीबाट फुत्त खसेको थियो एलिनोर हर्मनको *सेक्स विद द क्विन*।

मेरी विपश्वी, तिमीलाई सम्झँदा हरेकपटक बगलीबाट किन खस्छ यो किताब ? (नरिसाउनू, मैले 'मेरी' भनेर आफ्नी भनेको होइन, क्राइस्ट-जननीको नाम थापेको हुँ। मलाई थाहा छ, तिमी मेरी होइनौ, अरू कसैकी हौ।)

हर्मनको यो किताब यौन वेदनाको इतिहास हो। नारीहरू सदैव पुरुषको उत्पीडनमा परे, त्यो चल्तीको टपिक हो। तर, 'न' र 'र' को स्थान फेरेर बन्ने 'रानी'हरू सामान्य नारीभन्दा झन् पीडित हुन्थे भन्ने कल्पना कमैलाई हुन्छ। मलाई कहिलेकाहीं आभास हुन्छ, कुनै जन्ममा म सोफिया डोरोथियाहरू थिएँ र बाँचेकी थिएँ, कहिल्यै सुटिङ नगरिएको ट्राजिक सिनेमाको भद्दा जिन्दगी। हाम्रा प्रेमी फिलिप क्रिस्टोफहरू अहिले कता जन्मेका होलान् ? के मलाई जस्तै आभास उनीहरूलाई पनि हुन्छ ?

विपश्वी ! हाम्रा लोग्नेहरू बरन्डामा सिगार पिउँदै बस्थे, तल पटांगिनीमा घोडा-घोडीलाई क्रीडा गर्न लगाउँथे : तिनताकाको दरबारिया नीलो फिल्म। घोडक्रीडा हेरीहेरी आफ्नो लिबिडो उकास्थे अनि रापिँदै खोपीमा पस्थे। हामी निर्बस्त्र भएर तिनका आक्रमण पर्खिबसेका हुन्थ्यौं। राज्यको उत्तराधिकारीको जन्मका खातिर पनि बलात्कार जरुरी थियो। देशको सुरक्षाको सवाल जो थियो। जन्म र सुरक्षाका खातिर असुरक्षित जिन्दगी बाँच्नु नै स्त्रीको नियति भइआएको छ। तिनका लिंगले डामेको भागमा मलाई अचेल पनि दुखेको आभास हुन्छ। तीन सय वर्षसम्म दुख्ने त्यो कस्तो डमाइ हो ? के आइमाईहरू अझै डामिन्छन् ?

प्रेमले नभई कूटनीतिको करले भाषा र संस्कृति केही नमिल्ने राजालाई कलिली छोरी सुम्पन्थे, राजा। संवादसमेत असम्भव हुने यस्ता पार्टनरसँग जिन्दगीभर मुस्किलले एक दर्जन सहवास हुन्थे। भएका सहवास घोडाको बलमा हुन्थे। हर्मनको इतिहास पढ्दा तिमीलाई आफ्नै देशकी भृकुटी झल्कोमा आएकी हुन सक्छे। अनि, तिमीले सम्झेको हुन सक्छौ, स्रङचङ गम्पोको गोरुसिङ्गे जुँगा। राजनीतिक कोपभाजनमा यौवन र जीवन सुम्पने सबैले देशको विभूति हुने अवसर पाउँदैनन्। भृकुटी बरा भाग्यमानी हुन् !

मेरा लागि घोडा प्रेमको होइन, बलात्कार र घृणाको बिम्ब हो।

जेएम सिन्जेको नाटक पढ्नुपर्थ्यो केटाकेटीमा, *राइडर्स टू द सी*। आफ्नो वंश धान्ने अन्तिम छोरालाई हाटमा पठाउनुअघि उसकी बूढी आमाले सपनामा एउटा 'ग्रे पोनी' देख्छे। नभन्दै घोडाले पछारिदिएर उसको अन्तिम सन्तान समुद्रमा खस्छ र मर्छ। घोडा मृत्युको बिम्ब हो, विपश्वी ! आयरल्यान्डको त्यो टापुमा कसैले पौडन नसिक्दा रहेछन्। समुद्रमाथि आश्रित आदिवासीले पौडन नसिक्ने कुरा सुन्दा तिमीलाई अचम्म लागेको होला। तर, जब समुद्रमै डुबेर मर्ने पक्का हुन्छ, पौडन जान्नुभन्दा नजान्नु नै बेस हुन्छ। पौडन जान्नेहरूको मृत्यु बडो भयानक



पो हुन्छ समुद्रमा ।

मृत्यु र पानीको साइनोमा म इलियट सम्झन्छु । *द वेस्ट ल्यान्ड* बाजेको 'डेथ बाइ वाटर' च्याप्टरले मलाई सधैं छप्ल्याङ-छप्ल्याङवाला छटपटी हुन्छ । मलाई पानी यति मन पर्छ कि रोजेर पाइने भए म डुबेरै मर्न चाहन्थें । पानीमा डुबेरै मरेको हो कवि शेली (अरू मरुवाको लिस्ट *गुगलले* भन्ला) । म जस्तो डुलन्दास मर्ने भनेकै कि डुबेर हो कि टायरले कच्याक्क किचिएर हो या हिउँ-पैह्रोले छपक्कै पुरिएर । इलियटलाई पढेको राती नै मैले 'पानी' शीर्षकको कविता लेखेको थिएँ ।

वरिपरि खेलाएर सतत माछाहरू
अर्को जन्म छ भने कतै
मलाई पानी भएर जन्मने इच्छा छ
मेरो ईश्वर !
म तँलाई मैभित्र डुबेर मरेको हेर्न चाहन्छु ।

एकताका अल-क्वासा पालेको थिएँ, फार्म हाउसमा । फार्म हाउस आउनुअघि अल-क्वासाको नाम के थियो वा थिएन, मलाई थाह भएन । उसको मालिकले उसलाई पोखराको कुनै तथाकथित महोत्सवमा ल्याएर मान्छे बोकाएको थियो । आफ्नो कुप्रिएको पिठ्युँमा महोत्सवभर अनगिन्ती मान्छे बोकेर उसले मालिकका लागि पैसा कमाइदिएकी थिई । तर, उसको कमाइ बोकेर मालिक एक्लै राजस्थान फर्कियो, अल-क्वासा लावारिस भई । मौसम र हावापानी नमिल्ने यो उराठ सहर पोखराका व्यस्त सडकमा दिनरात भौंतारिएर मालिक खोज्दै दगुरी । नालाको कालो पानी पिउन थाली । डाला थापेर बेच्न बसेका बूढी आमाहरूका सागसब्जी खोसेर खाई । पर्खालमाथिबाट लामो घाँटी छिराएर किसानले जेनतेन हुर्काएका धानका बाला चपाउन थाली । अल-क्वासा सहरवासीका लागि घाँडो हुन थाली । ऊ दुई वर्ष सडकछाप भएर बाँची ।

'उद्दार' नामको लामै कथाको प्लट बुनेर बल्लतल्ल ल्याइपुर्‍याएको थिएँ अल-क्वासालाई फार्म हाउसमा । फार्म हाउसमा टेक्नेबित्तिकै ऊ भकाभक चर्न थालेकी थिई हरियो घाँस । दुई वर्षदेखि अघाउन्जी चपाउन नपाएको घाँसले पेट टुम्म पारेपछि बल्ल पल्टेकी थिई ऊ बालुवामा, चार खुट्टा फालेर ।

तर, अल-क्वासालाई एक वर्ष पनि बचाउन सकिनँ मैले । पानीमा डुबेर मरी । मैले आँखा झिमिक्क पनि गर्न नपाउँदै ऊ बद्र्याम्म खसेकी थिई, डेढ सय मिटर गहिरो विजयपुरको खोँचमा । म असहाय भएर हेरेको हेर्‍यै भएँ । बिचरीको लास पनि भेटिएन । साउनको बाढीले उन्मत्त विजयपुरमा डुबुलडुबुल गर्दै उसको यामानको शरीरबाट कसरी फुस्किएको थियो होला प्राणको मसिनो गाँठो ?

अल-क्वासालाई एक वर्ष पनि बचाउन सकिनँ मैले । पानीमा डुबेर मरी । मैले आँखा झिमिक्क पनि गर्न नपाउँदै ऊ बद्र्याम्म खसेकी थिई, डेढ सय मिटर गहिरो विजयपुरको खोँचमा ।

'बरू सडकमै लावारिस भएको भए ऊ अझै बाँचिरहेकी हुन्थी । मैले बेक्कारमा ल्याएछु ।' मृत्युशोकले विह्वल भएको मलाई सान्त्वना दिन आएका कृष्णमणि र शिव शर्मालाई सुकसुकाउँदै भनेको थिएँ मैले ।

'दुःखी भएर सय वर्ष बाँच्नुभन्दा सुखी भएर एक दिन बाँच्नु बेस ।' शिवले सान्त्वना पस्केको थियो । तर, के फार्म हाउसमा एक्ली अल-क्वासा साँच्चैको खुसी थिई ?

प्रिय विपश्वी ! अल-क्वासासँग भेटिनुअगाडि मलाई ऊँट देखेर डर लाग्थ्यो । तर, अचेल उल्कै माया लाग्छ ऊँटको । मलाई ऊँट सिकाएर गई ऊ । कुनै बखत राजस्थान पुगेँ भने उसको मालिकलाई दुई थप्पड गालामा चट्काउन मन छ । तर, मेरो थप्पड खानकै लागि उसको मालिक के अझै ज्यूँदै होला ?

हामी केटाकेटी ऊँटलाई मरुभूमिको घोडा भनेर पढ्थ्यौँ । अल-क्वासा मरेको रात सपनामा एउटा खैरो बछेडो अनि अर्को एकसिंगे युनिकोर्न पालैपाले हिनहिनाएका थिए । त्यो हिनहिनाहट विजयपुर खोलाको खोँचमा ठोकिन्थ्यो र गहिरो प्रतिध्वनि बनेर फर्किन्थ्यो । इको अर्थात् *नर्गिसकी* नायिका यति घनघोर उदासीमा उपस्थित हुन्छे भन्ने मैले कहिल्यै अनुमान गरिनँ । त्यो प्रतिध्वनि कुनै *लास्ट अफ् द मोहिकन्सको* कोरसजस्तो सुनिन्थ्यो । सपनामा घोडा हिनहिनाएको आवाज कसैले सुन्न नपरोस् ! बलात्कारको पीडा खप्न नसकेर पूरै युरोपेली रानीहरू एकसाथ चिच्याएको आवाजजस्तो लाग्छ, मलाई घोडा हिनहिनाएको स्वर ।

म १०/११ वर्षको हुँदो हुँ । घरमा आएको थियो एउटा खैरो-कालो गोरु । रङ अनुसारले नै उसको नाम थियो, गुरे । घरको पहिलो गोरु । तिनताका फागुन-चैततिर पोखराको टुँडिखेलमा गोरु मेला लाग्थ्यो । वरपरका किसानहरू आउँदो बर्खालाई ताकेर गोरु बेच्न ल्याउँथे । आमाले हिउँदभरि साग बेचेर कमाएको पैसाले ल्याउनु भएको थियो त्यसलाई । अर्को बर्खामा त जसै गोरु किनिछाड्छु भन्ने अठोट लिएर त्यो हिउँद पूरै घरबारीमा तरकारी लगाउनुभएको थियो आमाले । पुस-माघको ठण्डीमा राती अबेरसम्म हामी केटाकेटीसमेत मिलेर लसुन, प्याज, छ्यापी र साग पखाल्दै मुठा पार्ने काममा व्यस्त हुन्थ्यौं । एक खाँग्रे तरकारी पखालेपछि बल्ल सुतिन्थ्यो । हामी बिहान उठ्दा आमा ओछ्यानमा हुनुहुँदैनथ्यो, १५ किलोमिटर टाढाको बजारमा खाँग्रे बोकेर डुलिरहनुहुन्थ्यो । 'यो जाडोमा बूढी आमा कुन बेला उठेर हिँडेकी होलिन् ?' सोचेर मलाई रुन आउँथ्यो । कात्तिकदेखि फागुनसम्म रिठ्ठो नबिराई हरेक दिन तरकारी बेचेपछि बल्ल जगेडा भएको थियो अतिरिक्त १ हजार ६ सय अर्थात् गुरे गोरुको परल मोरु ।

दुःखले किनेको भएर होला, गुरे मलाई अहिलेसम्म पालेकामध्ये सर्वाधिक प्यारो जनावर लाग्छ । यसको भकारो सोहोर्दा, यसलाई कुँडो पकाउँदा, पराल थुत्दा वा चराउन भनेर माटेको खर्कमा लग्दा मलाई कहिल्यै दुःख लागेन । थकाइ लागेन । सात वर्ष लगातार हाम्रो परिवारको सेवा गरेर कात्तिकको एक साँझ गुरे बित्यो । शोकको त्यो साँझ हाम्रो घरमा भात पाकेन । त्यसपछि हाम्रो परिवारमा कुनै अर्को गोरु आएन । अब त गोरुको जमाना पनि गयो ।

म कहिलेकाहीँ सोच्छु, मेरी छोरीले पनि जनावरसँग जोडिएका गहिरा संवेदनाहरूबाट गुज्रने अवसर पाउली ?

प्रिय विपश्वी ! सिजन स्वस्थानीको छ । मन भने आफ्नो स्थानमा छैन । तिमीलाई प्रेमपत्र लेख्न बसेको म खोइ किन हो, जनावरका यादहरूमा अल्झिन पुगें । सायद मजत्तिको अस्थिर मान्छे जन्मिन बाँकी नै छ । त्यसो त संसारका कुनै पनि चीज स्थिर छैनन् । भएको भए पृथ्वी किन जन्मजात चक्कर काटिरहन विवश हुन्थी ? सूर्य आफैं रापिएर बस्न किन अभिशप्त हुन्थ्यो ? खोला बरा किन दौडिरहन्थ्यो ? आकाश किन वर्षिरहन्थ्यो ? किन मेरो जिन्दगीमा मान्छेभन्दा पनि गहन सम्बन्ध राखेर आउँथे, घोडा, ऊँट, गोरु र अनन्त जनावरहरू ? ◆

बन्द हुँदैछ फेसबुकको भर्चुअल एसिस्टेन्ट

तीन वर्षअघि सुरु भएको *फेसबुक*को भर्चुअल एसिस्टेन्ट फिचर एम अब बन्द हुने भएको छ । अहिले *एप्पल*, *गुगल*, *अमेजन* आदि जस्ता प्रविधिका मुख्य कम्पनी आर्टिफिसियल इन्टेलिजेन्समा केन्द्रित रहँदा *फेसबुक*ले आफ्नो पहिलो एआईमा आधारित फिचर भने हटाउने निर्णय गरेको छ ।

*फेसबुक*का अनुसार एमबाट उनीहरूले भविष्यमा आर्टिफिसियल इन्टेलिजेन्सलाई कसरी अझै प्रभावकारी बनाउन सकिन्छ भन्ने पाठ सिकेका छन् । र, यसबाट सिकेको पाठ उनीहरूले एआईका आगामी प्रोजेक्टमा लगाउने बताइएको छ ।

तीन वर्षसम्म *फेसबुक* एम बिटा भर्सनमै रह्यो । यो फिचर केही सीमित प्रयोगकर्ताले मात्रै चलाए । यो *फेसबुक* म्यासेन्जरमा प्रयोगकर्ताको पर्सनल एसिस्टेन्टका रूपमा चिनिन्थ्यो । प्रयोगकर्ताका कुराकानीका आधारमा यसले केही सुझाव पनि दिने गर्थ्यो । जस्तै : प्रयोगकर्ताबीच कतै घुम्न जाने कुराकानी भइरहेको थाहा पाएमा यसले सुझावका रूपमा उनीहरूलाई घुम्न लायक ठाउँहरूबारे जानकारी दिन्थ्यो ।

एम बन्द भए पनि यसको मुख्य फिचर *फेसबुक*को म्यासेन्जरमा जोडिएको छ, जुन सबैका लागि उपलब्ध पनि छ । अहिले म्यासेन्जरको च्याटका क्रममा कसैसँग कुनै निश्चित समय वा दिनमा भेट्ने कुराकानी भए त्यसका लागि रिमाइन्डर सेट गर्न सजेसन आफैं आउँछ । यो पहिला *फेसबुक* एमकै फिचर थियो ।

ल्यापटपबाटै कल र म्यासेज



ल्यापटपमा केही महत्त्वपूर्ण काम गरिरहेका बेला स्मार्टफोनमा आएको कल उठाउने वा म्यासेज गर्नुपर्ने काम कहिलेकाहीं झन्झटिलो पनि हुन सक्छ । तर, तपाई यदि डेलको ल्यापटप प्रयोग गर्नुहुन्छ भने यो अब समस्या रहेन । अब तपाईंले आफ्नो स्मार्टफोनलाई सीधै ल्यापटपमा कनेक्ट गरेर त्यहीं कल गर्ने, म्यासेज गर्ने लगायतका स्मार्टफोनका फिचर चलाउन सक्नुहुन्छ ।

यो फिचर यही महिनाबाट उपलब्ध हुने भएको छ । अब आउने डेलका हरेक ल्यापटपमा यो फिचर हुनेछ । र, डेलको एक्पीएस, भोस्ट्रो, एलियनवेयर र इन्सपिरन सिरिजका ल्यापटप प्रयोगकर्ताले डेलको आधिकारिक स्टोरबाट यो सफ्टवेयर निःशुल्क इन्स्टल गर्न सक्नेछन् ।

ल्यापटपमा सफ्टवेयर इन्स्टल भएपछि स्मार्टफोनको एप स्टोरबाट पनि एउटा एप डाउनलोड गर्नुपर्छ । स्मार्टफोनमा पनि एप

एमआई मिक्स टू

नेपाली बजारमा एमआईको नयाँ स्मार्टफोन मिक्स टू लन्च भएको छ । नेपालमा एमआई मिक्स टू ६३ हजार ९ सय ९९ रुपियाँमा उपलब्ध हुनेछ । यसमा फुल हाई डेफिनेसन (एचडी) प्लस गुणस्तरको डिस्प्ले छ । र, एमआई मिक्स टूको डिस्प्ले स्क्रिन ५.९९ इन्चको छ ।

नेपाली बजारमा

इन्स्टल भएपछि त्यहींबाट ल्यापटपसँग कनेक्ट गरिन्छ । त्यसपछि ल्यापटपमा स्मार्टफोनको छुट्टै सानो स्क्रिन देखिन्छ । र, त्यहींबाट स्मार्टफोन चलाउन सकिन्छ । एन्ड्रोइड प्रयोगकर्ताले यसरी कनेक्ट गरेपछि ल्यापटपमै स्मार्टफोनमा रहेका हरेक एप चलाउन सक्छन् । तर, आईओएसमा यी सबै फिचर उपलब्ध हुने छैनन् । आईओएस प्रयोगकर्ताका लागि डेलको मोबाइल कनेक्सनमार्फत कल गर्ने र म्यासेज पठाउने सुविधा भने उपलब्ध हुनेछ ।

यो स्मार्टफोन ६ जीबी न्यामको क्षमतामा उपलब्ध छ । यसको आन्तरिक मेमोरीको क्षमता ६४ जीबी छ । यसको अगाडिको भाग अन्य स्मार्टफोनको तुलनामा केही फरक देखिन्छ । यसको फ्रन्ट क्यामेरा तलतिर राखिएको छ । जबकि, अन्य स्मार्टफोनमा क्यामेरा माथिको भागमा रहन्छ ।

यसमा १२ र पाँच मेगापिक्सेलका दुई क्यामेरा छन् । १२ मेगापिक्सेलको रियर क्यामेराबाट कम लाइट भएको अवस्थामा पनि राम्रो फोटो खिच्न सकिने बताइएको छ । र, यसबाट फोर के गुणस्तरमा भिडियो रेकर्ड पनि गर्न सकिन्छ । एमआईका अन्य स्मार्टफोनमा जस्तै यसमा पनि फिंगर प्रिन्ट सेन्सर छ । र, त्यो रियर क्यामेराको ठीक तल राखिएको छ ।

डिस्प्लेमा पनि *गुगल* एसिस्टेन्ट

हालै सोनी, जेबीएल, एलजी र लेनोभोले नयाँ डिस्प्ले ग्याजेट ल्याएका छन् । यी ग्याजेटमा एउटा स्क्रिन र स्पिकर हुन्छ । यस्ता डिस्प्ले ग्याजेटमा फ्रन्ट क्यामेरा पनि हुन्छ । तर, यसको सबैभन्दा मुख्य फिचर *गुगल* एसिस्टेन्ट हो । डिस्प्ले ग्याजेट घर र अफिसका दुवैका लागि उपयोगी हुन सक्छन् ।

यी डिस्प्ले अमेजनका स्मार्ट स्पिकरसँग प्रतिस्पर्धा गर्न ल्याइएका हुन् । तर, स्मार्ट स्पिकरसँगै स्मार्ट डिस्प्ले जोडिनु यो गजेटले अमेजनको स्मार्ट स्पिकरलाई ठूलै चुनौती दिने देखिन्छ । यस्ता डिस्प्लेमा *गुगल* एसिस्टेन्ट भएका कारण प्रयोगकर्ताले यसलाई बोलेर कमान्ड दिन सक्छन् । जस्तै : आजको मौसमबारे सोधे यो स्मार्ट डिस्प्लेले स्क्रिनमा मौसमको विवरण देखाउँछ र बोलेर पनि सुनाउँछ । फ्रन्ट क्यामेरा पनि भएका कारण यसलाई अफिसमा कन्फरेन्स कल गर्नका लागि पनि प्रयोग गर्न सकिनेछ ।

यसलाई *युट्युब*बाट कुनै गीत बजाउन भनियो भने आफैँ बजाउँछ । जानुपर्ने कुनै ठाउँको नक्सा देखाउन भनियो भने स्क्रिनमा देखाउँछ । र, घरमा *गुगल* एसिस्टेन्ट प्रयोग भएका अन्य कुनै स्मार्ट होम डिभाइसहरू पनि यसैबाट सञ्चालन गर्न सकिन्छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

पहिले माम बल्ल काम

शब्द/तस्बिर : विमल खतिवडा

चितवनका विकट बस्तीमा पछिल्ला केही वर्षयता विभिन्न संघसंस्थाको ध्यान तानिँदै गएको छ । विद्यालय-निर्माण, खानेपानी सञ्चालन, आयआर्जनमुखी सीप विकास आदि उद्देश्यसहित व्यक्ति तथा संघसंस्था गाउँ पस्ने गरेका छन् । नयाँ अनुहार गाउँमा देखा पर्दा गाउँलेले अपेक्षा गर्छन्, पेटभरि खाना र न्यानो लुगा । गाउँले मनसाय बुझेका प्रायः संघसंस्थाले विकास-निर्माण आरम्भ गर्नुअघि भोजभतेर लगाउँछन् । भतेर खान गाउँभरिका मानिस एकै ठाउँमा भेला हुन्छन् । यो दृश्य इच्छाकामना गाउँपालिका-१ स्थित थाप्राङ गाउँको हो, जहाँ बालबालिका थाल थापेर खानाको पर्खाइमा छन् । भोकको आगो बोकेका गाउँले खाना खान तँछामछाड गर्छन् । भोक निभेपछि मात्र उनीहरू संस्थाका प्रतिनिधिको कुरा सुन्न तयार हुन्छन् ।

नफापेको आइटम

फिल्मलाई 'हाइप' दिलाउने प्रभावकारी अस्त्र हो, आटम डान्स । तर, *राज्जा रानी*मा रेखा थापाको आइटम डान्स छ भन्ने कसैलाई पत्तै थिएन । निर्माण पक्षले निकै गोप्य राख्यो । सायद दर्शकलाई 'सरप्राइज'का रूपमा प्रस्तुत गर्न चाहेको थियो । त्यसैले त प्रदर्शनको अघिल्लो दिन अर्थात् २० पुसमा मात्र *युट्युब*मार्फत गीत सार्वजनिक गरियो । तर, गिनेचुनेकी हिरोइन रेखाको आइटम दर्शक तान्न उपयोगी भएन । पाँच दिनमा यस गीतको नेपाली भर्सनले *युट्युब*मा एक लाख पनि भ्युज बटुलेन । अर्कातिर फिल्ममा सुरुआती दिनबाटै दर्शकको खडेरी लाग्यो, न त सकारात्मक प्रतिक्रिया नै पायो । त्यसो त *राज्जा रानी*मा आइटम मात्र होइन, महत्त्वपूर्ण चरित्र पनि रहेछ रेखाको । तैपनि, माखो मरेको भए पो !

सफलताको तिर्खा

म्युजिक भिडियोमा हिट भएपछि फिल्ममा फड्को मार्ने इच्छा कुन मोडललाई नहोला र ? पुष्प खड्कालाई पनि त्यस्तै रहर थियो । त्यसैले सहायक भूमिकामै सही, फिल्म *अझै पनि*मा काम गरे । तर, परिणाम सुखद आएन । फिल्म व्यावसायिक रूपमा निर्बल साबित भयो नै, पुष्पकै अभिनयले पनि प्रशंसा पाएन । तापनि, तुलसी घिमिरेले *दर्पणछाया २* मा मुख्य भूमिका दिएर उपकार गरे । घिमिरेजस्ता 'भेट्रान' निर्देशकसँग सहकार्य गर्न पाउनु आफैँमा सुखद थियो । तर, यो फिल्मको हालत *अझै पनि*को भन्दा फरक रहेन । छविराज ओझा निर्मित *मंगलम्*ले चाहिं आफ्नो मंगल गर्ने आशा थियो पुष्पको । विडम्बना ! यो फिल्म कहिले प्रदर्शन हुने टुंगै भएन । गत दसैंको फूलपातीमा रिलिज हुने भनिएको थियो, *छक्का-पञ्जा २* का कारण ४ फागुनमा पुग्यो । यो मितिमा दयाहाङ राई अभिनीत *कान्छी* आउने भएपछि *मंगलम्*को प्रदर्शन फेरि अनिश्चित भएको छ । भलै, नयाँ रिलिज मिति २५ फागुन तोकिएको छ । यता *मंगलम्* सरेको सऱ्यै, उता पुष्प कुरेको कुऱ्यै । क्या फसाद !

उत्साहको हरण

मिरूना मगरको डेब्यु फिल्म *लालपुर्जा* ४ माघमा प्रदर्शन हुँदैछ । तर, मिरूनाको मुहारमा मुस्कान छाउन सकेको छैन । किन त ? कारण अनेक छन् । पहिलो, निर्माताबीचको मनमुटावका कारण फिल्मको पर्याप्त प्रचार-प्रसार हुन सकेको छैन । त्यसमाथि ट्रेलर र गीतले आशातीत चर्चा बटुलेन । अर्कातिर मुख्य भूमिकामा सौगात मल्ल र विपिन कार्की छन् । निर्माण पक्षले जति प्रचार गरेको छ, त्यसमा यी अभिनेता मात्र हाबी छन् । मिरूना त बेवास्ताको सिकार । यसभन्दा नमीठो कुरा अर्को छ, *लालपुर्जा*का निर्देशक निगम श्रेष्ठ । जो मिरूनाकै कारण फिल्म *लाउरे*बाट निकालिएका थिए, ७० प्रतिशत छायाङ्कन सकिएपछि । यही शीतयुद्धले हुनुपर्छ, न मिरूना आफैं प्रमोसनमा दिल खोलेर लागेकी छन्, न उनलाई 'भाउ' नै दिइएको छ । अनि, उत्साही हुनु पनि कसरी ? ◆

अश्लेषा अब कता ?

प्रेमगीतबाट पूजा शर्माले तारिफ बटुलिन् तर *प्रेमगीत* २ मा पूजालाई 'रिप्लेस' गरिन्, अश्लेषा ठकुरीले । यत्ति भएपछि के चाहियो, अश्लेषा सबैको नजरमा परिहालिन् । आक्रामक प्रचारप्रसारका बीच *प्रेमगीत* २ प्रदर्शन भयो । प्रमोसनका क्रममा उनी आफैं 'मार्डरोव मालफंक्सन'को विवादमा परिन् । धन्न ! फिल्मले नेपालबाट करिब-करिब लगानी उठायो । यसको मतलब अश्लेषाको करिअरले गति लिनुपर्ने हो । तर, कहाँ त्यस्तो हुनु र ? *प्रेमगीत* २ प्रदर्शन भएको पाँच महिना बितिसक्यो, अश्लेषा अर्को फिल्ममा अनुबन्ध भएको खबर सुनिएको छैन । जबकि, उनीसँगै स्क्रिन सेयर गरेका हिरो प्रदीप खड्काले *लिलीबिली*को सुटिङ भ्याइसके । अन्य फिल्मबाट पनि अफरको ओइरो छ । तर, अश्लेषाचाहिं बिस्तारै ओझेलमा परेको आभास हुन थालेको छ । ◆

तस्बिर : महेश प्रधान

★★☆☆☆

कबड्डीकै धङधङी

गोकर्ण गौतम

नयाँ सन्दर्भ, परिवेश र शैलीका कथा भन्नु निर्देशकको पेसागत दायित्व र नैतिक जिम्मेवारी हो । रामबाबु गुरुङले *कबड्डी*मार्फत यस्तै सिर्जनशील निर्देशकका रूपमा उपस्थिति जनाए, मौलिक कथालाई हास्य स्वादमा पस्किएर । *कबड्डी कबड्डी*मा त्यही शैलीलाई दोहोर्‍याए । हल्का बासी लागेकै हो, सिक्वेल हुनुको नाताले त्यो पाच्य रह्यो । दुई वर्ष बित्यो । तर, अझ *कबड्डी*को धङधङीबाट मुक्त हुन सकेका रहेनछन् । उनको नयाँ फिल्म *मिस्टर झोले* हेर्दा जो-कोहीलाई यस्तै लाग्छ । जबकि, यसको *कबड्डी*सँग कुनै सरोकार छैन । तीन वर्षअगाडि प्रदर्शित *झोले*को सिरिज हो यो । तर, लेखक/निर्देशक रामबाबुले *मिस्टर झोले*लाई ताजगी दिलाउन चाहेनन्/सकेनन् । हास्य रसका संवादबाट दर्शकलाई सान्त्वना दिने काइदामा चाहिँ गुरुङ निपुण लाग्छन् ।

दर्जीको छोरो कर्णे (प्रवीण खतिवडा) सुवेदारकी छोरी नानीमैयाँ (दिया पुन)लाई मन पराउँछ । नानीमैयाँको दिलचाहिँ पूर्णे (दयाहाङ राई)तिर छ । मनमा एक-अर्कालाई माया गर्ने भए पनि नानीमैयाँ र पूर्णे झगडा गरिरहन्छन् । औँसीमा जन्मिएकाले नानीमैयाँसँग कोही बिहे गर्न मान्दैनन् । उनका बाबुलाई यही चिन्ता छ । उता, शिक्षक गुणबहादुर (बुद्धि तामाङ)को मन चोरेकी छन्, मिस कमली (वर्षा राउत)ले । उनीहरूको बीचमा आइपुग्छन्, सहरबाट एक फिरन्ते गुन्डा (विजय बराल) । यिनै दुई प्रेमकथामा आउने उकालीओरालीसँगै फिल्म सकिन्छ ।

सुरुमै भनिहालौँ, यो फिल्म बनाउनुको एउटै उद्देश्य देखिन्छ, जसोतसो दर्शकलाई 'होल्ड' गर्ने । पात्र र घटनामार्फत नवीनताको अनुभव गर्ने मौका पाइन्न । प्रश्न आउँछ, कसरी ? जवाफका लागि *कबड्डी*कै प्रसंग उप्काउनुपर्ने बाध्यता आइलाग्छ किनभने कथाको सेटिङ र पात्रको समीकरणमा उल्लेखनीय भिन्नता छैन । फरक भन्नु लोकेसन मुस्ताङबाट कास्की पुगेको छ । बाँकी उही-उही । जस्तो : दयाहाङको स्वभाव *कबड्डी*कै काजीको जस्तै छ । पहिले दयाहाङ, बुद्धि र विजय सँगसँगै रक्सी पिउँथे । *मिस्टर झोले*मा विजय 'आउट' भएका छन् । यो ग्याङमा प्रवीणको प्रवेश भएको छ । बुलेट बाइक लिएर गाउँ छिर्ने विजयको चरित्रले *कबड्डी*का निश्चल बस्नेत र *कबड्डी कबड्डी*का सौगात मल्लको याद दिलाउँछ । प्रवीणको फिल्मी हुलिया र स्टाइल पनि निश्चल र सौगातबाटै सापटी लिइएको हो । कमलमणि नेपाल यसमा पनि दलित नै हुन् । *कबड्डी*की मैयाँ र *मिस्टर झोले*की नानीमैयाँ कसलाई उस्तै नलाग्ला ?

*कबड्डी*लाई चटक्कै भुलेर *मिस्टर झोले*लाई नियाल्ने हो भने पनि टाउकोमा हात राख्नुपर्ने अवस्था छ । मुख्य पात्रलाई आत्मसात् गर्ने पर्याप्त आधार छैन, न तिनको पृष्ठभूमि नै बलियो र विश्वसनीय छ । बैंकले घर लिलामी गर्न लाग्दासमेत लक्काजवान पूर्णेलाई फिटिक्कै वास्ता छैन । गाउँकै स्कुलमा पढाउने शिक्षक गुणबहादुर बिहानै रक्सी धोक्छ । कमली मिस घरी शिक्षकतिर लागेजस्तो लाग्छ, घरी फिरन्ते गुन्डातिर । नानीमैयाँलाई रिस मात्र उठ्छ । कर्णेको काम प्रेम गर्नेबाहेक अर्को छैन । आफ्नै अगाडि खुकुरी लिएर मार्न लखेट्दा पनि प्रहरी वाल्ल परेर बस्छ । दृश्यबाटै पात्र र घटनाक्रम छर्लंग हुन्छ तैपनि सूत्रधारको सहारा लिइएको छ, जुन आफैँमा लज्जास्पद लाग्छ ।

फिल्ममा सबल पक्ष पनि उत्तिकै छन् । जस्तो : यो कुनै विदेशी फिल्मबाट प्रभावित छैन । पूरापूर नेपाली स्वादकै छ । पात्र, तिनका हुलिया, मनोविज्ञान, स्वभाव मौलिक लाग्छ । फिल्म कमेडी जनराको हो । तर, हँसाउनकै लागि जबर्जस्ती दृश्य थोपरिएको छैन । न त घिनलाग्दा द्विअर्थी संवाद नै छन् । बरू, रसिला संवाद र स्वाभाविक अभिनयमार्फत दर्शकको मुहारमा मुस्कान छाउँछ । साधारण पात्रका साना सपनालाई प्राथमिकता दिइएको छ । अनावश्यक 'अड् एंगल'लाई निषेध गरिएको छ । 'ओखती...' गीत मिठासपूर्ण मात्र होइन, सान्दर्भिक पनि छ । दयाहाङ ठीकठाक मात्र छन् । प्रवीणको चरित्र र अभिनय आकर्षक छ । टोले गुन्डाका रूपमा विजयले सम्झनलायक काम गरेका छन् । बुद्धिले केही नयाँ गर्ने जमर्को गरेका छन् । यही अनुपातमा महिला चरित्र खासै जमेका छैनन् । रामबाबुले बलिउड वा अन्य सूत्रलाई पछ्याएनन्, त्यो सकारात्मक हो । तर, आफ्नै सूत्रमा रमाउन थालेका छन्, यो पनि प्रत्युत्पादक नै हुन्छ । सर्जक कुनै सूत्र र घेरामा सीमित हुनुहुन्न । कम्तीमा रामबाबुप्रति त्यो अपेक्षा गर्न सकिँदैन ।

कबड्डी सिरिज र दयाहाङका फ्यानका लागि हो, *मिस्टर झोले* । जसोतसो 'टाइमपास' हुन्छ । तर, कथा र प्रस्तुतिमा नयाँपन खोज्ने दर्शकचाहिँ निराश हुन्छन्, निःसन्देह । ◆

अचानक

'फिल्ममा मधेसको अनुहार बल्ल देखिँदैछ'

५० को दशकदेखि नै नाट्य क्षेत्रमा सक्रिय नाम हो, **रवीन्द्र झा** । दुई दशकभन्दा बढी समय नाटकमा बिताएका झा दुई वर्षदेखि फिल्मी क्षेत्रमा सक्रिय छन् । *जात्रा*पछि उनको चर्चा चुलिएको छ । झा अभिनीत *शेरबहादुर* रिलिजको तयारीमा छ । तीन फिल्ममा अनुबन्धित भइसकेका व्यस्त कलाकार झासँगको कुराकानी :

अधिकांश नाट्यकर्मीहरू नाटक खेल्दाखेल्दै चाँडै फिल्मी पर्दामा आएका छन् । तर, तपाईंलाई त नाटकबाट फिल्ममा फड्को मार्न लामो समय लाग्यो नि ?

म जनकपुरमै बसेर नाटक खेलेँ । केही समय इटहरी बसेँ । दुई वर्षअघि मात्रै एन्टेना फाउन्डेसनको रेडियो नाटक निर्माता बनेर काठमाडौँ आएँ । धेरै समय काठमाडौँबाहिर बसेकाले ढिलो भयो ।

ठूलो पर्दामा देखिन पनि काठमाडौँ बस्नैपर्ने रहेछ ?

फिल्म खेल्ने भएपछि निर्देशक र कलाकारबीच भेटघाट, छलफल भइरहनुपर्छ । बाहिर बस्ने कलाकार लिँदा फिल्मको लागत बढ्छ । किनभने, उसलाई बोलाएर होटलमा राख्नुपर्छ । निर्देशकले भनेको बेला कलाकार नआउन पनि सक्छ । यी कुरा काठमाडौँमा बस्दा सहज हुन्छ ।

काठमाडौँबाहिर बस्दा फिल्म खेल्न अफर आएन ?

राम्रा फिल्म खेल्ने प्रस्ताव आएन ।

राष्ट्रिय अनुसन्धान विभागको जागिर किन छोड्नुभएको ?

अनुसन्धानको जागिर बुबाले लगाइदिनुभएको थियो । ड्युटीका बेला रेडियोमा नाटक प्रसारण हुँदा म निकै आकर्षित हुन्थेँ । जागिरमा मनै अडिएन ।

बुबाले कत्रो बल लगाएर जागिर लगाइदिनुभएको थियो होला । चटक्कै छोड्न सक्नुभयो ?

कहाँ सजिलै छोड्नू ! 'पेट पाल्न सरकारी जागिर नै खानुपर्छ' भनेर परिवारमा सबै रिसाए । बुबा त बोल्दै बोल्नुभएन । १५ दिन एकोहोरो कचकच गरेपछि 'लौ त जे गर्छस् गर' भन्नुभयो र नाटक पढ्न दिल्ली गएँ ।

दिल्लीको आदि नाट्य दृष्टिमा के सिक्नुभयो ?

सुरुमै त्यहाँ कडा शारीरिक व्यायाम गरायो । जिमखानामा पनि त्यति कडा व्यायाम हुँदैन होला । त्यो देखेर कस्तो नाटक सिक्न आइएछ जस्तो लाग्यो । किनभने, मलाई नाटक खेल्न यस्तो व्यायामको आवश्यक हुन्छ भन्ने थाहै थिएन ।

त्यस्तो व्यायाम किन सिकाइएको रहेछ ?

नाटकमा 'बडी'को विभिन्न आकृति बनाएर अभिनय गर्नुपर्छ । बाँदरको दृश्य देखाउनु परेमा आफ्नो शरीर सोही आकृतिमा ढाल्नुपर्‍यो । नाटकमा शरीरका अंगलाई एकदमै लचकदार बनाउनुपर्छ । यसका लागि व्यायाम अनिवार्य रहेछ । यस्तो व्यायाम नेपालमा धेरै पछि सुरु भएको हो । अझै पनि त्यहाँको जस्तो छैन । मैले पहिलो वर्ष उत्कृष्ट गरेपछि दोस्रो र तेस्रो वर्ष छात्रवृत्ति पाएँ ।

त्यो सीप नेपालमा उपयोग गर्ने वातावरण थियो ?

मैले पढाइ सकेर आएपछि मिथिला नाट्य कला परिषद्का नाटकमा प्रयोग गरेँ ।

नाट्य कलाकारलाई त्यसबेला मधेसी समाजमा कस्तो रूपमा हेरिन्थ्यो ?

मधेसी समुदायमा डाक्टर, इन्जिनियर बन्नुपर्छ भन्ने दृढ मान्यता थियो, छ । नाटक खेल्नेलाई नौटंकी गर्‍यो भनिन्थ्यो ।

अनि, अहिले नि ?

अहिले त मेरा छोराछोरीलाई पनि कलाकार बनाइदिनुपर्‍यो भन्दै गुहार्न आउँछन् ।

फिल्म/नाटक छान्दा तपाईंको बटमलाइन के हुने गर्छ ?

त्यो 'क्यारेक्टर'मा म उपयुक्त छु कि छैन भनेर हेर्छु । त्यसपछि दर्शकले यो भूमिकामा मलाई पचाउँछन् कि पचाउँदैनन् भन्ने सोच्छु ।

फिल्म र नाटकको अभिनयको फरक के हो ?

फिल्ममा हरेक कुरा निर्देशकको वशमा हुन्छ भने नाटकमा चाहिँ कलाकारकै हातमा । किनभने, फिल्ममा संवाद, हाउभाउ बिग्रियो भने सच्याउन पाइन्छ, नाटकमा पाइन्न ।

फिल्ममा पाइला टेक्नासाथै तपाई भटाभट अनुबन्धित हुन थाल्नुभयो । धेरै फिल्म खेल्दा अभिनयमा असर गर्दैन ?

आफ्नो काम नै यही हो । भ्याएसम्म खेल्नैपर्‍यो नि ! त्यो भनेर जस्तो पायो, त्यस्तै फिल्मचाहिँ खेल्दिनँ ।

मधेसमा नेपाली भाषाका फिल्मप्रतिको आकर्षण कत्तिको छ ?

५० को दशकअघिसम्म राम्रो थियो । त्यसपछिको एक दशक नेपाली फिल्म हेर्न छोडियो र हिन्दी बढी हेरिन थालियो । ६० को दशकमा भोजपुरी फिल्मले थिच्यो । दुई वर्षयता भने नेपाली फिल्म हेर्ने दर्शक बढ्दै छन् ।

बढ्नुको कारण के होला ?

फोटो खिचेपछि पहिले म कहाँ छु भनेर आफूलाई हेर्छौं । फोटोमा तपाईंको अनुहार नै छैन भने किन हेर्ने ? नेपाली फिल्ममा मधेसको अनुहार थिएन, अब बिस्तारै समेटिन थालिएको छ ।

॥ मनबहादुर बस्नेत

॥ पर्वत पोर्तेल

दुर्व्यवहार, बक्सिस र घूस

अंग्रेजी नयाँ वर्षको अघिल्लो दिन बंगलादेशको यात्रा तय भयो । ढाकामा प्रत्येक वर्ष आयोजना हुने ढाका इन्टरनेसनल ट्रेड फेयर यसपालि विशेष रह्यो । नेपालको प्रतिनिधित्व गर्दै फरक-फरक समयमा ४० जनाभन्दा बढी नेपाली व्यवसायी र पत्रकारहरू फेयरमा सहभागी थिए ।

तर, ढाका यात्राको बोहनी नै बिग्रियो । काँकडभिट्टाको अध्यागमन कार्यालयका कर्मचारीको दुर्व्यवहारको सिकार हुनुपर्‍यो । अघिल्लो महिना झापाका व्यवसायीसँग छलफलका लागि आएका बंगलादेशस्थित नेपाली राजदूत डा चोपलाल भुसालले पनि काँकडभिट्टामै दुर्व्यवहार बेहोरेको गुनासो गरेका थिए । नभन्दै आफ्नै देशको या भनौं गाउँको अध्यागमनमा दुर्व्यवहार बेहोर्नुपर्‍यो । खासगरी कृष्णप्रसाद सिग्देल नामका एक कर्मचारीका कारण । भारत तथा तेस्रो देशका पर्यटक भित्रिने नाकाका कर्मचारीको 'एटिच्युट'ले दिक्क पार्‍यो । मैले सोधेँ, "हाकिम साप हुनुहुन्छ ?" उनले भने, "किन चाहियो ? हाकिम मै हुं ।" उनको व्यवहार देखेर रिस उठ्नु स्वाभाविक थियो । तर, मैले संयमता अपनाएं । सोचेँ, राजदूतलाई त दुर्व्यवहार गर्ने कर्मचारीले मलाई के बाँकी राख्थे ।

जसोतसो पासपोर्टमा 'एक्जिट' स्ट्याम्प लगाएर मसहितको टोली भारत छिर्‍यो । भारत र बंगलादेश दुवै देशका अध्यागमनले इन्ट्री समयमा राम्रै व्यवहार प्रदर्शन गरे । तर, जब यात्रा सकिएर हामी फर्कियौं, त्यस बेलाचाहिं अचम्मै लाग्यो । बंगलादेशको बंगलाबन्ध अध्यागमनका कर्मचारीले 'एक्जिट' गर्नुअघि 'बक्सिस' मागे । हाम्रातिर कर्मचारीले माग्ने 'चिया खर्च'लाई बंगलादेशमा बक्सिस भनिँदो रहेछ । मैले पत्रकारका रूपमा परिचय दिएपछि ती कर्मचारी हच्किन त हच्किए तर दुई सय टाका बक्सिस नदिई धेरै पाइएन ।

रोहिंगाप्रति यो कस्तो रिस ?

बंगलादेशको पञ्चगढबाट ढाकाका लागि बस चढ्दा रातीको ९ बजिसकेको थियो । स्यामली कम्पनीको बसमा यात्रा सुरु भयो । बंगलादेशको गाडी हँकाइचाहिं साह्रै डरमर्दो । एक जना सहयात्री भन्दै थिए, "बंगलादेशको गाडी यात्रामा बँचेर आएको यात्रु संसारको कुनै पनि देशमा यात्रा गर्न डराउँदैन ।"

बंगलादेशमा एउटै चालकले रातभर गाडी हाँक्ने रैछ । हाम्रातिर जस्तो चालक फेरिने रहेनछ । राती गाडी हाँक्ने चालक रातभर जाग्राम त बस्नै पर्‍यो । तापनि, दुर्घटना तुलनात्मक रूपमा ज्यादै कम । हाम्रा गाडी चालक अधबैंसे उमेरका थिए । उनी पानका यस्ता पारखी रहेछन्, चपाइसक्दा नसक्दै अर्को चाहिहाल्ने । उनलाई पान सर्भ गर्नेका लागि सहयोगी पनि रातैभर जागा देखिन्थे । सहयोगी निदायो कि चालक भनिहाल्थे, 'ए साला रोहिगा उठो ।'

ती चालकको एउटा थेगो बडो रोचक लाग्यो । रिस उठ्यो कि 'साला ! रोहिगा' भनिहाल्ने । रोहिंगाहरूको बंगलादेश आगमनबाट यिनी यति आक्रोशित रहेछन् कि मानौं रोहिंगाहरू यिनको देशमा सौता लाग्न आएका हुन् । म्यानमारबाट हालसालै भागेर बंगलादेश पसेका रोहिंगाहरू खास गरी कक्सेस बजार आसपासमा आश्रित छन् । बंगलादेशको सरकार र सुरक्षा निकायले यिनीहरूको अवैधानिक प्रवेशविरुद्ध कडा निगरानी बढाएको रहेछ । बंगलादेशमा हाल करिब सात लाख रोहिंगा शरणार्थीका रूपमा आश्रित छन् ।

कक्सेस बजारबाट ढाका फर्कने क्रममा एक बुर्काधारी महिला हाम्रै गाडीमा चढिन् । मेरो पछिल्लो सिटमा उनी बसिन् । ढाका पुगुन्जेल दुई जनाको सिटमा उनी एक्लै थिइन् । कसले गलत सुराकी गर्‍यो कुन्नि, ढाका पुगुन्जेल उनलाई तीन-चार ठाउँमा प्रहरीले सोधपुछ गर्‍यो । उनले बिनाकाम दुर्व्यवहार भोग्नुपर्‍यो । सायद सुराकीले उनलाई रोहिंगा ठानेर सुरक्षा निकायमा सुराक गरेको थियो होला । एउटा सामान्य गाडी चालकमा त रोहिंगाप्रति त्यो आक्रोश थियो भने सिंगो मुलुकका लागि 'टाउको दुखाइ' नहुने कुरै भएन । तर, रोहिंगाहरूले पनि बाध्य भएर आफ्नो मुलुक छाडेको कुरा कसले सम्झाइदिने ? शरणार्थी हुने रहर कसैलाई हुंदैन ।

सुनभन्दा महँगो ढुंगा

ढुंगा नभएको देश कुन होला भनेर सामान्य ज्ञानमा भलै प्रश्न त बनेको छैन होला । तर, बंगलादेश दक्षिण एसियाको यस्तो मुलुक रहेछ, जहां ढुंगा छँदै छैनन् भन्दा पनि हुन्छ । हाम्रातिर जहांतहीं पाइने सानातिना ढुंगा पनि यहांको जमिनमा देखिएन । "सुनभन्दा महँगो छ ढुंगा," बंगलादेशी पत्रकार सैफुल आलम बाबु भन्दै थिए, "बंगलादेशमा ढुंगाको महत्त्व धेरै छ ।"

ढुंगाविहीन यो देशले विकास निर्माणका लागि भारत, भुटान र दक्षिण अफ्रिकासम्मबाट ढुंगा आयात गरिरहेको रहेछ । विगत लामो समयदेखि उसले माटोले बनेका इंटालाई टुक्र्याएर गिटीका रूपमा पनि प्रयोग गरिरहेको थियो । तर, सन् २०११ बाट भारतले समेत फूलबारी-बंगलाबन्ध मार्गबाट व्यापार सुरु गरेपछि मात्रै ढुंगा आयात गर्न थालेको हो । "सन् २०११ अघि बनेका अधिकांश घर तथा विकास निर्माणमा ढुंगाको प्रयोग भएको पाइँदैन," पञ्चगढका पत्रकार सफिक आलम भन्दै थिए, "त्यही भएर बंगलादेशी घरहरू बलिया छैनन् कि जस्तो लाग्छ ।"

भारत, भुटान र अफ्रिकाको ढुंगा पर्याप्त रहेनछ । त्यसैले नेपालले पनि ढुंगा पठाओस् भन्ने बंगलादेशको चाहना देखियो । ढुंगा आयातको वातावरण मिलाइदिन भन्दै धेरै बंगलादेशी व्यवसायी नेपाली दूतावास धाइरहँदा रहेछन् । नेपाली राजदूत डा चोपलाल भुसाल भन्छन्, "यहाँ आउने सयमध्ये ९० जना व्यवसायीको माग ढुंगाको निर्यात खोलिदिए हुन्थ्यो भन्नेमै केन्द्रित हुन्छ ।"

क्रसर माफियाहरूका कारण चुरेको चरम दोहन जारी छ । अब फेरि बंगलादेशका लागि ढुंगा निकासी खोल्ने हो भने चुरेको हाल के होला ? ♦

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

AGNI GROUP

Agni Incorporated Pvt. Ltd.
Panipokhari, Kathmandu, Tel: 01–4006711/4006712
Patan, Lalitpur Tel: 01–5532641/5532328
Branch: Birgunj, Tel: 051–521456/534258, Fax: 051–534259; Bhairahawa, Tel: 071–429342; Itahari: 025–585742; Kohalpur, Mob: 9848724853

Balaju Auto Works Pvt. Ltd.
Workshop: Balaju Industrial Area, Tel : 01–4350994
Spare Parts Outlet: Balaju Ring Road, Kathmandu, Tel: 01–4352806/4384176; Teku, Kathmandu, Tel: 01–4253635
Authorized Service Center: (Inside Kathmandu Valley) Balkhu Tel: 01–4277864; Jorpati Tel: 01–4910533; Balkumari Tel: 01–5186180; Gaushala Tel: 01–4478502; Sinamangal Tel: 01–4116618; Bafal, Tel:01–4302828; Dhumbarahi: 01–4009123
(Outside Kathmandu Valley) Bardibas Mobile: 9801627781, Charikot Mobile: 9843422525; Hetauda Tel: 057–524341; Lahan Tel: 033–562411; Dhading Besi Tel: 010–521024

Authorized Dealers & Service Center: Sakushal Trade Link Pvt. Ltd., *Birtamod 023-541114,* **Royal Auto Enterprises,** *Biratnagar 021-461178,* **Royal Motors Traders,** *Dharan 025-523068,* **Usha Enterprises Pvt. Ltd.,** *Rajbiraj 031-522666, Lahan 033-562411, Katari 035-450399,* **Shree Krishna Distributors Pvt. Ltd.,** *Jankapur 041-528881, Sindhuli 047-520094,* **Silvia Auto Enterprises Pvt. Ltd.,** *Lalbandi 046-501110,* **Central Auto Zone Pvt. Ltd.,** *Bharatpur 056-522168, Hetauda, Makwanpur 057-524953,* **Batas Brothers Pvt. Ltd.,** *Pokhara 061-532468, Dumre 056-580259, Baglung 9856033606, Hatiya 068-410003, Beni 069-521099, Gorkha 064-421571,* **Karki Multi Trading Concern Pvt. Ltd.,** *Charikot, Dolakha 049-421402,* **Shrestha Auto Concern Pvt. Ltd.,** *Banepa, 011-664302,* **Lok Sushila Auto Concern Pvt. Ltd.,** *Butwal 071-545986, Kawasoti 9857040391, Tansen 9857062131, Tamghas 9802620965, Sandhikharaka 9802620968,* **Kala Incorporated Pvt. Ltd.,** *Dhading 010-520660,* **Samriddhi Enterprises Pvt. Ltd.,** *Bhairahawa 071-527254, Ghorahi 082-560278, Birendranagar, Surkhet 083-525270,* **Bhusal International Pvt. Ltd,** *Nepalgunj 081-551599,* **Dakshinkali Incorporated Pvt. Ltd.,** *Dhangadhi 091-416058, Dipayal 094-412281,* **Option Nepal Pvt. Ltd.,** *Mahendranagar, Mahakali 099-520856*

GENUINE MAHINDRA FOUR WHEELERS SPARE PARTS
Mahindra MAXIMILE Genuine Lubricants
Mahindra GENUINE ACCESSORIES

www.onlineagni.com **Email:** onlineagni@agniinc.com.np www.agnigroup.com.np twitter/GroupAgni instagram/AgniGroup facebook.com/AgniGroupNepal